साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क १८ ✪ १२ जेठ २०८३, मङ्गलबार ✪ 26 May 2026, Tuesday ✪ मूल्य रू. १०।-

## सिद्धान्त र विचारले नभिजेका सांसदहरू व्यक्तिगत स्वार्थमा केन्द्रित हुने

क्रान्तिकारी विचार नभएका, भित्री हृदयदेखि नि:स्वार्थ रूपले देश र जनताको सेवा गर्ने भावना नभएका कुनै पनि दलको सरकारले देशमा आमूल परिवर्तन गर्दैन; जनतालाई राहत महसुस हुने काम गर्दैन। नयाँ सरकारले काम देखाउन स-साना सुधारात्मक योजना ल्याएर काम थालनी गर्नु स्वाभाविक हो। रास्वपाको नेतृत्वमा सरकार बन्नुभन्दा अघि पनि ठुलठुला दल मिलेर झन्डै दुईतिहाइ मत प्राप्त सरकार बनेको थियो; नेकपा एमाले, माओवादी र काङ्ग्रेसहरू गठबन्धन गरेर पालैपालो सरकारको नेतृत्व गरिएको थियो। तर, ती कुनै पनि सरकारले मौलिक परिवर्तन ल्याउनेतर्फ पाइला चालेनन्। अहिले बनेको सरकार पनि परिवर्तन चाहने सरकार होइन।

सरकार सम्हालेको थोरै समयमै काम गरेको देखाउन यो सरकारले स-साना सुधारात्मक काम गऱ्यो। सरकारले काम देखाउन जति काम गरेको हो; त्यो सबै विवादित रह्यो। बिनाछलफल र गृहकार्य हचुवाको भरमा निर्णय गरेको कारण सरकारको व्यापक विरोध भयो। एसईईको नतिजा, नयाँ भर्ना, दुई दिनको बिदा र बिनातयारी सुकुमवासी बस्ती भत्काउने आदि विषयमा विवाद भयो।

विनासल्लाह, विनासरकारी निर्णय प्रधानमन्त्री बालेन्द्र साहले सुकुमवासी बस्ती भत्काउँदा कति रास्वपाका सांसदहरू नै विपक्षमा रहे। सरकारले सुकुमवासीको नाउँमा बस्ती बसालेका व्यक्तिहरूको घर भत्काउन त थाल्यो तर रास्वपाबाट निर्वाचित सांसदहरूको अनियमित घर भत्काउन वर्तमान सरकार लागेन। यो सरकारको विभेदपूर्ण कार्य हो। सरकारले यसरी विभेद गर्नु हुँदैनथ्यो। विगतमा सरकारले स्वास्थ्योपचारमा मन्त्री, सांसदहरूलाई पैसा बाँड्ने काम गर्थ्यो; कार्यकर्तालाई पैसा बाँड्ने काम गर्थ्यो; पार्टी कार्यालय बनाउन सार्वजनिक जग्गा दिन्थ्यो; गाडी सुविधा हुन्थ्यो। यो नयाँ सरकारले कहिलेदेखि पार्टीले प्राप्त गरेको मतको आधारमा देशको राजस्वमा आँखा गाड्ने हो ? थाहा छैन। यो सरकारमा पनि दम्भ देखिन थालेको छ। पहिले दम्भकै

बाँकी पृष्ठ ११ मा

## बिजुक्छैँद्वारा मौलिक सम्पदा संरक्षणलाई प्राथमिकता दिनु सुझाव




भक्तपुर। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैँ (रोहित) ले भक्तपुर नगरपालिकाबाट पुन:निर्माण सम्पन्न गरेको भक्तपुर नपा वडा नं. ४ मङ्गलाछेँस्थित हाडा छेँको मूल ढोकाको रिबन काटेर जेठ ६ गते उद्घाटन गर्नुभयो।

सो अवसरमा उहाँले लामो समयदेखि जीर्ण अवस्थामा रहेको हाडा छेँ पुन:निर्माण सम्पन्न हुनु आफैमा गौरवको विषय भएको बताउँदै यस्ता पुराना संरचनाले हाम्रो इतिहास र सभ्यताको परिचय दिने कुरा प्रस्ट्याउनुभयो। उहाँले भक्तपुर नगरपालिकाले यस्ता मौलिक घरहरूलाई आगामी दिनहरूमा पनि म्हास्न नदिई सम्पदा संरक्षणलाई प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्छ भन्नुभयो।

उहाँले भक्तपुरको मौलिक संस्कृति, सम्पदा र परम्परालाई जोगाउनु हाम्रो दायित्व हो भन्दै भक्तपुरका ऐतिहासिक संरचना, कला, संस्कृति र मौलिक वास्तुकलाकै कारण भक्तपुरका सम्पदाप्रति विदेशी पर्यटक तथा अनुसन्धानकर्ताहरूको आकर्षण दिनप्रतिदिन बढ्दै गएको बताउनुभयो।

उहाँले सम्पदा इतिहाससँग मात्र जोडिएको नभई देशको पर्यटन विकास र अर्थतन्त्रसँग पनि जोडिएको हुन्छ भन्ने चर्चा गर्दै उहाँले विदेशीहरूको चासो र अनुसन्धानले भक्तपुरको संस्कृति विश्वसामु चिनाउने अवसर बनेको बताउनुभयो।

सिकर्मी र डकर्मीहरू 'सांस्कृतिक गुरु' हुन् भन्नु उचित हुने बताउँदै अध्यक्ष बिजुक्छैँले उहाँहरूले समाज र देश विकासमा हाम्रो सभ्यता, मौलिक कला र सांस्कृतिक धरोहरका संरक्षणकर्ता र पुस्तान्तरण गर्ने अभियन्ताको भूमिका निर्वाह गरिरहेको बताउनुभयो।

भक्तपुरका पुराना घरहरू बसोबासका संरचनाहरू मात्र नभई ती हाम्रो इतिहास, संस्कृति र मौलिक पहिचानका जीवित धरोहर हुन् भन्दै उहाँले यहाँका परम्परागत वास्तुकला, काष्ठकला र सांस्कृतिक स्वरूपहरूलाई जोगाउनु आजको आवश्यकता भएको बताउनभयो। नगरपालिकाले यस्ता ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका घरहरूको संरक्षण, पुन:निर्माणमा विशेष ध्यान दिनुपर्ने पनि स्पष्ट पार्नुभयो।

कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले हाडा छेँ उद्घाटन कार्यक्रम गर्न पाउँदा अत्यन्त हर्षित भएको बताउँदै यो भौतिक संरचना मात्र नभई भक्तपुरको सांस्कृतिक गौरव झल्काउने सम्पदा भएको बताउनुभयो। भक्तपुरको मौलिक सभ्यता र जीवनशैलीबारे सकारात्मक सन्देश प्रवाह गर्न हाडा छेँ पुन:निर्माणले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्दै उहाँले हाडा छेँको पूर्वपट्टि रहेको भित्तेचित्रको पनि विशेष अर्थ रहेको बताउनुभयो। प्रमुख प्रजापतिले भक्तपुरको मौलिक संस्कृति संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले हाडा छेँको पुन:निर्माण भएको बताउँदै यसलाई कसरी सदुपयोग गर्ने भन्ने विषयमा जनताको राय सुझावअनुसार अगाडि बढ्ने बताउनुभयो।

बाँकी पृष्ठ १२ मा

## खेल सम्बद्ध १११ जना सम्मानित
## मौलिक शैलीको भवन निर्माणमा २१ लाखभन्दा बढी अनुदान

भक्तपुर। नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा २०८२ सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गरेका वर्षका उत्कृष्ट पुरुष तथा महिला खेलाडी सम्मान तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री, निर्णायक तथा प्रशिक्षक प्रशिक्षणमा उत्तीर्ण प्रशिक्षकहरूलाई जेठ ६ गते सम्मान गरियो।

भक्तपुर नगरपालिकामा जनप्रतिनिधिको ४ वर्षे कार्यक्रमको अवसरमा भक्तपुर नपाको आयोजनामा भएको उक्त कार्यक्रममा वर्ष खेलाडी, रेफ्री र निर्णायक तथा प्रशिक्षक प्रशिक्षणमा उत्तीर्ण प्रशिक्षक गरी १११ जना सम्मानित भएका थिए।

कार्यक्रममा पार्टी सचिव सुवालले खेलकुद स्वास्थ्य, अनुशासन, मित्रता र सार्वभौमिकता रक्षाको लागि हुनुपर्ने आवश्यकता औँल्याउँदै खेलकुद पर्यटन प्रवर्द्धनसँग पनि जोडिएको बताउनुभयो।

हाड-जोर्नीका विशेषज्ञ डाक्टरहरूले ५-७ वर्षदेखि नै बालबालिकालाई खेलकुदमा लगाउनुपर्ने र एकोहोरो कक्षा कोठामा मात्र सीमित गर्न नहुने सुझाव दिएबाट खेलकुदको महत्त्व स्पष्ट हुने उल्लेख गर्दै उहाँले भन्नुभयो, "कतिपय देशमा विद्यालय र कलेजसँगै पर्याप्त खेलमैदानको व्यवस्था गरिएको हुन्छ। नेपालका अधिकांश विद्यालय र कलेजमा पर्याप्त खेलमैदानको बन्दोबस्त छैन। देशको सन्तुलित विकास गरिएको भए विद्यालय र कलेजमा पर्याप्त खेलमैदानको व्यवस्था हुने थियो।"

सचिव सुवालले भन्नुभयो, "प्रधानमन्त्री र मन्त्रीहरूको उमेर नयाँ भएर पुग्दैन। सरकारको नेतृत्वमा रहेको रास्वपाको विधानमा 'शोषणरहित समाज बनाउने' उल्लेख छ। यस्तो त निर्दलीय पञ्चायती सामन्तवादले पनि त्यो पदावली उल्लेख गरेको थियो। तर, शोषणरहित समाजको निर्माण भएन, पञ्चायती सामन्तवाद नै समाप्त भयो। शोषणरहित समाज निर्माणको लागि उत्पादनका साधनहरू सामाजिकीकरण हुनु जरुरी हुन्छ। रास्वपाको निर्वाचन घोषणापत्रमा आर्थिक उदारीकरण उल्लेख गरिएको छ। यसको अर्थ सार्वजनिक संस्थानहरू बिक्री गर्ने, विदेशी पुँजी र ऋण ल्याएर देशलाई नवउपनिवेश बनाउने हो।"

"रास्वपा सरकारको नीति-कार्यक्रममा खेलकुद विकासको ठोस विषय उल्लेख भएन। विद्यालय र कलेजमा पर्याप्त खेलमैदान र खेल सामग्री व्यवस्था नहुने तथा खेलकुद भवन र रङ्गशाला धेरै भए अस्पताल र स्वास्थ्य केन्द्र कम भए पुग्ने नबुझेका सरकारहरू जनता र खेलाडीको लागि जरुरी छैन", उहाँले उल्लेख गर्नुभयो।

सचिव सुवालले भन्नुभयो, "भदौ २३ को हत्या र भदौ २४ गतेको आगजनीमा संलग्नहरूलाई उम्मेदवार हुन नपाउने व्यवस्था गरेर मात्र फागुन २१ गतेको चुनाव हुनुपर्ने थियो। त्यो घटनाका दोषीहरूलाई कारबाही गर्न

बाँकी पृष्ठ १२ मा

## शिक्षक सङ्घद्वारा कृत्रिम बौद्धिकताबारे तालिम

भक्तपुर। नेपाल क्रान्तिकारी शिक्षक सङ्घ जिल्ला समिति भक्तपुरको आयोजनामा शिक्षकहरूको लागि सञ्चालित दुई दिनको कृत्रिम बौद्धिक (एआई) सम्बन्धी तालिम जेठ १० गते सम्पन्न भयो।

तालिममा सहभागी शिक्षकहरूलाई प्रमाणपत्र र प्रशिक्षकहरूलाई धन्यवाद पत्र वितरण गर्दै नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले तालिममा प्राप्त ज्ञानलाई व्यवहारमा लैजान आ-आफ्ना विद्यालयका अन्य शिक्षकहरूलाई पनि सिकाउनु उपयुक्त हुने धारणा राख्नुभयो।

केही विज्ञहरूले सधैँ लिफ्टमा मात्र प्रयोग गरे शरीरका मांसपेशी कमजोर हुने भनेजस्तै कृत्रिम बौद्धिकतामा धेरै निर्भर हुँदा आफैप्रति शङ्का उत्पन्न हुने र आत्मविश्वास घट्न सक्नेतर्फ सबै सचेत हुनुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो।

तालिममा सहभागी शिक्षकहरू सरिता लामा र कृष्णराम त्वानाबासुले तालिममा प्राप्त अनुभवबारे प्रकाश पार्नुभयो भने प्रशिक्षक रमेश प्रजापतिले साइबर अपराधबारे पनि सबै सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

कार्यक्रमको सभापतित्व आयोजक समितिका अध्यक्ष गणेशराम थुसाले गर्नुभएको थियो।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले जेठ ९ गते तालिमको उद्घाटन गर्नुभएको थियो। सो क्रममा उहाँले मानिसको जीवनमा सिक्ने प्रक्रिया कहिल्यै नटुङ्गिने उल्लेख गर्दै नयाँ पुस्ता तयार गर्ने शिक्षकहरूलाई पाठ्यक्रम, पाठ्यपुस्तकलगायत खेलकुद, साहित्य, वाद्यवादन, भाषा आदिको तालिम जरुरी हुने बताउनुभएको थियो।

सचिव सुवालले थप्नुभयो, "नेपालको निर्वाचनमा पनि विद्युतीय मतदान मेसिन (ईभीएम) र विद्युतीय मतदान (इन्टरनेट भोटिङ प्रोसेस) सम्बन्धी कानुनी मस्यौदाबारे छलफल भइरहेको छ। भारत र संरा अमेरिकामा विद्युतीय मतदान मेशिन र विद्युतीय मतदानमा धाँधली भएको पनि सार्वजनिक भयो। विद्युतीय मतदान मेसिनको प्रयोग र विद्युतीय मतदानबारे नेपालका अत्यधिक जनता अझै शिक्षित नभएको अवस्था छ। यसबारे नेपालका शिक्षकहरू सचेत भएर नयाँ पुस्तालाई शिक्षित गर्न लागिपर्नु जरुरी छ।"

सचिव सुवालले विज्ञान र प्रविधिको दुरुपयोग रोक्न सबै लागिपर्नुपर्नेमा जोड दिँदै नेपालका निर्वाचनहरू स्वच्छ र निष्पक्ष नभइरहेको अवस्थामा विद्युतीय मतदान मेसिन प्रयोग र विद्युतीय माध्यमबाट मतदान निष्पक्ष हुनेमा प्रश्न उठ्नु स्वाभाविक भएको उल्लेख गर्नुभयो।

स्वीडेनमा नयाँ पुस्ताको शिक्षामा पुन: पाठ्यपुस्तकलाई जोड दिन थालेको र विद्युतीय सामग्री प्रयोगलाई निरुत्साहित गरिएको उल्लेख गर्दै सचिव सुवालले विद्युतीय सामग्री र कृत्रिम बौद्धिकता नयाँ पुस्ताको सिर्जनशीलतामा कमी नहुने गरी प्रयोग गर्नु जरुरी भएको बताउनुभयो।

सङ्घका जिल्ला अध्यक्ष गणेशराम थुसाको सभापतित्वमा भएको तालिममा प्रशिक्षक नवीन प्रजापतिले कतिपय कृत्रिम बौद्धिकताका प्रणालीहरू झूट पनि भेटिएको हुँदा पूर्णरूपले त्यस्ता प्रणालीमा मात्र भर पर्न नहुने बताउनुभएको थियो।

## एसईई उत्तीर्ण विद्यार्थीहरूलाई बधाई तथा मार्गनिर्देशन कार्यक्रम




भक्तपुर। २०८२ को एसईई परीक्षामा वागीश्वरी माविबाट उत्तीर्ण भएका विद्यार्थीहरूका लागि जेठ ७ गते बधाई तथा मार्गनिर्देशन कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा भनपाका मेयर सुनील प्रजापतिले देशमा गणित, विज्ञानको शिक्षक पाउन गाऱ्हो भएको भन्दै एसईईपछि विभिन्न कलेजमा अध्ययन गर्न जाने विद्यार्थीहरूले ती कलेज कसरी सञ्चालन भएका छन् भन्ने कुरा थाहा पाउनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "एसईई परीक्षा पास गरेपछि तपाईंहरूको साँचो परीक्षा अब सुरु भएको छ। यो उपलब्धि कायम राख्न अझै मिहिनेत गर्नुपर्छ। पारिवारिक सहयोगमा मन लगाउनुपर्छ। ठुलठुला व्यक्तिहरूको जीवनी पढ्नुपर्छ।"

बाँकी पृष्ठ १२ मा



हामी क्युवामा मानव अधिकारको रक्षा गर्छौं । हाम्रो विचारमा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू अविभाज्य, स्वाधीन र अनिवार्य छन् ।

**राउल क्याष्ट्रो** (क्युवाली नेता)

## सम्पादकीय

# के जागिर दिएर समाजवाद आउँछ ?

शासक दलहरूले होस्, प्रदेशसभा वा स्थानीय तहहरूमा बहुमत प्राप्त दलहरू वा व्यक्तिहरूले आफ्ना कार्यकर्ता र नातागोताहरूलाई रोजगारी दिएर वा पैसा बाँडेर समाजवाद आउने गर्दैन ।

अत्यन्त बहुमत जनतामा व्यक्तिगत स्वार्थ र हितभन्दा सार्वजनिक सम्पत्तिलाई जोगाउने भावना र अत्यन्त बहुमत जनताको हितलाई प्राथमिकता नदिएसम्म समाजवाद आउने छैन । अर्थात्, समाजमा समाजवादलाई लागू गर्न अत्यन्त गाह्रो हुन्छ । यसको निम्ति 'कम्युनिस्ट' नाउँका एमाले, एमाओवादी, प्रजातान्त्रिक समाजवादी भनिने नेका, तराईका अनेक नामका 'समाजवादी' शासक दलहरूले पनि जनतामाझ निर्वाचनमा पैसा बाँड्दा, जागिर दिँदा र लाखौँ-करोडौँ रुपैयाँका सामान बाँड्दा पनि समाजमा व्यवहारमा समाजवाद देखाउन सकेनन् ।

**१) समाजवादको एउटा सूत्र हो - "योग्यताअनुसारको काम, कामअनुसारको ज्याला ।"**

विभिन्न आन्दोलन र सङ्घर्ष गरेर राजनैतिक दलहरू सरकारमा गए, मन्त्रीहरूले आ-आफ्ना मन्त्रालयहरूबाट भ्याएसम्म रकम बाँडे र जागिर दिए । त्यसको परिणाम कस्तो आयो हेरौँ बाँडेका रकमले केही झोपडी वा सानो घर बनाए, केटाकेटीलाई विद्यालय पठाए, राम्रो लुगा दिए तर बाँडेको पैसाले केही वर्ष र केही महिना घर चल्यो, खर्च गरेको रकम फेरि फर्केन ।

ती सरकारहरूले कार्यकर्ताहरूलाई पैसा बाँड्नुको सट्टा कामको सीप सिकाएर रोजगारीको बन्दोबस्त गरेको भए खर्च पनि हुँदै जान्थ्यो र आम्दानी पनि हुँदै गर्थ्यो ।

परिवारको पुरुष र महिलालाई पनि सीप सिकाएकै विषयमा काम दिएको खण्डमा परिवार चलाउन सक्ने थिए । तालिमअनुसार काम पाएका महिला र पुरुष श्रमिकहरूले कति घण्टा काम गरे वा कति गोता सामान तयार गरे सोअनुसारको ज्याला पनि पाउँदै जाँदा सधैँ सरकारको 'दान' मा बाँच्नुपर्ने छैनन् ।

सरकार वा समाजले सबै उपभोक्ताहरूको सहयोगले खानेपानी र स्वास्थ्य चौकीहरूको बन्दोबस्त गर्न सकिन्थ्यो ।

हिजोका सरकारहरूले पनि शिक्षकहरूलाई काम दिए, लाखौँ शिक्षकहरूले राजधानीमा प्रदर्शन गरेर आफ्नो बल र योग्यताको प्रदर्शन गरे । शिक्षा, विद्यालय र विद्यार्थीको स्थिति हेरौँ -

"२९३ सामुदायिक विद्यालयमा ५ भन्दा कम विद्यार्थी 'देशभरका २७ हजार सामुदायिक विद्यालयमध्ये ८ हजार ५० भन्दा कम विद्यार्थी" "सहर तथा तराईतिर बसाइँ सर्ने क्रम तीव्र हुँदा पहाडका विद्यालयमा विद्यार्थी सङ्कट, कम विद्यार्थी भएका विद्यालयलाई गाभ्ने तयारीमा सरकार" शीर्षकहरूले वर्तमान सरकार पनि उचित समाधानतिर उन्मुख छैन भन्ने प्रस्ट छ । *(नयाँ पत्रिका - ११ जेठ, २०८३)*

'नयाँ पत्रिका' ले जिल्ला र विद्यालयहरूका नामसमेत दिएका छन् - 'तर, सरकार कहाँ चुके' भन्नेबारे हिजोका सबै सरकारहरूको समीक्षा जनतामाझ खुलासा गर्न आवश्यक छ किनभने ती सरकार जनताप्रति उत्तरदायी हुन् भन्ने प्रस्ट छ । सरकारहरूले 'जागिर त दिए - आ-आफ्ना शिक्षक कार्यकर्तालाई । तर, खोइ त परिणाम ? किन सुक्दै गए विद्यालयहरू ? यसको दोष फेरि अर्कै मन्त्रीहरूको नीतिप्रति सङ्केत गर्छन् ।

**२) उत्पादनका साधनहरूलाई सामाजिकीरण गर्ने समाजवादको अर्को उद्देश्य हो ।**

यसकारण, 'कम्युनिस्ट', 'एमाओवादी', 'समाजवादी' भनिने दलहरूलाई थाहा छ - हजारौँ कल-कारखाना, उद्योग र सेवा पनि सरकारकै हुन् । ती सबै संस्थालाई त्यहाँ काम गर्ने मजदुरहरू र स्थानीय जनताका प्रतिनिधिहरूमार्फत बन्दोबस्त गरिनुपर्ने हो । त्यसको निम्ति प्रदेश र स्थानीय तहहरूको ऐन-कानुनको बन्दोबस्त कडाइका साथ लागू गर्नुपर्ने छ ।

ती सरकारमा जाने दलहरूले देशमा 'समाजवाद' ल्याउँछौँ भनी पैसा-सामान बाँडेर रोजगारीको आश्वासन दिने दलहरूले गरेर देखाउनु आवश्यक छ । नयाँ-नयाँ तालिमले दलहरूमार्फत हजारौँ रोजगार दियो । श्रमिकहरू तयार गर्न केही महिना लगाए पनि पछि योग्यताअनुसार काम पाउने छन् र कामअनुसार ज्याला पाउने छन् । अरूसँग माग्नुपर्ने छैन - दान र भिक्षा !

यसरी तल्लै तहबाट समाजवादी सिद्धान्तलाई नेपाली माटोमा प्रयोग गर्दा नयाँ-नयाँ अनुभव पनि प्राप्त हुनेमा हामी निश्चित होऔँ ।

# संविधान संशोधनबारे नेपाली जनता सचेत होऔँ !

✍ **प्रज्ज्वल**

संविधानसभाको पहिलो निर्वाचन २०६४ चैत २८ गते भएको थियो । दुई वर्षमा संविधान निर्माण गर्ने जिम्मेवारी पाएको यो संविधानसभाले चार वर्षमा पनि संविधान निर्माण गर्न सकेन । संविधानसभाको दोस्रो निर्वाचन २०७० मङ्सिर ४ गते भयो । यो संविधानसभाले २०७२ असोज ३ गते नेपालको संविधान जारी गर्‍यो ।

गत भदौ २३ गतेको जेनजी आन्दोलनमा निहत्था जनताको हत्या भयो र भोलिपल्ट भदौ २४ गते देशभरि सार्वजनिक र निजी घर भवनमा आगजनी गरियो, गराइयो । तत्कालीन गृहमन्त्री नेकाका रमेश लेखकले भदौ २३ गते राजीनामा दिए भने तत्कालीन प्रधानमन्त्री एमालेका केपी ओलीले भदौ २४ गते राजीनामा दिए । नेपाली सेनाको मध्यस्थतामा नेकाका राष्ट्रपति रामचन्द्र पौडेलले भदौ २७ गते पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्ति गरे भने प्रम कार्कीको सिफारिसमा प्रतिनिधिसभाको विघटन र फागुन २१ गतेको लागि निर्वाचन घोषणा गरे ।

भदौ २३ गतेको निहत्था जनताको हत्या र भदौ २४ गतेको देशभरि आगजनीको दोषीलाई कारबाही गर्न तीन महिनाभित्र प्रतिवेदन पेश हुने गरी निर्वाचन सरकारले २०८२ असोज ५ गते एक छानबिन आयोग गठन गर्‍यो । निर्वाचन सरकारले आयोगको समयमै प्रतिवेदन तयार गराई भदौ २३ गतेको निहत्था जनताको हत्या र भदौ २४ गतेको देशभरि आगजनीका दोषीहरूलाई कारबाही गरेर फागुन २१ गतेको निर्वाचनमा ती दोषीलाई उम्मेदवार हुन नपाउने व्यवस्थासमेत गर्नुपर्नेमा त्यसो नगरी आयोगको म्याद २०८२ पुस ३ गते एक महिना, २०८२ माघ ८ गते २० दिन र २०८२ माघ २८ गते २५ दिन थप्यो ।

निहत्था जनताको हत्या र देशभरि आगजनीमा संलग्न भएका दोषीहरूसमेत फागुन २१ गतेको निर्वाचनमा उम्मेदवार भई निर्वाचित भइसकेपछि निर्वाचित सरकारले आयोगको प्रतिवेदन सार्वजनिक गर्‍यो । २०८२ चैत १३ गते रास्वपाको दुईतिहाइ नजिकको बालेन्द्र साहको सरकार गठन भयो । भदौ २३ र २४ गतेको उपद्रवबारे राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन अझै सार्वजनिक गराइएको छैन । रास्वपा सरकारले चैत १६ गते प्रधानमन्त्री साहका प्रमुख राजनीतिक सल्लाहकार एवम् रास्वपा सांसद असिम साहको नेतृत्वमा संविधान संशोधन बहसपत्र तयार गर्न कार्यदल, २०८२ गठन गर्‍यो । सो कार्यदलको सचिवालयले २०८३ जेठ ८ गते एक सूचना प्रकाशित गरी सर्वसाधारण जनतासँग सात दिनभित्र संविधानमा गर्नुपर्ने सुधार एवम् संशोधनबारे सुझाव आह्वान गर्‍यो ।

नेपाल मजदुर किसान पार्टीले संविधान निर्माणको बेला २०७२ साल अगाडि नै प्रस्तावनासहित ७१ बुँदामा संशोधन पेश गरेको थियो । नेमकिपाको संशोधन प्रस्तावनामा जनताको सार्वभौम अधिकार, संसद्को सर्वोच्चता, स्थानीय निकायको स्वायतता र विकेन्द्रीकरणलाई आत्मसात गर्नुपर्ने उल्लेख छ ।

संविधानमा वैज्ञानिक समाजवादउन्मुख राज्य निर्माण गर्ने, खुला सीमामा नेपालको अतिक्रमित भूमि फिर्ता लिने, नेपालको क्षेत्रफलसहित राष्ट्रिय जनावर 'एक सिङ्गे गैडा' उल्लेख गर्ने नेमकिपाको संशोधन थियो ।

सरकारको नेतृत्व गरेको रास्वपाले आफ्नो पार्टीको विधानमा 'शोषणरहित समाज निर्माण गर्ने' उल्लेख छ । यसको लागि संविधानमा उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, नेपालीको सम्पत्तिको सीमाङ्कन गरी विदेशमा सम्पत्ति राख्न नपाउने, नेपालीलाई देशभित्र रोजगारीको व्यवस्था गर्ने प्रावधान राख्नु जरुरी हुन्छ । यसो नगरिए रास्वपाको 'शोषणरहित समाज निर्माण गर्ने' विधानको प्रतिबद्धता निर्दलीय पञ्चायती सरकारको 'शोषणरहित समाज निर्माण' जस्तै 'देखाउने दाँत' मात्र सावित हुनेछ ।

आमा र बुबा दुवै वंशजको नेपाली नागरिकका छोराछोरीलाई मात्र वंशजको नेपाली नागरिकता दिने नेमकिपाको संशोधन थियो । नेपालीलाई साम्राज्यवादको नवउपनिवेश बन्न नदिन विदेशी पुँजी लगानी, विदेशीसँग ऋण लिने र नेपालीलाई वैदेशिक राजगारीमा पठाउने कामलाई रोक्ने प्रावधान संविधानमै राख्नु जरुरी छ ।

नेमकिपाको संशोधन प्रस्तावमा देश हितविरुद्ध विदेशीसँग सन्धिसम्झौता गर्ने, ठुल-ठुला भ्रष्टाचार गर्ने, महिलालाई बलात्कारपछि हत्यालगायत मानव अधिकारको गम्भीर उल्लङ्घन गर्नेहरूलाई मृत्युदण्डको सजायसमेत हुने कानुनी व्यवस्थामा जोड दिइएको थियो ।

पैतीस वर्षयता सरकारमा गएका नेका, एमाले, माओवादी (हाल नेकपा), राप्रपा, मधेशवादी दल र तिनका नेताहरू मृत्युदण्डको संवैधानिक प्रावधान राख्न सहमत थिएन । यसमा अहिलेको रास्वपा सरकार पनि सहमत भएको छैन । यसरी हालसम्मका शासक दलहरूमा मौलिक भिन्नता नभएको पुष्टि हुन्छ । शासक दल र तिनका नेताहरू कै कारण ठुल-ठुला भ्रष्टाचार र मानव अधिकार उल्लङ्घनका गम्भीर घटनाहरू भइरहेको सार्वजनिक भइरहेका छन् ।

नेमकिपाको संशोधनमा नेपालीलाई धर्म, वर्ण, जाति, लिङ्ग र संस्कृतिको आधारमा भेदभाव गर्न नहुने, स्वास्थ्यलाई हानि पुर्‍याउने मादक पदार्थ, धूमपान, हल्का पेय पदार्थको आमसञ्चारमा विज्ञापन एवम् बिक्री रोक्ने, लोभलालच देखाएर धर्म परिवर्तन गराउन नहुने, धर्म व्यक्तिगत विश्वासको विषय हुँदा सैद्धान्तिकरूपमा धर्ममा अनास्था जाहेर गर्न पाउने उल्लेख थियो ।

विद्यालय शिक्षा (कक्षा १२ सम्म) नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क, विदेशी विश्वविद्यालयको सम्बन्धनका कलेज सञ्चालनमा रोक र नक्कली शैक्षिक प्रमाणपत्रमा संलग्नलाई कडा कारबाहीलगायत नेमकिपाको संशोधनमा उल्लेख थियो । पुराना नगरपालिकाहरू काठमाडौँ, ललितपुर, भक्तपुर, विराटनगर, वीरगञ्ज, पोखरा, नेपालगञ्ज, धरानलगायतलाई विश्वविद्यालय सञ्चालनको संवैधानिक अधिकार हुने नेमकिपाको संशोधनमा उल्लेख थियो ।

निजी क्षेत्रमा संलग्न श्रमिकहरूको लागि ट्रेड युनियनको अधिकार हुने, गर्भवती महिलालाई आवश्यकतानुसार र सुत्केरी अघि र पछि गरी दुई महिना थप बिदा हुने, वैदेशिक रोजगारीमा पठाउने नाममा ठगी गर्ने म्यानपावर कम्पनी र महिलालाई विदेशमा बिक्री गर्नेहरूलाई पनि अपराधअनुसार मृत्युदण्डको सजायसमेत हुने नेमकिपाको संशोधन प्रस्ताव थियो ।

सबै पालिकाका वडा र टोलमा शिशुस्याहार र बालोद्यान केन्द्र सञ्चालन गर्ने, मजदुर र किसानलाई पनि निवृत्तिभरणको व्यवस्था गर्न र आर्थिकरूपले पछाडि परेका वर्गलाई जनसङ्ख्याअनुसार राज्यको सरकारी अङ्गमा सहभागिताको व्यवस्था हुने नेमकिपाको संशोधन प्रस्तावमा उल्लेख थियो ।

देशको सन्तुलित विकास गर्न र ठुला शहरको जटिलताबाट देशलाई जोगाउन फोहरमैला व्यवस्थापन, फोहर ढल उपचार पोखरी, अस्पताल र कलेजसहित पूर्वाधारहरू तयार गरी पालिकाहरूमा शहर विकास गर्ने नेमकिपाको संशोधनमा उल्लेख थियो ।

प्रधानन्यायाधीश, सेना प्रमुख, प्रहरी प्रमुख, महान्यायाधिवक्ता, संवैधानिक आयोगका प्रमुखहरू सम्बन्धित क्षेत्रबाट निर्वाचन गराई नियुक्ति गर्ने नेमकिपाको संशोधन प्रस्तावमा राखिएको थियो ।

राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय मन्त्रिमण्डलका सदस्यहरू, प्रदेश प्रमुख र प्रदेश मन्त्रिमण्डलका सदस्यहरू, न्यायाधीशहरू, प्रतिनिधिसभा, राष्ट्रियसभा, प्रदेशसभा, स्थानीय तहका सदस्यहरू विश्वविद्यालयका उपकूलपति र पदाधिकारीहरूको नियुक्ति आमा र बुबा दुबै वंशजको नेपाली नागरिक भएकाका छोराछोरी नै हुनुपर्ने नेमकिपाको संशोधनमा उल्लेख थियो ।

संविधानमा राजनीतिको अर्थ देश र जनताको नि:स्वार्थ सेवा गर्ने भनी स्पष्ट उल्लेख हुनु जरुरी छ । नेपाली नागरिकको कर्तव्य देशद्रोही र जनद्रोहीहरूबारे राज्यलाई सूचना दिने र देशको सीमा सुरक्षा, संस्कृतिको रक्षा र श्रमको सम्मान गर्नु पनि नागरिकको कर्तव्य हुने संविधानमा उल्लेख हुनु आवश्यक छ । नेकाले पुष्पा गौतम भुषालको संयोजकत्वमा र एमालेले विष्णु पौडेलको संयोजकत्वमा संविधान संशोधन कार्यदल गठन गरेको सार्वजनिक भयो । नेमकिपाको संविधान निर्माणको बेला राखेको संशोधन प्रस्तावहरू अहिले पनि उत्तिकै सान्दर्भिक छ ।

# सरकारी निकायले आफ्नो उपस्थिति पुष्टि गर्नुपर्ने




शुक्र

वाग्मती प्रदेश सरकारले ८ वर्षमा करिब १ अर्ब ३७ करोड २७ लाख १ हजार ९ सय ७५ रुपैयाँ सवारी साधन, सवारी मर्मत सम्भारमा ६३ करोड ५७ लाख २६ हजार रुपैयाँ र इन्धनमा ७० करोड ८६ लाख रुपैयाँ खर्च गरेको सार्वजनिक भयो । इन्धनबाट चल्ने सवारी साधन २०८१ सम्ममा विस्थापन गरी विद्युतीय सवारी साधन चलाउने नीति बनाएको वाग्मती प्रदेश सरकारले आफैले बनाएको नीति आफैले किन पालना गरेन ?

२०७५ देखि २०८३ चैत २३ गतेसम्म वाग्मती प्रदेश सरकारका मन्त्री र पदाधिकारीहरूले ८ करोड १६ लाख ९४ हजार रुपैयाँ र कर्मचारीले ६३ करोड ५४ लाख ५७ हजार रुपैयाँसमेत ७१ करोड ७१ लाख ५१ हजार रुपैयाँ इन्धनमा खर्च गरेको र सवारी साधन मर्मत सम्भारमा मात्र कूल ६३ करोड ५७ लाख २६ हजार रुपैयाँ खर्च गरेको सार्वजनिक भयो । प्रदेश सरकार गठनको ८ वर्षमा सवारी साधन खरिद, इन्धन र मर्मत सम्भारमा मात्रै वाग्मती प्रदेश सरकारले करिब ३ अर्ब रुपैयाँ खर्च गरेको सार्वजनिक भयो ।

वर्षमा २-३ पल्ट मन्त्री फेर्ने प्रदेश सरकारहरूले जनताको शिक्षा, स्वास्थ्य, उत्पादन वृद्धि, विकास निर्माणमा खर्च गर्नुपर्ने बजेट गाडी र इन्धन खरीदमा दुरुपयोग गर्नु भ्रष्टाचार किन होइन ? गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा जलाइएको गाडीको नाममा इन्धन प्रयोग भईरहेको सार्वजनिक हुँदा सवारी साधन र इन्धन खरीद एवम् मर्मत सम्भारमा अनियमितता झाङ्गिएको अनुमान गरिनु गलत नहोला । यसकारण प्रदेश सरकार आवश्यक नभएको विषय नेपाली जनताले उठाइरहेको हो ।

# स्थानीय तहमाथि सङ्घ सरकारको हस्तक्षेप किन ?

● विवेक

रास्वपा सरकार गठन भएको दुई महिना भयो । सरकार गठन भएदेखि नै नेपालको संविधान र कानुनलाई चुनौती दिँदै प्रजातान्त्रिक मूल्य, मान्यता र परम्पराविपरीत सरकार अगाडि बढ्दै छ । सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भइरहँदा प्रधानमन्त्री बालेन्द्र साह बैठकबाट बाहिरिनु, सरकारको नीति तथा कार्यक्रमबारे उठेका प्रश्नहरूको जवाफ प्रधानमन्त्रीले दिने परम्परा तोडेर अर्थमन्त्री स्वर्णिम वाग्लेलाई दिन लगाउनु, प्रधानमन्त्री संसद्को बैठकमा लगातार अनुपस्थित हुँदासमेत सभामुखले उपस्थितिको लागि प्रधानमन्त्रीलाई रुलिङ गर्न नसक्नुजस्ता दृश्यहरूले वर्तमान प्रधानमन्त्री नेपालको संविधान र प्रचलित कानुनअनुसार चल्न नचाहेको र अहिलेको राजनीतिक प्रणालीप्रति नै विश्वास नगरेको देखिन्छ । अझ रास्वपाको दलको बैठक र संसदीय दलको बैठकमा समेत उपस्थिति नदेखिनुले प्रधानमन्त्रीले दलको अनुशासन पनि पालना नगरेको देखाउँछ ।

नेपालको संविधानले सङ्घीयतालाई अवलम्बन गरेको छ । सङ्घीयताको अर्थ सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारबीच सहमति, सहकार्य र सहअस्तित्वको भावनाअनुसार राज्य सञ्चालन गर्नु हो । सङ्घीयतामा सबै तहका सरकारहरू स्वायत्त र स्वतन्त्र हुन्छन् । सबै सरकारहरूले संविधान र कानुनले दिएको अधिकारभित्र रहेर आवश्यकताअनुसार कानुनहरू निर्माण गरेर काम गर्छन् । कुनै पनि सरकारले अर्को तहलाई आदेश वा निर्देशन दिन मिल्दैन । प्रदेश र स्थानीय तह सङ्घको मातहतमा बस्ने सरकारहरू पनि होइनन् ।

सङ्घ सरकारको पछिल्ला निर्णयहरूले सङ्घीय संरचनामाथि नै चुनौती दिइरहेका छन् । शिक्षा मन्त्रालयले पटक पटक जारी गरेको सूचना सङ्घीय भावनाविपरीत एकात्मक राज्य व्यवस्थाउन्मुख देखिन्छ । मन्त्रालयले चैत्र २२ गते सूचना जारी गरेर देशभरका विद्यालयहरूलाई २०८३ वैशाख १५ गतेबाट भर्ना अभियान सुरु गर्न र वैशाख २२ गतेबाट विद्यालय सञ्चालन गर्न पत्राचार गर्‍यो । त्यसैगरी सबै विद्यालयहरूमा आइतबार बिदा दिने निर्देशन दियो । मन्त्रालयको त्यो निर्णय नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ विपरीत हुनुका साथै अव्यावहारिकसमेत थियो । अधिकांश स्थानीय तहहरूले सरकारको त्यो निर्देशनलाई हाकाहाकी अस्वीकार गरे किनभने एकातिर सरकारको त्यो निर्णय स्थानीय तहहरूको अधिकारमाथि ठाडो हस्तक्षेप थियो भने अर्कोतिर संविधानविपरीत स्थानीय तहहरूलाई नियन्त्रण गर्ने गलत उद्देश्य पनि थियो । शिक्षा मन्त्रालयले त्यो निर्णय कार्यान्वयन नभए पछि अध्यादेश जारी गरी विद्यालय व्यवस्थापन समिति गठनका प्रावधानहरूमा संशोधन गर्‍यो । त्यो अर्को गलत कार्य थियो । यसले फेरि सङ्घ सरकार र स्थानीय सरकारहरूबिच दूरी बढायो ।

कुनै पनि विषयमा निर्णय गर्नु अघि सरोकारवालाहरूसँग छलफल गरेको भए सरकारको निर्णयहरू विवादित बन्ने थिएनन् । स्थानीय सरकारहरूसँग प्रत्यक्ष जोडिएको विषय निर्णय गर्दा स्थानीय तहका पदाधिकारीहरूसँग छलफल गरेको भए के बिग्रिन्थ्यो ? सरकार त्यति पनि गर्न चाहेन । शैक्षिक गुणस्तर बृद्धि गर्नु सङ्घ र स्थानीय दुबैको साझा जिम्मेवारी हो । सङ्घ एकातिर र स्थानीय सरकार अर्कोतिर भएपछि कसरी देशको शैक्षिक गुणस्तर वृद्धि हुन्छ ?

रास्वपाको सरकारसँग दुई तिहाइ मत छ । त्यसको अर्थ स्वेच्छाचारी शासन गर्नु होइन, जनभावनाअनुसार अगाडि बढ्न हुनुपर्छ । पार्टी जति ठुलो भयो, त्यति नै जिम्मेवारी पनि बढ्छ । अहिले रास्वपाले पाएको ठुलो मतको कारण उनीहरूमा घमण्डको भूत चढेको देखा पर्दै छ । रास्वपाका नेता कार्यकर्ताहरू जनताको आलोचना सुन्नै चाहँदैनन् । संविधान र कानुनलाई कुनै मतलब नगरी जे गर्दा पनि नयाँ पुस्ताको माग र परिवर्तनको लागि आवश्यक भएको भन्ने भाष्य कायम गरी अघि बढ्दै छन् ।

नेपालको संविधानको अनुसूचि ८ ले मावि तह कक्षा १२ सम्म सम्पूर्ण अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । त्यस्तै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा शिक्षकहरूको दरबन्दी मिलान, पुस्तकालय र प्रयोगशाला निर्माण र सुधारलगायत सबै कामहरू स्थानीय तहले गर्ने व्यवस्था छ । तर नेपाल सरकारको २०८३/८४ को नीति तथा कार्यक्रममा भने विद्यालय नक्साङ्कन, प्रयोगशाला र पुस्तकालय सुधार गरी एकीकृत योजनामार्फत कार्यान्वयन गरिने उल्लेख गरिएको छ । यसले आगामी बजेट ती कार्यहरू सङ्घ सरकारमार्फत गरिने गरी आउने सहज अनुमान गर्न सकिन्छ । सघ सरकारले सासाना कामहरू गरेर बस्ने होइन, नीति निर्माण गर्ने हो । विद्यालयको विकासको लागि आवश्यक व्यवस्था स्थानीय तहहरूले गरिहाल्छन् । सक्षम नभएका स्थानीय तहहरूलाई सङ्घ सरकारले आवश्यक तालिमहरूको व्यवस्था गर्नु आवश्यक छ ।

आइतबार बिदाले कैयौँ विद्यालयहरू अस्तव्यस्त भएका छन् । समय समयमा आउने चाड-पर्व बिदा, सार्वजनिक बिदा र अन्य अपर्झट आउने सबै बिदाहरूले गर्दा सरकारी विद्यालयहरूमा पढ्ने धरै विद्यार्थीहरूको पढाइ अन्योल बन्दै छन् । निजी र सरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको शैक्षिक गुणस्तरमा दुरी फराकिलो बन्दै जानेछ । निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूको जिम्मेवारी क्रमश: सरकारले लिँदै जानुपर्छ । यसले शिक्षा सबैको समान पहुँचमा पुर्‍याउन मद्दत गर्नेछ ।

सरकारको नीति तथा कार्यक्रममा मावि तहसम्म नि:शुल्क शिक्षा सुनिश्चित गरिने उल्लेख छ । नेपालको संविधानले सुनिश्चित गरेको त्यो विषय कार्यान्वयन गर्न संविधान निर्माण भएको १० वर्षमा पनि सम्भव भएन । रास्वपा सरकारको अर्थमन्त्रीले 'हामी कम्युनिस्ट होइनौँ' भनेर सार्वजनिक रूपमै बोलेका छन् । यसको सिधा अर्थ हुन्छ शिक्षा, स्वास्थ्यजस्ता जनताका आधारभूत आवश्यकताहरू निजीकरण गरिने ।

यसअघिका सरकारहरूले पनि नि:शुल्कको नारा त दिएकै थिए नि । उनीहरू शैक्षिक माफियाहरूको घेरामा परेर कार्यान्वयनमा लान चाहेनन् । ठुल्ठुला निजी विद्यालयका मालिकहरू नै दलका नेताहरू भएपछि लागू गर्न सक्नु पनि कसरी ? अझ रास्वपाका सभापति रवि लामिछानेले त चुनाव अघि वाचापत्र पढ्दै भनेका थिए- कक्षा १२ सम्म सम्पूर्ण शिक्षा नि:शुल्क हुन्छ । त्यो अहिले उनैको लागि टाउको दुखाइको विषय बनिरहेको छ ।

सरकारले चाह्यो भने त्यो असम्भव भने छैन । कुल राष्ट्रिय बजेटको २४।२५ प्रतिशत बजेट शिक्षाको लागि छुट्याउने हो भने मा.वि.सम्मको सम्पूर्ण शिक्षा नि:शुल्क सम्भव छ । त्यसरी नि:शुल्क गर्दा निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूकोबारे नीतिगत निर्णय गरेर व्यवस्थापन गर्नुपर्दछ । निजी क्षेत्रलाई यथावत राखेर सरकारी विद्यालयमा मात्रै नि:शुल्क गर्नु उचित हुँदैन । निजी क्षेत्रले शिक्षामा ७ खर्ब लगानी गरेको, ३ लाख रोजगारी सिर्जना गरेको दाबी गरिरहेको अवस्थामा त्यत्रो लगानी र जनशक्तिको उचित व्यवस्थापन गर्नु सरकारको लागि ठुलो चुनौती हो ।

वर्तमान अर्थमन्त्री स्वर्णिम वाग्लेले निर्वाचन अघि बोलेका थिए- सङ्ख्या पुगेको दिन प्रदेश सभा खारेज गर्छौं । अहिले उनीहरूले खोजेजस्तै सङ्ख्या पुगेको छ । प्रदेशहरू खारेजीको प्रस्ताव के होला धेरैको चासोको विषय बनेको छ । प्रदेश खारेजीको प्रस्ताव ल्याएमा राप्रपाले समर्थन गर्ने भनी त्यस पार्टीका सचेतक ज्ञानेन्द्र शाहीले सार्वजनिक रूपमै बोलिसकेका छन् ।

सङ्घीयता कार्यान्वयनको १० वर्षमा प्रदेशप्रति यति वितृष्णा हुनुको कारण प्रदेशहरूले जनभावनाअनुसार काम गन नसक्नु, सरकार गठन-विघटनमा मात्र केन्द्रित हुनु, कानुन निर्माणतर्फ ध्यान नदिनुलगायत हुन् । बजेट केन्द्रमा थुपार्ने, स्थानीय तहलाई सशर्त बजेट बढाएर समानीकरण बजेट घटाउने, विकास निर्माणमा भ्रष्टाचारको गन्धले सरकारको व्यापक आलोचना हुँदै आएको हो । यसबारे वर्तमान सरकारले ध्यान दिएन भने यो सरकार पनि पहिलेको सरकारको निरन्तरतामात्रै हुनेछ ।

सङ्घीयता नेपालको लागि नौलो व्यवस्था भएकोले एक दशकको अभ्यासमै यो असफल भयो वा यसले काम गर्दैन भनेर अस्वीकार गरी हाल्नु राम्रो होइन । कुनै पनि राजनीतिक प्रणाली आफैमा राम्रो र नराम्रो भन्ने हुँदैन । त्यसलाई कसरी सञ्चालन गर्ने भन्ने पात्रहरूमा भर पर्छ । जुनसुकै व्यवस्थामा पनि कमी कमजोरीहरू हुन्छन् । त्यसलाई सुधार गरेर अगाडि बढ्नु नै बुद्धिमानी हुनेछ । विगतका सरकारले गलत काम गरेकैले निर्वाचनमा ती सरकारी पार्टीहरूलाई अस्वीकार गरेर जनताले रास्वपालाई मत दिएका हुन् । यदि त्यही काम रास्वपा सरकारले गर्‍यो भने विगतको सरकार र आजको सरकारमा के नै फरक भयो र ?

सङ्घीयता कार्यान्वयनका लागि १८० वटा कानुनको आवश्यकता रहेकोमा १५० वटा कानुन त सङ्घ सरकारले बनाउनुपर्ने बुद्धिजीवीहरूको भनाइ छ । अब संसद् अधिवेशन चलिरहेको बेला सङ्घीयतासम्बन्धी आवश्यक कानुनहरू निर्माणमा जोड दिएमा राम्रो हुनेछ । अब संविधानको कार्यान्वयन गर्ने र आवश्यक ठाउँहरूमा सबै राजनीतिक दलहरूसँग सल्लाह र समन्वय गरी अघि बढ्ने हो ।

बजेट जेठ १५ गते आउँदै छ । अन्य पार्टीका सरकारहरूको चर्को आलोचना गर्ने रास्वपाको सरकार कस्तो हुन्छ ? बजेटले देखाउने नै छ । कुनै पनि नाउँमा सांसदहरूलाई बजेटको व्यवस्था गरिनु हुँदैन । सांसदहरूलाई ऐन कानुन निर्माणमै सीमित गरिनुपर्दछ । भौतिक पूर्वाधारहरूको निर्माणको जिम्मेवारी प्रदेश र स्थानीय सरकारलाई दिइनु पर्दछ । यसले विगतका सरकारहरूभन्दा रास्वपाको सरकार फरक भएको जनताले अनुभूति गर्न पाउने छन् । स्थानीय तहलाई व्यापक बजेट वृद्धि गरेर काम गर्न स्वायत्तता प्रदान गरिनु आवश्यक छ । यसले मात्र वर्तमान सरकारको सङ्घीयताप्रतिको विश्वसनीयता बढ्नेछ ।

---

सन्दर्भ : तत्कालीन पाकिस्तानी प्रम इमरान खानविरुद्ध अमेरिकी षड्यन्त्र

# साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन - २५

✍ रामरतन चौधरी

संरा अमेरिकाले चीनलाई घेरा दिन चीन वरपरका एसियाली मुलुकहरूमा आफ्नो निर्देशन मान्ने शासन स्थापनाको निम्ति अनेक चालबाजी गर्दै छ । चीन, भारत, अफगानिस्तान र इरानसँग सीमा जोडिएको पाकिस्तानमापनि अमेरिकाले हस्तक्षेप गरेको थियो । इमरान खान नेतृत्वको सरकार उल्टाउन गरेको अमेरिकी हस्तक्षेप 'छद्म युद्ध' कै सिलसिला हो ।

**इमरान खान**

पाकिस्तानको लाहोरमा जन्मिएका इमरान खान चर्चित क्रिकेटर हुन् । सन् १९९२ को विश्वकपमा उनले राष्ट्रिय क्रिकेट टोलीमा कप्तानको जिम्मेवारी निर्वाह गरी पाकिस्तानलाई क्रिकेट विश्वकपको उपाधि दिलाएका थिए । त्यसपछि उनले क्रिकेटबाट सन्न्यास लिए । सन्न्यासपछि उनले आफ्नी आमाको नाममा पाकिस्तानको पहिलो क्यान्सर अस्पताल 'शौकत खानम मेमोरियल क्यान्सर अस्पताल र अनुसन्धान केन्द्र' स्थापना गरे ।

सन् १९९० को दशकको मध्यमा उनी आईएसआई (Inter-Services Intelligence) का पूर्वप्रमुख हमिद गुलसँग सहकार्य गर्दै राजनीतिमा प्रवेश गरे । उनले सन् १९९६ अप्रिल २५ मा 'पाकिस्तान तहरीक ए-इन्साफ' (PTI) नामको राजनीतिक दल खोले । खानले सन् २०१३ अप्रिल २१ मा लाहोरबाट आफ्नो चुनावी अभियान सुरु गरे । त्यस समय उनले अमेरिकाको नेतृत्वमा भएको युद्धबाट पाकिस्तानलाई बाहिर निकालेर पश्तुन आदिवासी क्षेत्रमा शान्ति स्थापना गर्ने घोषणा गरेका थिए । चुनावपछि उनी राष्ट्रिय सभामा पिटीआईको संसदीय दलको नेता बने ।

खान सन् २०१८ को आम चुनावमा पाकिस्तानको पाँच निर्वाचन क्षेत्रबाट प्रतिस्पर्धा गरेर चुनाव जित्ने इतिहासकै पहिलो व्यक्ति बने । उनी अगस्ट २०१८ देखि अप्रिल २०२२ सम्म पाकिस्तानको २२ औँ प्रधानमन्त्री समेत बने । त्यतिबेला विपक्षी दलहरूले उनलाई न्यायपालिकासँग मिलेमतो गरिएको सेनाको सहयोगमा व्यापक धाँधली गरेर निर्वाचन जितेको आरोप लगाएका थिए । चुनावको दुई दिनपछि युरोपेली सङ्घ निर्वाचन पर्यवेक्षण मिसनका प्रमुख पर्यवेक्षक माइकल गाहलरले पनि चुनाव सन्तोषजनक रहेको प्रतिक्रिया दिएका थिए । यसले खानको उदय हुनुमा पश्चिमा र पाकिस्तानी सेनाको पनि हात रहेको देखिन्छ । पछि खानले अमेरिका र पश्चिमाहरूको निर्देशनविपरीत एक स्वतन्त्र मुलुकको नेताको हैसियतमा व्यवहार गर्न थालेपछि अमेरिका र पश्चिमाहरूले खान सरकार गिराउन खोजेको हो ।

**खान सरकार गिराउनुको कारण**

सन् २०१५ देखि नै पाकिस्तान र चीनको सम्बन्ध सौहार्दपूर्ण हुँदै चीन-पाकिस्तान आर्थिक करिडोरको रूपमा 'बेल्ट एण्ड रोड इनिसिएटिभ' परियोजना अगाडि बढ्दै थियो । यो विषय अमेरिकालाई चित्त बुझेको थिएन । इमरान खान प्रम भएपछि अमेरिकासँग मतभेद झन् बढ्न थाल्यो । उनले अमेरिकाले नरुचाएको रुस र चीनसँग घनिष्ठ सम्बन्ध कायम राख्ने प्रयास गरे ।

सन् २०१८ नोभम्बरमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एक ट्विट गर्दै पाकिस्तानले अमेरिकाको लागि केही नगरेको हुँदा उसलाई दिइँदै आएको सहयोग कटौती गरिने बताए । यसको जवाफमा खानले अमेरिकाले दिँदै आएको २० अर्ब डलर अमेरिकी युद्धमा लडेर ज्यान गुमाएका ७५ हजार पाकिस्तानी र सो युद्धमा पाकिस्तानले गुमाएको १२३ अर्ब डलरको तुलनामा अत्यन्त न्यून रहेको उल्लेख गर्दै अब पाकिस्तानले 'भाडाको बन्दुक' को रूपमा काम नगर्ने बताए ।

चीनमा सम्पन्न शीतकालीन ओलम्पिक (2022Feb 4 to 20) को उद्घाटनलाई अमेरिका र पश्चिमा समर्थकहरूले मानव अधिकारको कुरा उठाएर बहिष्कार गरेका थिए । त्यसबेला इमरान खान ओलम्पिक उद्घाटनमा समेत उपस्थित भए ।

उनले सन् २०२० मा पाकिस्तानको राष्ट्रिय सभामा सम्बोधन गर्दै ओसामा बिन लादेनलाई 'शहीद' समेत भने । यसले अमेरिकालाई झन् चिढ्याउने काम गर्‍यो ।

सन् २०२१ जुनमा सिआईएका निर्देशक William J. Burns इमरान खानसँग भेट गर्न इस्लामावाद पुगेका थिए । तर, उनलाई खानले भेट दिएनन् । खानले प्रोटोकलबारे ध्यान दिएको देखियो । खासमा Burn तालिबानले अफगानिस्तान कब्जा गरेपछि पाकिस्तानी भूमिबाट अफगानिस्तानविरुद्ध कारबाही सञ्चालन गर्न अमेरिकी ड्रोन अड्डा राख्ने विषयमा पाकिस्तानलाई मनाउन गएका थिए तर खान मानेनन् । खानले त्यस महिनाको अन्त्यमा Axiosका सहसंस्थापक Jonathan Swanसँगको एक अन्तर्वार्तामा पाकिस्तानी भूमिबाट अफगानिस्तानमा कारबाही गर्ने कुनै पनि अडड्राहरूको निम्ति आफूले अनुमति नदिने स्पष्ट पारे । उनी अमेरिकी नेतृत्वमा रहेको 'आतङ्कवादविरुद्धको युद्ध' को पनि आलोचक थिए ।

सन् २०२२ मा रुस र युक्रेनबिच युद्ध हुँदा अमेरिकी कूटनीतिज्ञहरूले विश्वका विभिन्न देशलाई एउटा पक्ष रोज्न दबाब दिएका थिए । फेब्रुअरी २४ मा रुसी सेनाले युक्रेनमा नेटोविरुद्ध प्रतिवाद गर्दा इमरान खान रुसी राष्ट्रपति पुटिनसँग भेटघाटको निम्ति मस्को पुगेका थिए । खानको उक्त दुईदिने भ्रमण ऊर्जा सहयोगमा केन्द्रित थियो । त्यो भेटघाटको केही दिनअघि बाइडेनका राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले आफ्ना पाकिस्तानी समकक्षी मोइद युसुफलाई फोन गरेर खानको यात्रा रद्द गराउन आग्रह गरेका थिए । सुलिभानले रुस-युक्रेन युद्धमा पाकिस्तानलाई अमेरिकाको पक्षमा उभिन दबाब दिएका थिए । तर, इमरान खान उनको दबाबसामु झुकेनन् ।

यसबारे रुसी विदेश मन्त्रालयका प्रवक्ता मारिया जाखारोभाले एक विज्ञप्तिमा भनेकी थिइन्, "यस वर्ष फेब्रुअरी २३-२४ मा इमरान खानको मस्को भ्रमण घोषणालगत्तै अमेरिकी र उनीहरूका पश्चिमी सहयोगीहरूले प्रधानमन्त्री (इमरान खान) माथि असभ्य दबाब दिन थाले । डोनाल्ड लु ले वाशिङ्टनमा पाकिस्तानी राजदूतलाई फोन गरेर भ्रमण रोक्न दबाब दिए तर खानले अस्वीकार गर्नुभयो । यो स्वतन्त्र राज्यको आन्तरिक मामिलामा अमेरिकाको निर्लज्ज हस्तक्षेप हो ।"

**खानविरुद्ध अमेरिकी षड्यन्त्र**

इमरान खानलाई हटाउनअमेरिकाले पाकिस्तानी सेनालाई प्रयोग गरेको खुलासा भयो । सन् २०२१ जुलाईमा प्रधानमन्त्री खानलाई जानकारी नै नदिई पाकिस्तानी सेनाले एक पूर्वसिआईएको इस्लामावाद स्टेशन प्रमुखलाई वासिङ्टनमा पैरवीकर्ताको रूपमा पठायो । सिआईएको निर्देशनमा पाकिस्तानी सेनाले चुनावमा धाँधली गर्नसमेत सघाएको विश्लेषकहरूको मत छ । पाकिस्तानी सेनाका जनरलहरू अमेरिकी पकडमा पुगिसकेको Droop Site News ले पनि खुलासा गर्‍यो ।

सन् २०२२ मार्च ७ मा दक्षिण तथा मध्यएसियाली मामिला हेर्ने अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले वासिङ्टनमा पाकिस्तानी राजदूत असद मजिद खानसँग भेट गरे । उक्त भेटमा इमरान खानलाई अविश्वास प्रस्तावमार्फत पदबाट हटाउने विषयमा छलफल भएको थियो ।

त्यसपछि २०२२ अप्रिल ८ मा पाकिस्तानको सेनाले समर्थन गरेको अविश्वासको प्रस्ताव संसद्मा दर्ता भयो । पाकिस्तानी संसद्को ३४२ सिटमध्ये १७२ मत चाहिनेमा १७४ मतले खानविरुद्धको अविश्वास प्रस्ताव अप्रिल १० मा पारित भयो । खान पदमुक्त भए । ११ अप्रिलमा पीएमएल-एन (Pakistan Muslim League-Nawaz) का शेहबाज शरीफ प्रधानमन्त्री नियुक्त भए । विपक्षीहरूले आफूलाई पदबाट हटाउन संरा अमेरिकासँग मिलेर षड्यन्त्र रचेको खानले आरोप लगाए । उनले "म आयातित सरकार स्वीकार गर्दिन, सङ्घर्षको लागि तयार छु" भन्ने अभिव्यक्ति दिए ।

**खानको पार्टीमाथि प्रतिबन्ध र भ्रष्टाचारको मुद्दा**

अक्टोबर २०२२ मा निर्वाचन आयोगले उनलाई राष्ट्रियसभाबाट तोशाखाना मुद्दामा एक कार्यकालको लागि प्रतिबन्ध लगायो । सन् २०२३ मा खान भ्रष्टाचारसँग सम्बन्धित मुद्दाको सुनवाइको क्रममा इस्लामावाद उच्च अदालतबाटै पक्राउ परे र केही समयपछि जमानतमा रिहा भए । तर, २०२३ अगस्ट ५ मा पुन: पक्राउ परे । त्यसपछि उनलाई अल कादिर ट्रस्ट मुद्दामा १४ वर्षको जेल सजाय सुनाइयो । अहिले उनीमाथि १८६ वटा मुद्दा लगाइएको छ । उनले आफूविरुद्ध अमेरिकाले षड्यन्त्र गरेको आरोप लगाएका छन् । खानले लामो समयदेखि आफुले स्वतन्त्र विदेश नीति अपनाएको कारण वासिङ्टनले दागा (प्रतिरोध) गरेको दाबी गरे ।

उनको पार्टी, पाकिस्तान तहरीक-ए-इन्साफलाई पनि गैरकानूनी घोषित गरियो । उक्त पार्टीलाई सन् २०२४ को आम चुनावमा आफ्नै ब्यानरमुनि उम्मेदवार खडा गर्नबाट रोक लगाइयो । खान र उनकी श्रीमती बुशरा बिबीलाई भ्रष्टाचार, अवहेलना र राष्ट्रिय सुरक्षाको आरोपमा जेल हालियो । इमरान खानको अवसानपछि पाकिस्तान अहिले अमेरिकाको नियन्त्रणमा पुगेको छ ।

**इरान विश्वस्त हुन नसकेको पाकिस्तानको मध्यस्थता**

अहिले अमेरिका र इरानबिचको युद्धमा पाकिस्तानले मध्यस्थताको पहल गर्दै छ । तर, अमेरिकाको निर्देशनमा भएको पाकिस्तानी मध्यस्थताको पहलमा इरान विश्वस्त हुन सकेको छैन । अप्रिल २४ को दिन पाकिस्तानी सेनाको मिडिया शाखा 'इन्टरसर्भिसेज पब्लिक रिलेसन्स' ले पत्रकारहरूलाई एक सन्देश पठाएर वार्ता प्रक्रिया सहज बनाउन पहिले नै अमेरिकी रसद र सुरक्षा टोली इस्लामावादमा उपस्थित रहेको उल्लेख गरेको थियो । यसले इरान झन् सशङ्कित भयो । इरानी राष्ट्रिय सुरक्षा प्रवक्ता इब्राहिम रेजाइले पाकिस्तानको मध्यस्थतामाथि शङ्का गर्दै भनेका थिए, "पाकिस्तान हाम्रो असल मित्र भए पनि वार्ताको लागि उपयुक्त मध्यस्थकर्ता होइन । उनीहरूले सधैँ ट्रम्पको स्वार्थलाई ध्यानमा राख्छन् र अमेरिकी इच्छाविपरीत एक शब्द बोल्दैनन् ।"

**सन्दर्भ सामग्री**

"How the U.S. Learned to Stop Worrying and Love Pakistan", Droop Site News, 2026 May 18

"Pakistan PM Imran Khan Gone After Losing No Confidence Vote", Al jazeera, 2022 April 9

"Did U.S. Play A Role In Imran Khan's Fall In Pakistan ?...." The Sunday Guardian, 2026 May 18

"U.S. Tried to Punish 'Disobedient' Imran Khan: Russia", The Daily Star, 2022 April 5

*२०८३ जेठ १० गते*

## भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको ४ वर्ष

# ख्वप अस्पताललाई आधुनिक र सुविधासम्पन्न अस्पतालको रूपमा विकास गर्ने प्रयास गर्दै छौँ



**सुनिल प्रजापति**
प्रमुख, भक्तपुर नगरपालिका

भक्तपुर नगरपालिकामा दोस्रो कार्यकालको लागि हामी निर्वाचित भएर पद बहाली गरेको आजबाट ४ वर्ष पूरा भयो । वि.सं. २०७९ साल जेठ ६ गते आजकै दिन हामीले पद बहाली गरेका थियौँ । यस अवधिमा हामी जनप्रतिनिधिहरूले निर्वाचन घोषणापत्रमार्फत जनताबिच गरेका प्रतिबद्धताहरू एक-एक गरी पूरा गर्दै छौँ । जनताको इमानदारीपूर्वक सेवा गर्नेबाहेक हामी जनप्रतिनिधिहरूको अरू कुनै छुट्टै स्वार्थ छैन । हामी जनताको सेवामा निरन्तर खटिरहेका छौँ । जनताको आलोचना र सुझावहरूलाई आत्मसात गर्दै निरन्तर सेवामा समर्पित भएर काम गरिरहने प्रतिबद्धता व्यक्त गर्दै छौँ ।

सांस्कृतिक नगर, नाचगानको राजधानी र जीवित सङ्ग्रहालयजस्ता उपमा पाएको भक्तपुर नगरको गौरवलाई अझ उचाइमा पुऱ्याउन हामी निरन्तर प्रयासरत छौँ । शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, भौतिक पूर्वाधार निर्माणलगायत संविधान र कानुनले दिएको अधिकारभित्र रहेर विभिन्न विकास निर्माणका कार्यहरू गर्दै आएका छौँ ।

स्थानीय तहको स्वायत्तताको लागि हामीले लामो समयदेखि आवाज उठाउँदै आएका छौँ । हरेक सरकारले स्थानीय तहलाई केन्द्रको मातहतको एउटा निकाय वा आदेश पालकको रूपमा व्यवहार गर्दै आएको छ । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहहरूलाई केही हदसम्म अधिकार सम्पन्न बनाएका छन् । संविधान र ऐनअनुसार कक्षा १२ सम्मको सम्पूर्ण शिक्षाको एकल अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ । तर, त्यसको विपरीत शिक्षा मन्त्रालयले स्थानीय तहसित कुनै किसिमको सल्लाह र समन्वयसम्म नगरी आइतबार बिदा दिने, विद्यार्थी भर्ना र स्कूल सञ्चालनको दिन तोक्नेजस्ता निर्णयहरू गर्यो र अध्यादेश जारी गरी विद्यालय व्यवस्थापन समिति गठनमा संशोधन गऱ्यो । यसलाई स्थानीय तहहरूको स्वायत्ततामाथि केन्द्रको हस्तक्षेपको रूपमा हामीले लिएका छौँ । संविधानविपरीत यस्ता हस्तक्षेप स्थानीय तहहरूको लागि स्वीकार्य छैन । सङ्घ, प्रदेश र स्थानीय तह सबै आ-आफ्नो क्षेत्रमा स्वायत्त छन् । कसैले पनि अर्को सरकारलाई आदेश वा निर्देशन गर्न मिल्दैन ।

अब भक्तपुर नगरपालिकाले चालु आ.व. २०८२/०८३ मा गरेका केही कार्यहरूबारे यहाँ सङ्क्षिप्तमा राख्न चाहन्छौँ :

**शिक्षा** :

भक्तपुर नगरपालिकाले २ वटा इन्जिनियरिङ कलेजसहित सात वटा शैक्षिक संस्थाहरू सञ्चालन गरी देशभरिका विद्यार्थीहरूलाई कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ । शिशुस्याहार केन्द्रदेखि उच्च शिक्षासम्म प्रदान गर्ने भक्तपुर नगरपालिका नेपालको एकमात्र नगरपालिका हो ।

गुणस्तरीय शिक्षाको लागि विद्यालयहरूलाई भौतिक पूर्वाधार निर्माण, आवश्यक शैक्षिक सामग्री खरिद वा आवश्यकताअनुसार थप शिक्षकको बन्दोबस्तको लागि अनुदान दिँदै आएका छौँ । त्यसैगरी विद्यालय अनुगमनको निरन्तरता, गरिब तथा जेहनदार विद्यार्थीहरूका लागि पर्याप्त छात्रवृत्तिको व्यवस्था तथा समय समयमा शिक्षकहरूलाई तालिमको व्यवस्था गर्दै छौँ ।

उच्च शिक्षातर्फ यसैवर्ष ख्वप कलेज अफ इन्जिनियरिङलाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र (क्यु.ए.ए.) प्राप्त भएको छ । २०८२ पुस ७ गते ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा 'भूकम्प विज्ञान र विपदपछिको पुन:निर्माण' बारे चौथो अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भयो भने त्रिभुवन विश्वविद्यालय भौतिक शास्त्र केन्द्रीय विभाग, काठमाडौँ विश्वविद्यालय स्कूल अफ साइन्स, भौतिक शास्त्र विभाग, ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा 'खाद्य, स्वास्थ्य र कृषिमा चिसो प्लाज्मा र पल्स पावर प्रविधि' विषयमा अन्तर्राष्ट्रिय कार्यशाला २०८२ मङ्सिर २५ देखि पुस १ गतेसम्म सम्पन्न भयो । त्यसैगरी, ख्वप कलेजको आयोजनामा 'वातावरण, सामाजिक र शासन व्यवस्थामा नवीनता' विषयक राष्ट्रिय सम्मेलन र ख्वप कलेज अफ लको आयोजनामा 'फौजदारी कानुन र न्याय' राष्ट्रिय सम्मेलन सम्पन्न भयो । यस्ता राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलनहरूलाई निरन्तरता दिँदै जाने छौँ । शैक्षिक विकासको लागि विभिन्न अनुसन्धानमूलक कामलाई पनि जोड दिँदै आएका छौँ ।

**स्वास्थ्य** :

जनताको स्वास्थ्य उपचार सहज बनाउने उद्देश्यले सञ्चालित घरदैलो नर्सिङ सेवा, वडा-वडामा नियमित स्वास्थ्य शिविरहरू, वडा-वडामा स्वास्थ्य केन्द्रहरूको विस्तार तथा जनचेतनामूलक स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्दै छौँ ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई आधुनिक र सुविधासम्पन्न अस्पतालको रूपमा विकास गर्ने प्रयास गर्दै छौँ । यही वर्ष ख्वप अस्पतालमा सिटी स्क्यान सेवा शुभारम्भ भयो भने आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम पनि यही वर्षबाट लागू भयो । बिरामीहरूको सहजताको लागि क्यु.आर. कोड स्क्यान गरी ल्याब रिपोर्ट प्राप्त गर्ने उपकरण जडान गरी सेवा प्रदान गरिरहेका छौँ ।

ख्वप अस्पतालमा दिनानुदिन बिरामीहरूको चाप बढ्दो छ । चालु आर्थिक वर्षको बितेको दस महिनामा ख्वप अस्पतालले २ लाख ४२ हजार ३२६ जना बिरामीलाई सेवा दिइसकेको छ भने घरदैलो नर्सिङ सेवातर्फबाट ४० हजार ९०३ जना बिरामीलाई सेवा प्रदान गरिसकेको जानकारी गराउन चाहन्छौँ । हाल ख्वप अस्पतालमा ४४ जना विशेषज्ञ चिकित्सक, २३ जना मेडिकल अफिसर र ७१ जना नर्ससहित कुल २७५ जनशक्ति कार्यरत छन् ।

स्वास्थ्य बीमाको समयमा भुक्तानी नहुँदा अस्पतालले आर्थिक समस्या ब्यहोरिरहेको छ । ख्वप अस्पतालको बीमा बोर्डसँग हालसम्म ३५ करोडभन्दा बढी भुक्तानी लिन बाँकी भएको अस्पतालले जनाएको छ । जनताको स्वास्थ्यसँग सम्बन्धित बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लानु आवश्यक छ । स्वास्थ्य बीमा कार्यक्रम बन्द भएमा गरिब तथा विपन्न वर्गका बिरामीहरू निजी अस्पतालहरूमा जान बाध्य हुनेछन् र जनताले महँगो शुल्क तिरेर उपचार गराउनुपर्ने अवस्था आउनेछ । यसर्थ, अस्पतालहरूलाई बाँकी भुक्तानीको तत्काल व्यवस्था गर्न नेपाल सरकारको ध्यानाकर्षण गर्न चाहन्छौँ ।

**सम्पदा संरक्षण** :

भक्तपुर नगरपालिकाले सम्पदा संरक्षणलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको छ । २०७२ सालको भूकम्पबाट सयौँ सम्पदा भत्केका थिए । ती सम्पदाहरू र लोपोन्मुख अन्य सम्पदाहरू मठ, मन्दिर, पाटी, सत्तल, ढुङ्गेधारा, द्योछें, मन्दिर, पोखरी आदि समेत गरेर हालसम्म कूल १७८ वटा सम्पदाहरू पुन:निर्माण र जीर्णोद्धार सम्पन्न भइसकेको छ भने अहिले डेढ दर्जन सम्पदाहरू निर्माणाधीन छन् । आजै मात्र मौलिक शैलीमा पुन:निर्मित हाडा छेंको उद्घाटन नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) बाट सम्पन्न भइसकेको छ । छुमा गणेश मन्दिर, इन्द्रायणी द्योछेंको पुन:निर्माण सम्पन्नको चरणमा छन् । थन्थु दरबार, इखालाछी मठजस्ता महत्त्वपूर्ण सम्पदाहरू निर्माणाधीन छन् भने पाहाँ छें पुन:निर्माणको कार्य सुरुवात भएको छ ।

यही आर्थिक वर्षमा मात्र भोलाछें पाटी (वडा नं. ६), हैमा द्यो मन्दिर (वडा नं. ८), सलाँ गणेश पाटी (वडा नं. ९), दुगुरे फल्चा (वडा नं. १) लगायत सम्पदा सम्पन्न गऱ्यौँ । सांस्कृतिक पदयात्राअन्तर्गत भक्तपुरका पोखरीहरूको अवलोकन, समय-समयमा योमारी प्रतियोगिता तथा प्रदर्शनी र खाद्य उत्सव, गाईजात्रामा प्रस्तुत सांस्कृतिक प्रदर्शनीलाई पुरस्कार तथा सांस्कृतिक गुरुहरूको सम्मान कार्यक्रम सम्पन्न गऱ्यौँ । यही जेठ १५ गते परम्परागत दाफा प्रदर्शनीको तयारी भइरहेको छ ।

**खेलकुद** :

भक्तपुर नगरपालिकाले सबै नगरवासीहरूलाई स्वस्थ राख्न नगरका २३ ठाउँमा खुला व्यायामशालाको बन्दोबस्त मिलाएका छौँ । खेलकुदको क्षेत्रमा भलिबल, टेबलटेनिस, बक्सिङ, जिम्नास्टिक, कराते र फूटबललगायत विभिन्न ६ वटा खेलकुदको नियमित प्रशिक्षण दिँदै आएका छौँ । खेलकुद विकासका लागि समय-समयमा अन्तरविद्यालय खेलकुद प्रतियोगिता, अन्तरनगर खेलकुद प्रतियोगिता, विद्यार्थीहरूलाई आत्मरक्षा तालिम, शिक्षकहरूलाई प्रशिक्षक प्रशिक्षण तालिम गर्दै आउनुका साथै वडा-वडामा छिकोङ शारीरिक व्यायामसम्बन्धी तालिम भइरहेको छ ।

यस वर्ष सम्पन्न जिल्लाव्यापी राष्ट्रपति कप रनिङ शिल्ड प्रतियोगितामा भनपा प्रथम भएको थियो । राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा मेडल प्राप्त खेलाडीहरूको सम्मान कार्यक्रम आजको यस महत्त्वपूर्ण अवसरमा गर्दै छौँ । हाम्रा खेलाडीहरूको हौसला बढाउन यस्ता किसिमको सम्मान कार्यक्रमलाई निरन्तरता दिँदै जाने छौँ ।

**सरसफाइ** :

'आफ्नो ठाउँको सरसफाइ आफैले गरौँ' भन्ने भावनाको विकास गर्न हरेक महिनाको १ र १५ गते पाक्षिक रूपमा सरसफाइ कार्यक्रमलाई निरन्तरता दिँदै छौँ । जनप्रतिनिधि, कर्मचारी, स्थानीय टीम, क्लवलगायत स्थानीय जनताको त्यस्ता कार्यक्रमहरूमा सहभागी हुँदै आएको छ ।

नगरको फोहरलाई व्यवस्थित गर्न कुहिने र नकुहिने अलग-अलग सङ्कलन गरी कुहिनेको कम्पोस्ट मल बनाई किसानहरूलाई प्रतिकेजी रु. २० मा बिक्री गर्दै आएका छौँ भने नकुहिने फोहर प्रतिकेजी ४ रुपैयाँमा बिक्री गरेर फोहरलाई आर्थिक स्रोत बनाउँदै छौँ । फोहर व्यवस्थापन आधुनिक प्रविधिबाट गर्ने विषयमा पनि छलफल भइरहेको छ ।

**कृषि** :

किसानहरूको जीवनस्तर उठाउन कृषि उत्पादन वृद्धिबिना सम्भव छैन । त्यसको लागि किसानहरूलाई समय समयमा कीटनाषक औषधिको प्रयोग, माटो परीक्षण, नयाँ-नयाँ प्रविधिसम्बन्धी आवश्यक तालिमहरूको बन्दोबस्त गर्दै आएका छौँ । खेती किसानी गर्नेहरूलाई कृषि सामग्री वितरण, किसान सूचीकरण, सहुलियतमा कम्पोस्ट मल वितरण, कृषि व्यवसायीहरूसँग अन्तरक्रियालगायतका कार्यक्रमहरू गर्दै आएका छौँ ।

**सीपमूलक तालिम** :

प्रत्येक युवालाई शिक्षासँगै सीपमूलक तालिम दिनुपर्ने आवश्यकतालाई महसुस गरी पाक शिक्षा, ज्येष्ठ नागरिक हेरचाह, हेयर कटिङ, सिलाइ, मोबाइल मर्मत, छालाको जुत्ता बनाउने, सिकर्मी, कपडाको झोला तथा ब्याग बनाउने, उद्यमशीलतालगायतका तालिमहरू नियमित सञ्चालन गर्दै आएका छौँ । त्यसैगरी, होम स्टे व्यवस्थापन, कम्प्युटर, चिनियाँ र जापानी भाषा, टेलिभिजन, एआईको प्रयोगसम्बन्धी तालिम दिएर युवाहरूलाई दक्ष बनाउने प्रयास गर्दै छौँ । तालिम प्राप्त युवाहरूलाई स्वरोजगार बनाई आत्मनिर्भर बनाउन भक्तपुर नगरपालिकाले युवा उद्यमशीलता ऋणको पनि व्यवस्था गरिरहेका छौँ ।

**विकास निर्माण** :

भक्तपुर नपा वडा नं. १० स्थित सिलखेमा प्राङ्गारिक मल प्रशोधन केन्द्र निर्माणाधीन अवस्थामा छ । भनपा वडा नं. ८ लिबालीमा शीत भण्डारण गृह निर्माण, स्वास्थ्य सेवा विस्तारका लागि भनपा वडा नं. ७ र वडा नं. १० मा स्वास्थ्य सेवा केन्द्र, भनपा वडा नं. ५ मा पार्किङ निर्माण कार्यहरू अन्तिम चरणमा पुगेको छ । त्यस्तै, खोला नियन्त्रण तथा बाढीबाट हुने क्षति न्यूनीकरण गर्न हनुमन्ते खोलाको ठाउँ-ठाउँमा रिटेनिङ वाल निर्माण कार्य भइरहेको छ भने घाट सुधार, खोलामा माटो निकाल्ने र सफा गर्ने कार्य भइरहेको छ । ख्वप अस्पताल परिसरमा सहायक पूर्वाधार निर्माण कार्य भइरहेको छ भने नगरका विभिन्न सडकहरू मर्मत सम्भार भइरहेका छन् । सिलखेदेखि कमलविनायकसम्म खानेपानी पाइपलाइन विस्तार गर्ने र खानेपानी प्रशोधन प्लान्ट जडान गर्ने कार्य चालू छ । भनपा वडा नं. ६ मा आदर निकेतन भवनमा फिनिसिङ तथा विद्युतीय कार्य र सीसीटीभी जडानजस्ता अन्तिम चरणका कार्य भइरहेको छ भने तारा माविको भवन निर्माण कार्य तीव्रगतिमा अगाडि बढिरहेको छ ।

**खानेपानी** :

भक्तपुरका जनतालाई खानेपानी समस्या समाधानको लागि निरन्तर प्रयास गर्दै छौँ । हामी दोस्रो कार्यकालको लागि निर्वाचित भएको पहिलो वर्ष अर्थात् वि.सं. २०७९ सालदेखि नै केयूकेएलसँग समन्वय गरी मेलम्चीको पानी वितरण सुरु गरेका थियौँ । अझै नगरका केही ठाउँहरूमा खानेपानी समस्या देखिएको हुँदा ती सबै क्षेत्रमा खानेपानी पुऱ्याउन ठाउँ-ठाउँमा पाइपलाइन विस्तार गरी पानी वितरणको लागि आवश्यक पहल गरिरहेका छौँ ।

बस्ती विस्तारसँगै नगरकोटको पानी अपुग हुँदै गइरहेको हुँदा वैकल्पिक स्रोतहरू इनार, ढुङ्गेधारा, पोखरी, संरक्षणलाई पनि जोड दिँदै छौँ । जमिनमुनिको पानी बोरिङ गरी अभाव न्यूनीकरण गर्दै वर्षैभरि नगरवासीहरूलाई सहज पानी उपलब्ध गराउन प्रयासरत छौँ ।

**सहकारी** :

सहकारी पीडितहरूको विषयलाई सम्बोधन गर्न फरार सञ्चालकहरूबारे आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरी सञ्चालकहरूको सम्पत्ति रोक्का गर्नेजस्ता कार्य गर्दै आएका छौँ । कमी कमजोरी देखिएका सहकारीहरूको अनुगमन गरी सुधार्ने प्रयास भइरहेको छ । कानुनविपरीत जनताको बचत लिएर भाग्ने सञ्चालकहरूलाई कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाएका छौँ ।

**देको मिवा इतापाके आवास योजना** :

१६५३ रोपनी जग्गामा सञ्चालित यस आवास योजना अन्तिम चरणमा पुगेको छ । जग्गावाला किसानहरूलाई जग्गाधनी पुर्जा निरन्तर वितरण भइरहेको छ । स्थानीयवासीहरूको गुनासोलाई ध्यानमा राखी उचित सम्बोधन गर्ने प्रयास भइरहेको छ । विशेषगरी गुठी जग्गा कमाउने मोहीहरूको समस्या सम्बोधन गर्न सम्बन्धित क्षेत्रमा पहल गरिरहेका छौँ ।

**सञ्चारमाध्यम** :

नगरपालिकाको हरेक गतिविधि र निर्णयहरू मासिक 'भक्तपुर', पाक्षिक 'ख्वप पौ', 'भक्तपुर खबर डट कम' (अनलाइन) पत्रिका, फेसबुक पेज, वेभ साइटमार्फत सार्वजनिक गर्दै आएका छौँ ।

**बजार अनुगमन** :

जनताको स्वास्थ्यलाई ध्यानमा राखी सबैखाले खाद्यान्न र उपभोग्य वस्तु बिक्री वितरणका सम्बन्धमा नगरपालिकाले अनुगमन गर्दै आएको छ । अनुगमनको क्रममा गलत काम गर्ने व्यवसायीहरूलाई कानुनी कारबाही गर्दै आएका छौँ ।

**नक्सापास र मुद्दा फछ्र्यौट** :

चालू आ.व.मा ३८० नक्सा दर्ता भएकोमा ३४४ वटा नक्सा पास भएको छ भने १७१ वटा निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गरिसकेको छ । सो अवधिमा अनियमित निर्माणसमेत गरी ४७० मुद्दा दर्ता भएकोमा ३६७ वटा मुद्दा फछ्र्यौट भइसकेको छ ।

**विविध** :

- २०८२ कार्तिक २९ गते जर्मनीको लाउसिट्ज चिकित्सा विश्वविद्यालयका कुलपति प्रोफेसर इखार्ड नागेलको नेतृत्वमा आएको प्रतिनिधि मण्डलले ख्वप अस्पतालको अवलोकन भ्रमण गऱ्यो ।
- २०८२ वैशाख ४ गते वाग्मती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरू र ख्वप अस्पतालको निरीक्षण गर्नुभयो ।
- चालू आर्थिक वर्षमा बाग्मती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापामगर, दमक नपाका नगर प्रमुख रामकुमार थापा, मधेश विश्वविद्यालयका उपकुलपति प्रा.डा. दीपक शाक्य, इलाम र रंगेली नपाका जनप्रतिनिधिहरूले भक्तपुर नगरपालिकाको अध्ययन अवलोकन भ्रमण गर्नुभयो ।
- साथै, चीनको छोङछिङ समाज विज्ञान अध्ययन प्रतिष्ठानका अनुसन्धानकर्ता सिओङ पो, दक्षिण कोरियाको छ्योङयाङ्गुन खेलकुद परिषद्का अध्यक्ष हान ग्वाङ सियोक, पूर्वी चीन प्राविधिक विश्वविद्यालयका डीन प्राध्यापक डा. लिऊ युइ मिङ, जनवादी गणतन्त्र चीनको इस्ट चाइना युनिभर्सिटी अफ टेक्नोलोजी र छिङहाई मिन्चु युनिभर्सिटीको प्रतिनिधिमण्डल, दक्षिण एसियाली मुलुकका वास्तुविद्हरूको टोलीले भक्तपुर भ्रमण गरेको रेकर्ड छ ।
- मित्रराष्ट्र चीनको युनानस्थित फुवाई युनान कार्डियो भास्कुलर अस्पतालका कार्यरतविज्ञ चिकित्सकहरूको सहभागितामा नि:शुल्क मुटु परीक्षण शिविर सम्पन्न गरियो ।

अन्त्यमा, नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरूलाई निर्वाचनमा विजयी बनाएर सांस्कृतिक नगरको नेतृत्व गर्ने अवसर दिनुभएकोमा सम्पूर्ण जनताप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ । नगरपालिकाको हरेक काममा साथ र सहयोग गर्नुहुने सबै जनतामा हार्दिक धन्यवाद छ । आगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा गर्दछौँ ।

# चे ग्वेभारालाई चिनाउने पुस्तक 'बोलिभियाली डायरी'

✍ सभा

विश्वक्रान्तिमा अर्नेस्टो चे ग्वेभाराको योगदान र उनको व्यक्तित्वबारे सचेत युवा पुस्ता अवगत छन्। एक क्रान्तिकारी योद्धाको रूपमा उनी चिनिन्छन्। यद्यपि, उनको जीवनका उकाली ओराली, सफलता-असफलताबारे राम्रो जानकारी राख्नेहरू उनको क्रान्तिकारी भावना र योगदानप्रति सहमत रहे पनि उनलाई आलोचनात्मक दृष्टिले हेर्छन्।

उनी अर्जेन्टिनाको रोशारियोमा जन्मिए, ल्याटिन अमेरिकी जनआन्दोलनहरूमा सहभागी बने, क्युवाली क्रान्तिमा बेजोडको योगदान गरे, कङ्गो पुगी निरन्तर ६ महिना क्रान्तिकारी लडाइँमा संलग्न बने र बोलिभियाली गुरिल्ला युद्धको मोर्चा सम्हाले। उनलाई विश्वका न्यायप्रेमी जनता साम्राज्यवादविरोधी योद्धाका रूपमा स्मरण गर्छन्। अमेरिकी साम्राज्यवादविरुद्ध उनीभित्रको आगो इतिहासका पाना र उनका कृतिहरूबाट अनुभव हुन्छ। पेशागत हिसाबले एक चिकित्सक अर्थात् डाक्टर तर उनले आफ्नो स्टेथेस्कोपभन्दा क्रान्तिको बन्दुक, बिरामीभन्दा युद्धका घाइतेको सेवालाई प्राथमिकतामा राखे। मेडिकल क्षेत्रका मानिसलाई समेत उनको जीवनदर्शन प्रेरणादायी बन्न सक्दछ।


उनलाई विश्वले एक अर्जेन्टिनी मार्क्सवादी क्रान्तिकारी, डाक्टर, लेखक, गुरिल्ला नेता, कूटनीतिज्ञ र सैन्य सिद्धान्तकारका रूपमा पनि चिन्दछ। उनी ल्याटिन अमेरिका र त्यहाँका जनताको जनजीविकालाई आफ्नै आँखाले महसुस गर्न रुचाउने व्यक्ति थिए। त्यसकारण, थुप्रै भ्रमणहरू पनि गरे। अल्बर्टो ग्रानाडोसँगको (सन् १९५२) मोटरसाइकल यात्रा उनको कृति 'मोटरसाइकल डायरी' मा प्रतिबिम्बित छ।

उनी सन् १९५४ तिरै ग्वाटेमालाको राजनीतिक क्रियाकलापमा संलग्न थिए। सीआईएले आयोजना गरेको सैन्य अपरेसनमा जाकोटो अर्बेन्ज फालिएपछि उनी मेक्सिको गए। मेक्सिकोमा उनले निर्वासित क्युवाली क्रान्तिकारीहरूको खोजी गरे। सन् १९५५ जुलाईमा उनले नेता फिडेल क्यास्ट्रो भेटे र तुरुन्तै क्युवाली तानाशाह फाल्गेन्सियो बाटिस्टालाई फाल्ने उद्देश्यसहितको गुरिल्ला अभियानमा सहभागी बने। क्युवालीहरूले उनलाई 'चे' उपनाम दिए। क्युवाको सियरा मायस्ट्रा पहाडहरूमा एकजना डाक्टर नभई क्रान्तिकारी योद्धा पुगेका थिए। उनी गुरिल्ला युद्धहरूका कमान्डर बने। बाटिस्टा सरकारविरुद्ध क्युवाली जनताको मुक्ति युद्धमा उनी अग्रपङ्क्तिमा बसी लडे। आज पनि क्युवाली जनता उनलाई सम्झन्छन्। क्युवाली क्रान्तिको इतिहासमा उनी अमर छन्। सन् १९५९ जनवरी १ मा बाटिस्टा सरकार फालिएपछि नयाँ बनेको क्रान्तिकारी सरकारमा 'चे' मुख्य नेताका रूपमा थिए। उनी नयाँ क्रान्तिकारी सरकारमा कृषि सुधारको राष्ट्रिय संस्थाको औद्योगिक विभागको प्रमुख बने, त्यसपछि राष्ट्रिय बैङ्कको अध्यक्ष बने। सन् १९६१ मा त उद्योगमन्त्रीको जिम्मेवारी बहन गरे। उनी सन् १९६५ सम्ममा क्युवाको कम्युनिस्ट पार्टीको केन्द्रीय नेता समेत बने। उनले आफ्ना जिम्मेवारीलाई अत्यन्त मिहिनेतसाथ निर्वाह गरे। उनले संरा अमेरिकालगायत विभिन्न अन्तर्राष्ट्रिय डबलीहरू, एसिया, अफ्रिका, ल्याटिन अमेरिका र समाजवादी देशहरूमा क्युवाली क्रान्तिकारी सरकारको प्रतिनिधि बनेर दिएका मन्तव्य सुरक्षित छन्। तेस्रो विश्वका मानिसको पक्षमा उनको अभिव्यक्ति आज पनि सान्दर्भिक छ। उरुग्वेमा सन् १९६१ मा सम्पन्न पुन्टा डेल इस्टे सम्मेलनमा अमेरिकी राष्ट्रपति जोनएफ केनेडीको प्रस्ताव 'प्रगतिका लागि गठबन्धन' को विरुद्धमा उनको अडान र अभिव्यक्ति सम्पूर्ण ल्याटिन अमेरिकी देशहरूको भलाइमा थियो। 'प्रगतिका लागि गठबन्धन' ल्याटिन अमेरिकी देश र जनताको प्रगतिका लागि होइन संरा अमेरिकाको समृद्धि र सैन्य अखडा निर्माणका निमित्त हो भन्ने उनको अभिव्यक्ति कालान्तरमा सही प्रमाणित भयो। क्युवाली समाजवादको आभाले नयाँ बाटो देखेको ल्याटिन अमेरिकी जनताको आँखामा आर्थिक सहयोग र अनुदानको पट्टीले बाँधने कुचेष्टा थियो त्यो भन्ने चेको पूर्वानुमान गलत भएन। उनले पुस्तक 'हाम्रो अमेरिका र तिनीहरूको' मार्फत पुन्टा डेल इस्टा सम्मेलन र 'प्रगतिका लागि गठबन्धन' नामक केनेडीको प्रस्तावको निहित स्वार्थ केलाएर विश्वलाई सत्यतथ्य बताए। संरा अमेरिकाको साम्राज्यवादी नीति, विदेश नीति, आर्थिक नीतिविरुद्ध उनको लडाइँ आजीवन चल्यो। उनले सन् १९६५ मा क्युवा छोडे। उनले जाँदाजाँदै नेता क्यास्ट्रोलाई पत्रमा यसो लेखेका थिए - "क्युवाली क्रान्तिले मलाई सुम्पेको जिम्मेवारी मैले पूरा गरेँ भन्ने लाग्छ। त्यसकारण, अब बिदा माग्छु!" उनले जोड दिएका थिए - "अन्य देशहरूलाई पनि मेरो सेवाको जरुरत छ त्यसैले मैले क्युवा छोड्नैपर्छ।"

उनी कङ्गो पुगे। कङ्गोको क्रान्तिकारी सङ्घर्षमा सहयोग पुऱ्याउन गुरिल्ला मिसनमा भाग लिए। कङ्गोको गुरिल्ला मिसन असफल रह्यो। उनी गोप्यरूपमा सन् १९६५ डिसेम्बरमा क्युवा पुगे र पुनः बोलिभियाका लागि गुरिल्ला मिसनको तयारीमा जुटे। सन् १९६६ नोभेम्बरमा उनी बोलिभिया पुगे। बोलिभियामा चेले त्यहाँको तत्कालीन सैन्य तानाशाही व्यवस्था खत्तम गर्ने उद्देश्य बोकेका थिए। बोलिभियाबाट उठ्ने उभारले सम्पूर्ण ल्याटिन अमेरिकी जनता न्यायका निम्ति संरा अमेरिकी दबदबाविरुद्ध जागी उठ्नेछन् भन्ने सोचेका थिए, बोलिभियामा उनको सङ्घर्षको उद्देश्य त्यही थियो। बोलिभियाको सङ्घर्षको नतिजा उनले सोचेजस्तो हुन सकेन। बोलिभियाको गुरिल्ला मिसनकै सिलसिलामा उनी संरा अमेरिकाद्वारा तालिम प्राप्त र परिचालित प्रतिक्रान्तिकारी समूहबाट सन् १९६७ अक्टोबर ८ मा समातिए, घाइते बनाइए, मारिए र उनको लास बेपत्ता बनाइयो। यही बोलिभियाली सङ्घर्षको क्रममा लेखिएको डायरी 'The Bolivian Diary' ले उनको जीवनको एउटा अध्याय उजिल्याउँछ। बोलिभियाली सङ्घर्षको भोगाइ, सफलता-असफलता, चुनौती र कठिनाइहरू उजागर गर्छ। सङ्घर्षदेखि मृत्युसम्मको उनको यात्राको सबैभन्दा जोखिमपूर्ण समयहरूको खोतलखातल गर्छ। चेको लास गाडिएको ठाउँ सन् १९९७ मा मात्र पत्ता लगाइयो र अस्थिपञ्जर क्युवा लगियो। क्युवाको केन्द्र सान्टाक्लारामा उनको स्मारक बनाइएको छ। त्यो ठाउँ क्युवाली क्रान्तिको दौरान सबैभन्दा महत्त्वपूर्ण सैन्य विद्रोहमा चे नेतृत्वको टोलीले जितेको ठाउँ हो।

बोलिभियाली डायरी, अङ्ग्रेजीमा प्रकाशनको तयारी चे ग्वेभारा अध्ययन केन्द्र, हवानाले गऱ्यो। योभन्दा पहिले स्पेनियाली भाषामा सन् १९६८ मै क्युवाली पुस्तक संस्थाले प्रकाशन गरिसकेको थियो। पुस्तकमा नेता फिडेल क्यास्ट्रो, कामिलो ग्वेभाराको अभिव्यक्ति सङ्ग्रहित छ। उनको डायरीभित्र बोलिभियाली सङ्घर्षको दर्पण त छ नै साथै त्यो सङ्घर्षमा उनको अनुभूति छ। सङ्घर्षमा कमरेडहरूको साथको चर्चा छ। उनी सँगसँगै हिँडेका सहयात्रीहरूको चर्चा छ। सँगसँगै सामना गरेका गोलाबारुदको गुञ्जन छ। आलो घाउहरूको दुखाइ, भोकको गीत, थकानका पहाडहरूको चर्चा छ। जस्तै परिस्थितिमा पनि दृढ निश्चियी चे ग्वेभाराको ओजस्वी व्यक्तित्व डायरीभित्र छ। बोलिभियाली गुरिल्ला सङ्घर्षभित्रको आशा र सपनाका कुरा छन्। यदि तिमी सच्चा क्रान्तिकारी हौ भने 'कि त मर कि लड' भन्ने चे बोलिभियाली माटोमा संरा अमेरिकी साम्राज्यवाद, नवउपनिवेशवादी मानसिकता, एकाधिकार पुँजीविरुद्ध अन्तिम दमसम्म लडे। कामिलो ग्वेभाराले चेलाई एक सच्चा क्रान्तिकारी र लडाकुको रूपमा स्मरण गरेका छन्।

डायरीका यी पृष्ठहरू चेले अत्यन्त कठिन समयमा लेखेका हुन्, त्यस्तो समयमा पनि लेखे जतिबेला उनलाई स्वास फेर्न पनि गाह्रो थियो। यसलाई इतिहासको दस्तावेजको रूपमा पनि अध्ययन गर्न सकिन्छ। नेता फिडेल क्यास्ट्रोले उनको बलियो इच्छाशक्ति र विश्वका सर्वहारा जनता, न्याय र मुक्तिप्रतिको समर्पणको प्रशंसा गर्नुभएको छ। संरा अमेरिकी साम्राज्यवादीहरूको दमन, क्युवामाथिको अत्याचार, हमला, नाकाबन्दी क्युबालाई एक्ल्याउने प्रयासविरुद्ध चे क्युवासँग उभिएर लडे। साम्राज्यवादीहरू जुनै पनि देशका प्रतिक्रान्तिकारी र शासकहरूसँग मिलेर क्रान्तिकारी आन्दोलन दबाउन तयार थिए। चे ग्वेभाराको बोलिभियाली मिसनको विषयमा सुरुमा क्युवाली नेतृत्व सकारात्मक थिएन। तयारी नपुगेको अर्थात् सङ्गठन निर्माण र जनताको साथको जरुरत हुने पक्षलाई उपेक्षा नगर्ने पक्षमा क्युवाली नेतृत्व थियो। पछि चे ग्वेभारालाई जोगाउनकै निम्ति पनि क्युवाबाट लडाकुहरू गए। चेलाई क्युवाको सञ्चार सञ्जालसँग जोडेर राखे। क्युवाबाटै यो पुस्तकको प्रकाशन अमेरिकी आक्रमण र दमनको विरुद्धमा हो भन्नुहुन्छ फिडेल। नेता क्यास्ट्रो लेख्नुहुन्छ - "चेको विचार, छवि र नामै पनि अन्याय, अत्याचार, शोषणविरुद्ध सङ्घर्षको झन्डा हो। चे संरा अमेरिकाको आँखाको कसिङ्गर बन्नु कुनै आश्चर्यको विषय होइन।" चेको यो डायरी एक अभूतपूर्व व्यक्तित्वको अभिव्यक्ति हो। गुरिल्ला युद्धको शिक्षा हो जसलाई दैनिक तनाव र असुरक्षाबिच पनि लेखियो। गनपाउडरको गन्धबिच पनि शक्ति झुकाउन सकिन्छ भन्ने शिक्षा हो भन्नुहुन्छ फिडेल। चे ग्वेभाराले त्रिमहादेश या ल्याटिन अमेरिकी सङ्घर्षलाई सन्देश पठाएका थिए - "हाम्रो प्रत्येक सङ्घर्ष साम्राज्यवादविरुद्ध केन्द्रित हुनुपर्छ। यदि हाम्रो गर्जन, हाम्रो आवाज सम्बन्धित कानहरूसम्म पुग्छ भने, हाम्रो सङ्घर्षले साँच्चिकै अर्थ राख्छ भने मृत्युले जुनसुकै बेला अङ्गालो हाले पनि अचम्भित नहुनू, दुःख मनाऊ नगर्नू। लड्न छोड्नु हुँदैन। बन्धन स्वीकार्य छ भने त्यसको विकल्प नलड्नु नै मात्र हुन्छ।" चे आफ्नो विचार जति त बाँचेनन् तर उनको रगत खेर गएन।




चे कहिल्यै पद र नेतृत्वमा बस्न नचाहने व्यक्ति थिए तर उनी क्रान्तिकारी गुरिल्ला युद्धहरूले नै ल्याटिन अमेरिकाको मुहार फेरिनेमा विश्वास राख्थे। उनले साँचो सर्वहारा वर्गीय अन्तर्राष्ट्रवाद हुर्काउन योगदान गरेको अनुभव डायरी पढ्दा मिल्छ। मानवजातिको उत्थान र सर्वहारावर्गको मुक्तिका निम्ति रगत बगाउनुपर्ने विचार मिल्छ।

सन् १९६६ नोभेम्बर ७ मा कोचाबाम्बा हुँदै लापाजबाट मिसन सुरु भयो। चेले बोलिभियाको कम्युनिस्ट पार्टीसँग पनि सम्पर्क गरेका थिए। चेले बोलिभियाको कम्युनिस्ट पार्टीका सचिव मारियो मान्जेको विषयमा चर्चा गरेका छन्। मान्जे गुरिल्ला मिसनबारे पूर्णतः अनभिज्ञ थिए। यद्यपि, उनले चेको सङ्घर्षमा सुरुमा प्रतिक्रिया जनाएनन्। डायरीमा चेको दिनचर्या, भेटघाट, सहयात्रीहरूको अनुभव र योजनाहरू भेटिन्छन्। कहिले ३-४ दिनसम्म गाडीको यात्रा त कहिले हप्तौँ हिँडेर सङ्घर्ष अगाडि बढ्यो। घामपानी, हुरी-वर्षाको कुनै परवाह थिएन। नोभेम्बर महिनाको यात्रा र सङ्घर्ष ग्रामीण क्षेत्रमा केन्द्रित भयो। अन्य लडाकु टोली निर्माण गर्नु, बोलिभियालीहरूको सङ्ख्या कम्तिमा २० भन्दा माथि पुऱ्याउनु, मोन्जेको प्रतिक्रिया कुर्नुमै नोभेम्बरको यात्रा सकियो। डिसेम्बर महिनामा क्युवाबाट सहयोग, पेरुका क्रान्तिकारीहरूको ऐक्यबद्धता मिल्यो। जङ्गली भालुको सिकार गरी खानाको जोहो गर्नुपर्ने समय आयो। टनेल खन्ने कार्य सुरु गर्न गुरिल्ला टोलीसँग सरसामग्री समेत थिएन। अभाव र असुविधाहरूसँग जुध्दै यात्रा अगाडि बढ्यो। समयसमयमा चेले आफ्ना सहयात्रीहरूसँग सामूहिक या एकताबद्ध नेतृत्व र कडा अनुशासनको विषयमा छलफल चलाउँथे। कम्युनिस्ट आचरण र सङ्घर्षमा समर्पणको भावनाको आवश्यकता औँल्याउँथे। डिसेम्बरमा मोन्जेसँगको कुराकानी र सम्झौता टुङ्गियो। मोन्जेले पार्टी नेतृत्वबाट राजीनामा दिनुपर्ने, सङ्घर्षमा पार्टी कार्यकर्तालाई भर्ती गराउनुपर्ने, बोलिभियाको सीमाभित्र जति लामो सङ्घर्ष चल्छ त्यतिन्जेल सङ्घर्षमा जुट्नुपर्ने, दक्षिण अमेरिकाका अन्य पार्टीसँग सम्पर्क गरी मुक्ति आन्दोलनमा सहयोग र समर्थन जुटाउनुपर्ने विषयमा डिसेम्बर ३१ मा छलफल भएको थियो। चेका निम्ति क्युवाबाट फिडेलले पठाउनुहुने सन्देशले असाध्यै खुसी र उत्साहित बनाउँथ्यो। डिसेम्बरसम्ममा क्युवाली टोलीसहित पेरुका कमरेडहरू र बोलिभियाका केही योद्धाहरू एकताबद्ध भइसकेका थिए। त्यतिन्जेल पनि मोन्जेको प्रतिक्रिया आएको थिएन।

मोन्जेले जनवरी ८ सम्ममा पार्टीभित्र राजीनामा दिने कुरा गरेका थिए तर चेको अनुमानअनुरूप मोन्जेले धोका दिए, छल गरे। पार्टी नै चेको गुरिल्ला मिसनविरुद्ध उभियो। तर, त्यसले चेको मिसन रोकेन। उनलाई के विश्वास थियो भने इमानदार, न्यायप्रेमी र सैन्य भावनासहितका मानिसले सघाउनेछन्। बोलिभियाली जनतामा क्रान्ति चेतना असाध्यै न्यून थियो यद्यपि एक दिन जनताको साथ मिल्नेमा चे विश्वस्त थिए। त्यही विश्वासमा गुरिल्ला मिसन सुरु भयो। ठाउँठाउँमा शिविरहरू बनाइए। सम्पूर्ण गुरिल्ला शारीरिक तथा मानसिकरूपले उत्तिकै क्षमतावान् थिएनन्। फेब्रुअरीपछिको मिसन लडाइँ गर्ने थियो जुन भयानक पनि हुन सक्थ्यो। अजङ्गको पहाड चढ्ने, गहिरो र बेगसहितको नदी तर्ने, रुखहरूको बिचमा हराउँदै र जङ्गली जीवहरूसँग लुकामारी खेल्दै संरा अमेरिकाबाट तालिम प्राप्त सेनाहरूसँग भिड्न कहाँ सजिलो हुन्थ्यो र ? बेलाबखतमा आइरहने फिडेलको भाषणले गुरिल्लाहरूलाई ऊर्जा मिल्थ्यो।

हिँड्दाहिँड्दै खुट्टा सुन्निने समस्याले धेरै कामरेडहरू थलिएपछि घोडाको मासु खाएको सन्दर्भ छ। बाटोमा आर्थिक, मेडिकल र विद्युतीय सहयोगका निम्ति मान्छेहरू आवश्यक भयो। मिसनको सुरुआती हमलाहरूमै शत्रुले गुरिल्ला सङ्घर्षलाई एक्ल्याउने कुचेष्टा गरिरहे। गुरिल्लाविरुद्ध किसानहरूलाई नै प्रयोग गरे। अन्तर्राष्ट्रिय क्षेत्र अर्थात् संरा अमेरिकी शक्तिको साथ लिए। यी सबै कुराको जानकारी सकेसम्म नेता फिडेलसम्म पुऱ्याउन उनी लेख्थे। अप्रिल महिनामा चेको खोजी द्रुतगतिमा भयो। एक दिन (अप्रिल २०) मा त खाना पकाइरहेको घरमै बम वर्षा भयो, आक्रमण गरियो। यात्रामा साथी रोनाल्डोको मृत्यु हृदयविदारक थियो। रुवियो र रोनाल्डोको असामयिक मृत्युले मोर्चाको नेतृत्वकर्ता गुमेको थियो। यही समयमा क्युवासँग चेको सम्पर्क पनि छुट्यो। अलमेइडालगायत सम्पूर्ण गुरिल्ला योद्धाहरूको सन्दर्भ डायरीमा छ। उनले आफ्ना सहयात्रीहरू कसैलाई डायरीमा छुटाएजस्तो लाग्दैन।

लडाइँहरूमा जीत अनिवार्य थियो तर हातहतियार र लडाकुहरूको अभावले त्यो सम्भावना झिनो बन्दै गयो। मानिला, ला पाज, जो आक्वीनमा चेको सम्पर्क छुट्दा २५ लडाकु छुटे। लडाइँमा किसानहरू भर्ती गर्ने, किसानहरूलाई पनि सङ्घर्षको मैदानमा उतार्ने चेको योजना विफल बनेको थियो। सुरुआती दिनमा त किसानहरू गुरिल्ला टोलीहरूबाट तर्सन्थे, आक्रान्त हुन्थे। पछि त्यो डर र भय हट्यो, समर्थन जनाए। तर, बन्दुक बोक्न तयार भएनन्। जनतालाई राजनीतिकरूपले सचेत नबनाई, सङ्गठित नगरी लडिने हरेक लडाइँ असफलतामा टुङ्गिन्छ भन्ने उदाहरण बोलिभियाली गुरिल्ला सङ्घर्ष पनि हो। बोलिभियाको कम्युनिस्ट पार्टी र जनताको साथ समर्थनविना बोलिभियाको मुक्तियुद्ध सम्भव थिएन। त्यो सम्भव देख्नु चे ग्वेभाराको कमजोरी थियो भन्ने बुझ्न गाह्रो पर्दैन। कतिपय कम्युनिस्ट नेताहरू उनको व्यक्तित्वबारे बोल्दा उनलाई एक अराजकतावादी विचार भएका योद्धाको रूपमा पनि चित्रण गर्छन्, कङ्गो र बोलिभियाको इतिहास कोट्याउँदै।

जुन महिनादेखि चे ग्वेभारालाई दम रोगले सताउन थाल्यो। पहाडको उचाइमा पुग्दा अझ गाह्रो हुने, उचाइमा दम बढ्ने समस्या भयो। जून महिनामै टुमाको निधनले चेलाई मर्माहत बनायो। त्यसपछि कामरेडहरूको मृत्यु, हत्याको लेखाजोखा नै रहेन। शिविरहरूमा सञ्चारको अभाव र किसानहरूको सहभागिताविना गुरिल्ला मिसन कमजोर बन्दै गयो। यद्यपि, त्यसले बोलिभियाको सरकारलाई हल्लायो अर्थात् बोलिभियामा एक किसिमको राजनीतिक सङ्कट खडा गऱ्यो। तर, तत्कालै बोलिभियामा संरा अमेरिकाले ठाडो हस्तक्षेप सुरु गऱ्यो। आर्थिक, राजनीतिक र सैन्य क्षेत्रमा संरा अमेरिकाको पकड भएपछि गुरिल्ला सङ्घर्ष दबाउनु स्वाभाविक पनि भयो। अगस्टसम्म आइपुग्दा क्युवासँगको रेडियो सम्पर्क समेत टुट्यो। सम्पूर्ण शिविर गुफाहरूमा दस्तावेज र औषधीहरू छोडेर हिँड्नुपर्ने स्थिति आयो। त्यो घटनाले गुरिल्लाहरूमा मानसिकरूपले प्रहार भएको अनुभव गरियो। यद्यपि, 'मातृभूमि या मृत्यु' को नाराले तिनलाई ऊर्जा दिइरहेको थियो। सेप्टेम्बरसम्म आइपुग्दा राष्ट्रिय स्तरमा शिक्षक, विद्यार्थी तथा मजदुरहरूको हड्ताल र आन्दोलनहरू चुलियो। त्यसलाई सङ्घर्षको उपलब्धिका रूपमा लिन सकिन्छ।

बोलिभियाको राष्ट्रिय मुक्ति सेनाले चलाएको प्रतिक्रियावादी झूटहरूविरुद्ध क्रान्तिकारी सत्यबिचको लडाइँ सार्थक बन्यो। मातृभूमिको मुक्ति बोलिभियाली जनताको स्वतन्त्रताको निम्ति र बोलिभियालगायत ल्याटिन अमेरिकी देशहरूमा संरा अमेरिकी हस्तक्षेप खत्तम गर्ने उद्देश्यले भएको गुरिल्ला सङ्घर्षले विश्वक्रान्तिमा उल्लेख्य स्थान ओगट्छ साथै तेस्रो विश्वलाई सङ्घर्षको मैदानमा उत्रन ऊर्जा प्रदान गर्छ। तत्कालीन समयमा बोलिभियाको सङ्घर्षको आगोले सम्पूर्ण दक्षिण अमेरिकालाई उज्यालो दिशा प्रदान गरिरहेको थियो। फिडेल लेख्नुहुन्छ - "चेको आवाज शोषित पीडित जनताको कानसम्म जरुर पुग्नेछ र आफ्नो माटोको मुक्तिका निम्ति आफ्ना हातहरूलाई मुठ्ठी कस्दै उठ्नेछन्। क्रान्ति जरुर सम्भव छ।"

उनले बोलिभियाली योद्धाहरूलाई भनेका थिए- "यस्तो खालको सङ्घर्षहरूले हामीलाई क्रान्तिकारी बन्ने अवसर दिन्छ, एकजना उच्च कोटिको मानव बन्न सघाउँछ। देशको मुक्तिका निम्ति नलड्ने र मोर्चा छोड्नेहरू कायर हुन्छन्। क्रान्तिकारी मन बोकेर रणभूमिमा उत्रनु नै वीरता हो।" क्रान्तिकारीहरूको मन देशप्रेम र जनताप्रतिको अगाध प्रेमले भिजेको हुनुपर्ने चेको विचार मननीय छ।

यसरी बोलिभियामा प्राण त्यागेका चेले कहिल्यै आफ्नो सिमानाभित्र मात्र सेवा गर्ने सोचेनन्। विश्वमा सर्वहारावादी अन्तर्राष्ट्रवाद हुर्काउन अहोरात्र लडे। विश्वलाई साम्राज्यवादको चङ्गुलबाट मुक्त गर्न लडिरहे। बोलिभियाको सङ्घर्ष त्यसको सिलसिला थियो। यद्यपि, बोलिभियाको गुरिल्ला सङ्घर्षलाई मार्क्सवादी र कम्युनिस्ट आँखाले हेरिनुपर्छ। अराजकतावादी विचार क्रान्तिका निम्ति सकारात्मक नहुने निष्कर्षमा पुग्न पुस्तकले सघाउँछ। पुस्तक समग्रमा पठनीय छ। भाषा सरस र मन छुने छ। पाठकलाई सन् १९६६-६७ कालीन बोलिभियाली आन्दोलनसँग साक्षात्कार गराउन पुस्तक सफल छ। सङ्घर्षको मैदानमा डायरी लेख्ने चेको अनुशासित जीवनशैलीले इतिहासको महत्त्वपूर्ण सङ्घर्ष सङ्ग्रहित बनायो।

# क्युवा : अमेरिकी विमान खसालिनुको रहस्य


✍ डिफेन्स डिमोक्रेसी प्रेस स्टाफ


(क्युवाली क्रान्तिका नेता राउल क्यास्त्रोविरुद्ध अमेरिकाले अभियोग लगाउँदै गर्दा अमेरिकाको राष्ट्रिय सुरक्षा अभिलेखालयले केही दस्तावेज सार्वजनिक गरेको छ । क्रान्तिपछि अमेरिका भागेका क्युवालीहरूको विमानमाथि गोलीबारी गरिएको घटनाक्रमबारे यी दस्तावेजले वास्तविकता उजागर गरेका छन् ।)

क्युवाको लडाकु विमान 'मिग' (MiG) ले दुई निःशस्त्र 'सेसना' (Cessna) विमानलाई गोली हानेर आफ्नो तटबाहिर खसाल्नुभन्दा एक महिनाअघि अमेरिकाको 'सङ्घीय उड्डयन प्रशासन' (FAA) ले यसबारे सबैलाई सचेत पारेको थियो । सङ्घीय उड्डयन प्रशासनका एक अधिकारीले 'उद्दारक दाजुभाइ' (Brothers to the Rescue, BTTR) संस्थाका अचाक्ली उडानहरूले 'क्युवाली सरकारलाई थप उक्साएको' बताएकी थिइन् । 'सबैभन्दा खराब स्थिति आइलाग्न सक्ने' देखेर अमेरिकी विदेश मन्त्रालय चिन्तित बनेको उनको तर्क थियो । उनले भनेकी थिइन्, "त्यो स्थितिमा क्युवालीहरूले (BTTR का) कुनै पनि विमानलाई खसाल्न सक्छन् र यसको लागि एफएए तयारी अवस्थामा बसेको राम्रो ।" राष्ट्रिय सुरक्षा अभिलेखालयले आज त्यो घटनाबारे अनेक दस्तावेज सार्वजनिक गरेको छ । माथि उल्लेख चेतावनी एफएएको इमेलमा पढ्न पाइन्छ ।

एफएएका इमेल, मेमो र सन्देशहरूमा तत्कालीन क्लिन्टन सरकारका उच्च अधिकारीहरूको चासो प्रतिविम्बित हुन्छ । बारम्बार क्युवाली हवाइ क्षेत्रमा घुसपैठ गर्नाले सङ्कट आउन सक्नेबारे उनीहरू सचेत थिए । बीटीटीआरले क्युवालाई भड्काउने ढङ्गले घुसपैठ गरिरहेको स्थितिमा क्युवाले आफ्नो भौगोलिक अखण्डता जोगाउन पाइला चालेका दिन विपत्ति उत्पन्न हुनेबारे क्लिन्टन सरकार अवगत थियो । सन् १९९५ को अगस्तमा अमेरिकी राष्ट्रपति कार्यालयमा बसेको बैठकको सार लेखिएको दस्तावेज भन्छ, "भुइँबाट गोलीबारी गरेर बीटीटीआरको विमानलाई खसाल्ने सम्भावना अहिले ठुलो खतरा बनेको छ ।"

अमेरिकाको न्याय मन्त्रालयले बीटीटीआरका विमानहरूलाई खसालनमा क्युवाली नेता राउल क्यास्त्रोले खेलेको भूमिकालाई आधार बनाई अभियोग लगाउने तयारी चलिरहेको बेला नै माथिका दस्तावेजहरू बाहिरिएका हुन् । त्यो बेला जनरल राउल क्यास्त्रो क्युवाका रक्षामन्त्री हुनुहुन्थ्यो । उहाँ फिडेल क्यास्त्रो सरकारको सैन्य कमान्डका उच्च अधिकारी हुनुहुन्थ्यो । यी दस्तावेजमा नागरिक विमानमाथि हवाइ हिंसा किन गरिएको थियो भन्ने सन्दर्भमा ऐतिहासिक विवरण पढ्न पाइन्छ ।




यी दस्तावेजले विमान खसाल्नुका कारणहरू खुलाउँछन् । सन् १९९६ फेब्रुअरी २४ को त्यो घटना हुनुभन्दा अगाडि के भएको थियो भन्ने विवरण पनि दिन्छन् । त्यो घटनामा परेर क्युवाली मूलका पाँच अमेरिकीहरू मारिएका थिए । उनीहरू बीटीटीआर का सदस्य थिए । केही विवरण यसप्रकार छन् :

१. विमान खसाल्नुभन्दा एक वर्षअघिदेखि क्युवा सरकारले BTTR को विमानले आफ्नो हवाइ क्षेत्रभित्र पर्ने घना बस्तीहरूमा बारम्बार हजारौं पर्चालगायत सामग्री खसालेकोमा पटकपटक विरोध प्रकट गरेको थियो । ती सामग्रीमा क्युवा सरकारविरुद्ध जनविद्रोह गर्न आह्वान गरिएको हुन्थ्यो ।
२. FAA ले विस्तृत छानबिन सुरु गऱ्यो । उसले बीटीटीआरका अध्यक्ष होजे बसुल्टोलाई भेटेरै पटकपटक चेतावनी दियो; क्युवालाई 'नजिस्क्याउन' भन्यो । एफएएले त्यसका विमान चालकको लाइसेन्स खारेज गर्ने प्रक्रिया अघि बढायो तर त्यसलाई विमान उडाउन भने रोकेन । त्यसले बारम्बार उडानबारे गलत सूचना दिए तर उनलाई रोकिएन ।
३. ह्वाइट हाउसका क्युवासम्बन्धी अधिकारी रिचर्ड नुसियो, विदेश मन्त्रालयका उपमन्त्री पिटर टार्नोफ र यातायातमन्त्री फेडेरिको पिना लगायत अमेरिकाका धेरै उच्च अधिकारीले पटकपटक एफएएसामु आफ्नो चासो व्यक्त गरे । उनीहरूले बीटीटीआरका उडानहरू ठप्प पार्नुपर्ने र क्युवा आफ्नो सीमाको सुरक्षामा उत्रिन सक्ने सम्भावनालाई गम्भीरतापूर्वक लिनुपर्ने बताइरहे । बसुल्टोको पखेटा बाँध्न उनीहरूको एफएएलाई दिएको दबाबले काम गरेन । क्युवाले विमान खसालेपछि मात्र एफएएले बसुल्टोविरुद्ध ठोस 'विराम र रोक' आदेश जारी गऱ्यो । उसले बसुल्टोका क्रियाकलापलाई 'अरूको जीउधनलाई खतरामा पार्ने असावधान वा लापरबाहीपूर्ण' भन्यो ।

माथिका दस्तावेजहरू सूचनाको हक ऐन (FOIA) अन्तर्गत प्राप्त गरिएको थियो । अमेरिका विश्वविद्यालयका क्युवाविद् विलियम लियोग्रान्ड र अभिलेखालयका वरिष्ठ विश्लेषक पिटर कोर्नब्लूले लेखेको पुस्तक 'क्युवा जाने पछाडिको बाटो : वासिङ्टन र हवानाबिच सम्झौताहरूको गुप्त इतिहास' मा पनि यी कुरा उल्लेख छन् । यस पुस्तकले फिडेल क्यास्त्रो लगायत धेरै क्युवाली नेताले क्लिन्टन सरकारमार्फत बीटीटीआरका अचाक्ली उडानहरू रोक्न प्रयास गरेको र यसका लागि अनेक 'पछाडिका बाटोहरू' प्रयोग गरेको बताउँछ । सन् १९९६ को जनवरीमा क्यास्त्रोले अमेरिकी सांसद बिल रिचर्डसनसँग गोप्य सम्झौता गर्नुभयो । क्लिन्टन सरकारले बसुल्टोका उडानहरूलाई बन्द गर्ने वचन दिएका खण्डमा अमेरिकाका कतिपय राजनीतिक बन्दीलाई रिहा गर्ने क्युवाले बतायो । रिचर्डसनले अमेरिकी राष्ट्रपति क्लिन्टनले प्रतिबद्धता जनाइसकेको बताए । वास्तविकता भने अर्कै थियो । उनले ह्वाइट हाउसका सहयोगीसँग कुरा गरेका थिए । ती सहयोगीले यातायात मन्त्री पेनालाई एफएएमार्फत हस्तक्षेप गर्न भनेका थिए ।

माथि उल्लेख पुस्तक 'क्युवा जाने पछाडिको बाटो' अनुसार फेब्रुअरी २३ को रात ह्वाइट हाउसका क्युवा इन्चार्ज रिचर्ड नुसियोले राष्ट्रिय सुरक्षा सल्लाहकार स्यान्डी बर्जरलाई एउटा इमेल पठाए । इमेलमा बसुल्टोले भोलिपल्ट विमान उडाउने हुनाले सतर्क रहन भनिएको थियो । इमेलमा नुसियोको चेतावनी स्पष्ट थियो, "'ब्रदर्स' सङ्गठनका होजे बसुल्टोका अघिल्ला उडानहरूमा क्युवाली अधिकारीहरूले संयम अपनाउँदै आएका छन् । क्युवामा अचाक्ली तनाव छ । तसर्थ, क्युवालीहरूले यसपालि विमानलाई गोली हानेर वा जबर्जस्ती खसालेर रोक्न सक्ने खतरा छ ।"

नुसियोले मायामीमा रहेका एफएए अधिकारीहरूलाई बोलाए र विमान रद्द गर्न आदेश दिए । तर, अधिकारीहरूले उनको आदेश मानेनन् । नुसियो अक्कबक्क परे । एफएए क्युवाली हवाई क्षेत्र उल्लङ्घन गरेकोमा बसुल्टोलाई चेतावनी दिनमात्र राजी भयो । माथि उल्लेख पुस्तकका लेखकहरूले विमान खसालेको त्यो घटनालाई 'क्युवाको आकाशमा मञ्चन गरिएको ग्रीक त्रासदी' भनेका छन् ।

**दस्तावेजहरू**

दस्तावेज १ :एफएए, सेसिलिया केप्सटेनीको इमेल । 'क्युवामा अनधिकृत उडानहरू' । सन् १९९६ जनवरी २२ । स्रोत : राष्ट्रिय सुरक्षा अभिलेखालय ।

दुई बीटीटीआर विमान खसाल्नुभन्दा एक महिनाअघि एफएए (एजेन्सी) की अधिकारी सेसिलिया केप्सटेनीले आफ्ना उच्च अधिकारीहरूलाई विदेश मन्त्रालयले 'एजेन्सी' लाई बीटीटीआरका नेता होजे बसुल्टोका थप उडानलाई रोक्न दबाब दिएको जानकारी गराउँछिन् । उनले उप-विदेशमन्त्री पिटर टार्नफदेखि यातायात मन्त्री फेडेरिको पेनाले 'बसुल्टोविरुद्ध हाम्रो मामिला बुझ्न' भनेको उद्धृत पनि गर्छिन् । उनको इमेलमा लेखिएको छ, "सबैभन्दा खराब स्थिति आइलाग्न सक्छ र अबका केही दिनमा क्युवालीहरूले (बीटीटीआरका) कुनै पनि विमानलाई खसाल्नेछन् र यसको लागि एफएए तयारी अवस्थामा बस्नु राम्रो हो ।"

दस्तावेज २ : एफएए, प्रतिवेदन । 'उद्दारक दाजुभाइ' सङ्गठन तथा 'मायामीस्थित उडानसम्बन्धी जिल्ला कार्यालय' का सम्बन्धमा स्थिति प्रतिवेदन । सन् १९९६ जनवरी । स्रोत : राष्ट्रिय सुरक्षा अभिलेखालय ।

विमान खसाल्नुभन्दा अगाडि बसेको एफएए को बैठक र पत्राचारसम्बन्धी यो दस्तावेज 'एजेन्सी' को 'मायामीस्थित उडानसम्बन्धी जिल्ला कार्यालय' का प्रबन्धक माइकल थोमसले तयार पारेका थिए । यसमा बसुल्टोलाई एफएए का अधिकारीहरूले पठाएका चेतावनीहरूको वर्णन छ । यसमा सन् १९९५ अगस्तमा 'ह्वाइट हाउसका क्युवा इन्चार्ज' रिचर्ड नुसियोसँगको बैठकको पनि चर्चा छ । बीटीटीआर ले हवानामाथि उक्साहटपूर्ण विमान उडाएर आकाशबाटै सडकका गल्लीहरूमा हजारौं पर्चा र (विजेताको प्रतीक) तक्माहरू खसालेपछि त्यो बैठक बसेको थियो । बैठकसम्बन्धी वितरणको निष्कर्षमा लेखिएको छ, "भुइँबाट गोलीबारी गरेर बीटीटीआर को विमानलाई खसाल्ने सम्भावना अहिले ठुलो खतरा

*बाँकी पृष्ठ ९ मा*

# राउल क्यास्त्रो नायक हुनुहुन्छ; वास्तविक अपराधी अमेरिकी साम्राज्यवादीहरू हुन्

✍ निकोस मोटास

ट्रम्प सरकारले जतिसुकै जोडबल लगाओस् - राउल क्यास्त्रो अपराधी हुनुहुन्न । उहाँको चरित्र हत्या गर्ने अमेरिकी प्रयास विफल हुनेछ । राउल एक क्रान्तिकारी हुनुहुन्छ । उहाँले आफ्नो सारा जीवन क्युवामा तानाशाही, विदेशी हस्तक्षेप र पुँजीवादी शोषणका विरुद्ध सङ्घर्ष गर्नमा खर्चिनुभयो । अमेरिकाले उहाँविरुद्ध पक्राउ पुर्जी जारी गर्ने सम्भावना छ । यो आफैमा ६० वर्षदेखि क्युवाली क्रान्तिको घाँटी थिचिरहेको एक राज्यको साम्राज्यवादी अहङ्कार हो । अमेरिकाले ६० वर्षदेखि क्युवाविरुद्ध नाकाबन्दी, तोडफोड, आर्थिक युद्ध र स्थायी राजनीतिक आक्रमण गर्दै आएको तथ्य कसैबाट लुकेको छैन ।

अमेरिकी पाखण्डको कुनै सीमा छैन । अमेरिकाले आफ्नो भूराजनीतिक स्वार्थ जोगाउन संसारका विभिन्न मुलुकमा आक्रमण गऱ्यो, सत्ताविद्रोह मच्चायो, रुढीवादी शक्तिहरूलाई हतियार दियो र कतिपय समुदायलाई नामेट पाऱ्यो । अहिले ऊ आफूलाई 'न्याय' र 'प्रजातन्त्र' को रक्षक देखाउने कुचेष्टा गर्दै छ । अमेरिकाले आज पनि कैयन युद्धमा पैसा लगाएको छ, सामूहिक उत्पीडनको समर्थन गरेको छ र खुलेआम आपराधिक सरकारहरूलाई आडभरोसा दिइरहेको छ । संसारभरि उत्पात मच्चाइरहेको अमेरिकी सरकारले क्रान्तिकारी क्युवाको मामिलामा अचानक नैतिक प्राधिकारको दाबी गर्नु पाखण्ड हो ।

क्यास्त्रोविरोधी अतिवादी समूहहरूलाई अमेरिकाले लामो समयदेखि आश्रय दिँदै आएको छ । तिनको रक्षा गर्ने र तिनको हिंसालाई वैधता दिने काममा अमेरिकाले इतिहास नै बनाएको छ । ती समूहहरू अमेरिकाको मायामी सहरमा बस्छन् । यस्ता कतिपय समूह वा व्यक्तिले दशकौंदेखि क्युवाविरुद्ध तोडफोड, बमबारी र आतङ्ककारी हमला गर्दै आएका छन् । यस्ता गिरोहहरूलाई सहयोग गर्ने अमेरिकी सरकारले विश्वलाई 'न्याय' र 'प्रजातन्त्र' को लेक्चर छाँट्न खोज्नु पाखण्ड नै हो ।

राउल क्यास्त्रो त्यो ऐतिहासिक पुस्ताका क्रान्तिकारी हुनुहुन्छ, जसले क्युवाबाट बातिस्ताको तानाशाहीलाई उखेलेको थियो । त्यो तानाशाही दमनकारी र भ्रष्ट थियो; त्यसले क्युवालाई अमेरिकाको आर्थिक तखतमा राखेको थियो । क्युवा अमेरिकी




बहुराष्ट्रिय कम्पनीहरू र माफिया गिरोहहरूको क्रिडास्थल थियो । फिडेल क्यास्त्रो, चे ग्वेभारालगायत हजारौं क्युवाली क्रान्तिकारीहरूको त्यो पुस्ताले क्युवालाई त्यसबाट बाहिर निकाल्यो र त्यहाँका लाखौं साधारणजनलाई स्वास्थ्यसेवा, शिक्षा, साक्षरता र गरिमापूर्ण जीवन दियो ।

अमेरिकाले क्युवामाथि निसाना साँध्नुको खास कारण यही हो । एकपल्ट फिडेल क्यास्त्रोले भन्नुभएको थियो, "अमेरिकाको नाकैमुनि समाजवादी क्रान्ति गरेकोमा उनीहरूले हामीलाई कहिल्यै माफी दिनेछैनन् ।"

६० वर्षदेखि अमेरिकाले क्युवाली क्रान्तिको ढाड भाँच्ने प्रयास गर्दै आएको छ । यसका लागि उसले जानेजति सबै हत्कण्डा प्रयोग गरेको छ । आर्थिक थिचोमिचो गर्ने, कूटनीतिक रूपमा क्युवालाई एक्ल्याउने, नेताहरूको हत्याप्रयास गर्ने, अस्थिरता मच्चाउने र लगातार नाकाबन्दी लगाउने जस्ता कुकर्म गरेको छ । क्युवालाई फेरि पनि जबर्जस्ती अमेरिकानिर्भर वा आफ्नो दास बनाउनु यी सबै हत्कण्डाको एकमात्र अभिष्ट हो । तैपनि, क्युवाले हिम्मत हारेको छैन । अजंगका अप्ठ्याराहरू हुँदाहुँदै पनि समाजवादी क्युवाले व्यापक सामाजिक उपलब्धि हासिल गरेको छ । कतिसम्म भने संसारका धनी पुँजीवादी देशका बहुमत जनताले पनि क्युवालीहरूले जस्तो सामाजिक सुरक्षा प्राप्त गर्न सकेका छैनन् ।

डोनाल्ड ट्रम्प र उनको आसपास बस्ने प्रतिक्रियावादीहरू अमेरिकी साम्राज्यवादका सबैभन्दा आक्रामक पात्र हुन् । क्युवाबारे उनीहरूको चिन्ता र 'मानवअधिकार' को कोकोहोलोबिच कुनै साइनो छैन । क्युवा निसानामा पर्नुको खास कारण ऐतिहासिक प्रतिकार हो । आकारले सानो देश भए पनि क्युवाले अमेरिकी सत्ताको प्रतिकार गऱ्यो र आफ्नो अस्तित्व जोगायो । उसको यो प्रतिरोधले वासिङ्टनका साम्राज्यवादी शासकहरू रिसाए र आज पनि उनीहरूको रिस मरेको छैन ।

तसर्थ, राउल क्यास्त्रोविरुद्ध अमेरिकाको पछिल्लो आक्रमण एक जना व्यक्तिविरुद्ध लक्षित छैन । यो क्युवाली क्रान्तिको ऐतिहासिक वैधताविरुद्ध आक्रमण हो । यसले 'साम्राज्यवादविरुद्ध सङ्घर्ष गर्नु अपराध हो' भन्ने सन्देश दिएको छ । अर्कोतिर, अमेरिकाले ल्याटिन अमेरिकालगायत विश्वभरि नै गर्दै आएको हिंसा, हस्तक्षेप र दमनको लामो इतिहासलाई मान्छेको दिमागबाट मेटाउन खोज्दै छ ।

तर, इतिहासको स्मृतिलाई साम्राज्यवादले सजिलै मेटाउन सक्दैन ।

विश्वका करोडौं मानिसहरू क्युवाली क्रान्तिलाई आज पनि सार्वभौमिकता, प्रतिरोध र अन्तर्राष्ट्रिय ऐक्यबद्धताको प्रतीकका रूपमा हेर्छन् । क्युवाले अपनाएको बाटोबारे धेरै बहस वा वादविवाद हुन सक्ला । तर, एउटा तथ्यलाई कसैले अस्वीकार गर्दैन - क्युवाली क्रान्तिले विदेशी अत्याचारको सिक्री चुँडालेको थियो र एउटा सानो मुलुक पनि घुँडा नटेकी साम्राज्यवादी शक्तिविरुद्ध उभिन सक्छ भनी प्रमाणित गरेको थियो ।

स्थिति जसरी अघि बढे पनि राउल क्यास्त्रो गरिमामय इतिहासका महत्त्वपूर्ण अङ्ग हुनुहुन्छ । अर्कोतर्फ नाकाबन्दी, आक्रमण र साम्राज्यवादी दमनका वास्तुकारहरू भोलि पनि साम्राज्यवाद, दमन र हिंसाको लामो ऐतिहासिक परम्पराका वारिस ठहरिनेछन् ।

*(निकोस मोटास एक पत्रकार हुनुहुन्छ ।*
*(स्रोत : एमआर अनलाइन । सम्यक)*

# अशान्त विश्वको पृष्ठभूमिमा रुस–चीन सम्बन्ध

✍ **ओल्गा मिगुनोभा**

यस वर्ष रुस–चीन सम्बन्धमा धेरै दृष्टिले कोसेढुङ्गा साबित भएको छ, रुस–चीन समन्वयको रणनीतिक साझेदारीको स्थापनाको ३० औँ वार्षिकोत्सव, रुस–चीन असल छिमेकी र मैत्रीपूर्ण सहयोग सन्धिमा हस्ताक्षर भएको २५ औँ वार्षिकोत्सव, चीनको १५ औँ पञ्चवर्षीय योजना (२०२६–३०) को सुरुवात र दुई देशबिच शैक्षिक सहकार्यको सुरुवात । तसर्थ, सन् २०२६ रुस–चीन सम्बन्धका लागि कालक्रमिक अभिसरण हो । केही महिनाभित्रै चार फरक ऐतिहासिक मार्ग (१९९० को दशकको भूराजनीतिक सम्झौतादेखि २०३० को दशकको लागि प्राविधिक र मानवीय योजनासम्म) एक–अर्कासँग मिसिएका छन् । यी मार्गले राजनीतिक, आर्थिक, मानवीय र कूटनीतिक सहयोगको नयाँ ऐतिहासिक संरचना तय गर्छ ।

यस अभिसरण (सङ्गम)को केन्द्रमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको चीनको राजकीय भ्रमण रहयो । यी चार कोसेढुङ्गाले भ्रमणको एजेन्डालाई प्रभावकारी रूपमा आकार दिन्छन् । विश्वव्यापी अशान्तिबिच यसै साता सम्पन्न भ्रमणले रुस–चीन सहकार्य र सम्बन्धका विभिन्न टाइमलाइनलाई एकसाथ जोड्ने क्षणको रूपमा काम गर्छ । यो आगामी दशकका लागि दुवै देशको विकास रणनीतिलाई संयोजन गर्ने संयन्त्र हो । भ्रमणको ऐतिहासिक महत्त्व अन्तिममा जारी हुने विज्ञप्तिले मापन गर्दैन, बरु विगत, वर्तमान र भविष्यलाई जोड्ने क्षमताले मूल्याङ्कन गर्छ ।

तीस वर्षअघि रुस–चीन सम्बन्धले ऐतिहासिक सफलता हासिल गरेको थियो । सोभियत सङ्घको पतनपछि सावधानीपूर्वक भएको सम्बन्धबाट तीन दशकभन्दा बढी समयसम्म तिनीहरू 'समन्वयको व्यापक रणनीतिक साझेदारी' मा विकसित भए, जसलाई अहिले 'प्रमुख देशहरूको सम्बन्धको मोडेल' का रूपमा वर्णन गरिएको छ ।

यो परिवर्तनले बहुध्रुवीय विदेश नीतितर्फ रुसको परिवर्तन र चीनको लामो साझा सीमामा स्थिरताको आवश्यकता, साथै अमेरिकासँगको सम्बन्धमा सन्तुलनलाई प्रतिबिम्बित गऱ्यो ।

सन् १९९६ को राजनीतिक सफलताअघि आधारभूत कार्य भएका थिए, जसमा सीमामा विश्वास कायम गर्ने उपाय र पारस्परिक बल घटाउने सम्झौता समावेश थिए । यसले विश्वासलाई बढावा दिने कानुनी रूपरेखा स्थापित गऱ्यो । आजको सम्बन्धलाई प्रायः 'गैरगठबन्धन, गैरटकराव र तेस्रो पक्षलाई लक्षित नगर्ने' सिद्धान्तमा आधारित अन्तर्राष्ट्रिय सम्बन्धको नयाँ मोडेलको रूपमा वर्णन गरिन्छ, जसले दुवै देशलाई 'महाशक्ति द्विविधा'बाट बच्न मद्दत गर्छ ।

असल छिमेकीपन र मैत्रीपूर्ण सहयोगको सन्धिले २१ औँ शताब्दीमा द्विपक्षीय सम्बन्धको कानुनी आधारलाई औपचारिक रूप दियो, जसले सार्वभौमिकताका लागि पारस्परिक सम्मान, गैरआक्रमण, गैरहस्तक्षेप, समानता, पारस्परिक लाभ र शान्तिपूर्ण सहअस्तित्वजस्ता सिद्धान्तलाई स्थापित गऱ्यो । मूल रूपमा २० वर्षका लागि मान्य रहेको यो सन्धि २०२१ मा थप पाँच वर्षका लागि विस्तार गरियो । राष्ट्रपति पुटिनको हालैको चीन भ्रमण आगामी वर्षका लागि यसका सिद्धान्तप्रतिको प्रतिबद्धतालाई पुनः पुष्टि गर्ने आदर्श क्षण हो । विगत २५ वर्षमा, चीन र रुसले आफ्नो समन्वयलाई मझबुत बनाएका छन् । संयुक्त राष्ट्र सङ्घ, साङ्घाई सहयोग सङ्गठन र ब्रिक्सभित्रको उनीहरूको सहयोग अन्तर्राष्ट्रिय शासनको प्रमुख स्तम्भ बनेको छ ।

दुवै देशले संयुक्त राष्ट्र सुरक्षा परिषद्मा स्थिरीकरण गर्ने शक्तिको रूपमा काम गर्छन् । उनीहरूले प्रायः विश्वव्यापी शासन प्रणालीमा सुधारको वकालत गर्छन् । उनीहरूले विशेषगरी विकासशील देश र ग्लोबल साउथमा वैकल्पिक अन्तर्राष्ट्रिय ढाँचाको विस्तार र सुदृढीकरणमा पनि अग्रणी भूमिका खेलेका छन् ।

राष्ट्रपति पुटिनको हालैको चीन भ्रमण केवल दुई देशको रणनीति साझेदारी मूल्याङ्कन गर्नेबारेमा मात्र थिएन, बरु तीन दशकको सहकार्यलाई मजबुत पार्ने विषयमा केन्द्रित रहयो । भ्रमणले उच्चस्तरको प्राविधिक आत्मनिर्भरता हासिल गर्ने प्रमुख लक्ष्यसँगै ६ जी नेटवर्क, कृत्रिम बुद्धिमत्ता, ठुलो डेटा, क्वान्टम प्रविधि, जैविक प्रविधि, अर्धचालक र हरित ऊर्जाजस्ता क्षेत्रमा भएका सफलतालाई जोड दियो ।

रुसका लागि यसले व्यापक अवसर खोल्छ । रुसको सुदूरपूर्व विकास रणनीतिसँग चीनको योजनाको पंक्तिबद्धताले सहयोगका लागि एक प्राकृतिक प्लेटफर्म खडा गर्छ । रुसका धेरै सुदूरपूर्वी क्षेत्रमा अन्तर्राष्ट्रिय प्राथमिकता विकास क्षेत्रको सुरुवातले ठुलो मात्रामा चिनियाँ लगानीका लागि अनुकूल अवस्था प्रदान गर्छ । भ्रमणमा ऊर्जा सहयोग प्रमुख विषय रहेको थियो । २०२५ मा रुस र चीनले पावर अफ साइबेरिया–२ ग्यास पाइपलाइन परियोजनाको निर्माणसम्बन्धी ज्ञापनपत्रमा हस्ताक्षर गरेका थिए । त्यस्तै, यातायात पूर्वाधारमा सहयोग र सहकार्य अर्को प्रमुख विषय हो । साइबेरिया, मङ्गोलिया र पश्चिमी चीनलाई जोड्ने केन्द्रीय युरेसियन यातायात कोरिडोरजस्ता परियोजनाले कनेक्टिभिटीलाई उल्लेखनीय रूपमा बढाउन सक्छन् । दुवै देशले विश्वव्यापी वित्तीय संस्थालाई अझ समतामूलक र कम राजनीतीकरण गर्न सुधारको वकालत गर्छन् । अर्थतन्त्रभन्दा बाहिर, गहिरो औद्योगिक र प्राविधिक एकीकरण नयाँ प्राथमिकता बन्दै गइरहेको छ । यसमा युरेसियन आर्थिक सङ्घलाई बेल्ट एन्ड रोड इनिसिएटिभसँग मिलाउनुका साथै ग्रेटर युरेसियन साझेदारीको अवधारणालाई प्रवर्द्धन गर्नु समावेश छ ।



अस्थिरताले भरिएको विश्वव्यापी वातावरणमा, रुस–चीन सम्बन्ध स्थिर आधारको रूपमा देखा परेको छ । यो साझेदारीले आर्थिक अन्तरनिर्भरता मात्र नभई प्रभुत्वलाई अस्वीकार गर्ने र सन्तुलनमा जोड दिने साझा दृष्टिकोणलाई पनि प्रतिबिम्बित गर्छ । राष्ट्रपति पुटिनको भ्रमणले यो दृष्टिकोणलाई पुनः पुष्टि गर्ने सम्भावना छ, जसले बढ्दो अशान्त संसारमा रुस–चीन साझेदारी स्थिरताको स्तम्भ बनेको देखाउँछ ।

मिगुनोभा सेन्ट पिटर्सबर्ग स्टेट युनिभर्सिटी अफ इकोनोमिक्समा चीन र एसिया–प्रशान्त देशको अध्ययन केन्द्रकी शैक्षिक पर्यवेक्षक हुन् ।

***चाइना डेलीबाट***

# क्युवामाथि किन खनिँदै छ अमेरिका ?

✍ **काओलान म्यागी**

सन् १९९६ मा दुई नागरिक विमान खसालेको र चारजनाको मृत्यु भएको घटनामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले यसै साता क्युवाका पूर्वनेता राउल क्यास्ट्रोविरुद्ध आपराधिक अभियोग लगायो । बुधबार कार्यवाहक अमेरिकी महान्यायाधिवक्ता टोड ब्लान्चेले अभियोगलाई ऐतिहासिक क्षणका रूपमा वर्णन गरे । 'लगभग ७० वर्षमा पहिलोपटक क्युवाली शासनका एक वरिष्ठ नेतालाई अमेरिकी नागरिकको मृत्यु भएको हिंसात्मक कार्यका लागि अमेरिकामा अभियोग लगाइएको छ,' ब्लान्चेले भने ।

क्युवाको कम्युनिस्ट पार्टीका प्रमुख व्यक्तित्व क्यास्ट्रो र पाँच सह–प्रतिवादीविरुद्धको आपराधिक अभियोगले क्युवा र अमेरिकाबिचको तनावलाई अझ बढाउने तयारी गरेको छ । दोस्रो कार्यकालका लागि पदमा फर्किएदेखि नै राष्ट्रपति ट्रम्पले हवानामा नेतृत्व परिवर्तनलाई प्रेरित गर्ने प्रयास गर्दै क्युवाविरुद्धको प्रतिबन्ध बढाएका छन् र टापुमाथि इन्धनमा पूर्ण नाकाबन्दी लागू गरेका छन् । बुधबार ट्रम्पले भने, 'हामीबाट नब्बे माइल १४५ किलोमिटर टाढा रहेको 'आतङ्कवादी' गतिविधि सञ्चालन गर्ने दुष्ट राज्यलाई अमेरिकाले मान्दैन ।' क्युवाली मूलका अमेरिकी विदेशमन्त्री मार्को रुबियोले सामाजिक सञ्जाल एक्समा एक भिडियो बयान जारी गरे, जसमा उनले क्युवाली जनतालाई सम्बोधन गर्दै शासनविरुद्ध विद्रोह गर्न उक्साए ।

उनले क्युवामा हालको आर्थिक र मानवीय समस्याको दोष त्यहाँको नेतृत्वलाई दिए र उनले सुधारको बदलामा अमेरिकी सरकारले १०० मिलियन डलरको मानवीय सहयोगको प्रस्ताव दोहोऱ्याए । यद्यपि, क्युवाली राष्ट्रपति मिगुएल डियाज–क्यानेलले १९९६ को गोलीकाण्डलाई 'वैध आत्मरक्षा'का रूपमा वर्णन गरे । उनले थपे कि अमेरिकालाई 'राम्रै हेक्का हुनुपर्छ कि त्यहाँ कुनै लापरबाही गरिएको थिएन, न त त्यहाँ कुनै अन्तर्राष्ट्रिय कानुन नै उल्लङ्घन भएको थियो ।'



सन् १९३१ मा जन्मेका राउल आफ्ना दाजु फिडेलसँगै अमेरिका समर्थित दमनकारी तानाशाह फुल्जेनसियो बतिस्तालाई सत्ताच्युत गर्ने विद्रोह अभियानमा महत्त्वपूर्ण केन्द्रीय भूमिकामा थिए । क्रान्तिको विजयपछि उनले १९६१ मा अमेरिका समर्थित 'बे अफ पिग्स' मा भएको प्रतिक्रान्तिकारी र आतङ्ककारीहरूको आक्रमण रोक्न मद्दत गरे र क्युवाली क्रान्तिको प्रमुख व्यक्तित्वमध्ये एक बने ।

क्यास्ट्रोले सन् १९५९ देखि सन् २००८ सम्म क्युवाको रक्षा मन्त्रीका रूपमा सेवा गरे, जसले गर्दा उनी विश्वको सबैभन्दा लामो समयसम्म सेवा गर्ने रक्षामन्त्रीमध्ये एक बने । उनी सन् १९६५ देखि २०२१ सम्म कम्युनिस्ट पार्टीको शक्तिशाली पोलिटब्युरोका सदस्य पनि रहेका थिए ।

उनी सन् २००८ मा फिडेल क्यास्ट्रोका उत्तराधिकारी बनेका थिए र २०१८ सम्म पदमा रहे । तर, पद त्यागेपछि पनि उनले पर्दापछाडि रहेर उल्लेखनीय प्रभाव कायम राखेका छन् । आफ्नो राष्ट्रपतितत्व कालमा राउलले अमेरिकी पूर्वराष्ट्रपति बाराक ओबामाको नेतृत्वमा वासिंटनसँगको सम्बन्धमा सुधार ल्याए । 'अमेरिकी जनता हाम्रा निकटतम छिमेकीमध्ये एक हुन् । हामीले एक–अर्कालाई सम्मान गर्नुपर्छ । हामीले कहिल्यै अमेरिकी जनताविरुद्ध केही गरेका छैनौँ । राम्रो सम्बन्ध पारस्परिक रूपमा लाभदायक हुनेछ । सायद हामी हाम्रा सबै समस्या समाधान गर्न सक्दैनौँ, तर हामी तीमध्ये धेरै समाधान गर्न सक्छौँ,' क्यास्ट्रोले सन् २००८ को एक अन्तर्वार्तामा भनेका थिए ।

सन् २०१३ मा क्यास्ट्रो र ओबामाले जोहानेसवर्गमा नेल्सन मन्डेलाको स्मृतिसभामा हात मिलाए । एक वर्षपछि दुवै सरकारले पाँच दशकभन्दा बढीको शत्रुतापछि कूटनीतिक सम्बन्ध पुनर्स्थापित गर्ने र दूतावास पुनः खोल्ने योजना घोषणा गरे । पछि ओबामाले सन् २०१६ मा हवानाको यात्रा गरे । ओबामा ८८ वर्षमा क्युवा भ्रमण गर्ने पहिलो बहालवाला अमेरिकी राष्ट्रपति बने ।

**अमेरिकी प्रतिबन्धले सङ्कटग्रस्त क्युवा**

९४ वर्षीय राउलविरुद्धको मुद्दा सन् १९९६ मा क्युवाली निर्वासित समूह ब्रदर्स टु द रेस्क्युद्वारा सञ्चालित दुई विमान खसालेको घटनामा केन्द्रित छ । यद्यपि, आलोचकहरूले यो अभियोग प्रतिबन्ध, आर्थिक जबर्जस्ती र कूटनीतिक अलगावमार्फत क्युवामा आफ्नो पकड बलियो बनाउन अमेरिकी नवऔपनिवेशिक प्रयासको एक हिस्सा भएको तर्क गर्छन् । सन् १९६० को दशकदेखि अमेरिकाले क्युवामा व्यापार प्रतिबन्ध लगाएको छ, जुन आधुनिक इतिहासको कुनै पनि देशविरुद्ध लगाइएको सबैभन्दा लामो प्रतिबन्ध हो । तर, त्यो आर्थिक तनाव जनवरीमा बढ्यो, जब ट्रम्पले भेनेजुएला र क्युवाबिच सहयोग र इन्धनको आदानप्रदान रोके । त्यसपछि उनले क्युवालाई इन्धन आपूर्ति गर्ने कुनै पनि देशविरुद्ध आर्थिक दण्डको धम्की दिए, जसका कारण देशको तेल आपूर्तिमा ब्रेक लाग्यो ।

क्युवाको पुराना पूर्वाधारहरू तेल आयातमा धेरै निर्भर छ । र, इन्धन कटौतीपछिका महिनामा क्युवाभर ब्ल्याकआउटको सामना गर्नुपरेको छ, जसले पहिलेदेखि नै कायम गम्भीर आर्थिक संकटलाई थप गहिरो बनाएको छ । क्यास्ट्रोले सन् २०१८ मा राष्ट्रपतिका रूपमा आफ्नो कार्यकाल समाप्त गरे पनि सन् २०१६ मा आफ्ना दाइ फिडेल क्यास्ट्रोको मृत्युपछि उनी क्युवाली राजनीतिमा सबैभन्दा बढी प्रभावशाली व्यक्तित्वमध्ये एक हुन् । क्यास्ट्रो दाजुभाइ सन् १९५९ को क्युवाली क्रान्तिका नेता थिए, जसले टापुको कम्युनिस्ट सरकारलाई सत्तामा ल्यायो । जनवरीमा अमेरिकाले भेनेजुयलाका राष्ट्रपति निकोलस मदुरोको अपहरण र त्यहाँका तेल उद्योगमाथि कब्जा गरेपछि अमेरिकाले क्युवामा आफ्नो ध्यान केन्द्रित गर्दै शासन परिवर्तन र आर्थिक सुधारका लागि जोड दिएको छ ।

*(म्यागी स्वतन्त्र पत्रकार तथा विश्लेषक हुन्)*

*- अलजजिराबाट*

# किसान सङ्घद्वारा गुठी जग्गामा मोहियानी हक कायम गर्न सरकारको ध्यानाकर्षण

नेपाल क्रान्तिकारी किसान सङ्घ केन्द्रीय समितिको आयोजनामा देको-मिवा-इटापाके आवास योजनालगायत देशभरिका आवास योजनामा पर्ने गुठी जग्गाका मोहीहरूको मोहीयानी हक कायम गर्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालयमार्फत नेपाल सरकारको ध्यानाकर्षणको लागि जिल्ला प्रशासन प्रमुखलाई जेठ ५ गते ज्ञापनपत्र बुझाउने कार्यक्रम सम्पन्न भयो ।

ज्ञापनपत्र बुझाउँदै नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय उपाध्यक्ष गोविन्द दुवालले विगतमा नेपाल क्रान्तिकारी किसान सङ्घले नेपाली काङ्ग्रेस, नेकपा एमाले र माओवादी पार्टीको सरकारसँग पनि किसानहरूको समस्यालाई लिएर समय समयमा ज्ञापनपत्र दिँदै आएको स्मरण गराउँदै हाल आएर वर्तमान सरकारले आवास योजनामा परेका गुठी जग्गाका मोहीहरूको हक बेदखली गर्ने हिसाबले गुठी सञ्चालक समितिले गुठी जग्गामा बाटो कायम गर्नेसम्बन्धी कार्यविधि, २०७३ को दफा ६ संशोधन किसानविरोधी कार्य गरेको हुँदा नेपाल सरकारको ध्यानाकर्षणको लागि ज्ञापनपत्र बुझाउन आएको बताउनुभयो । उहाँले गुठी जग्गा गरिरहेका मोही किसानको मोही हक आधा कायम गरी आवास योजनाको नियमअनुसार अन्य जग्गा धनीसरह जग्गा कटौती गरी गुठी संस्थानले लालपुर्जा फिर्ताको बन्दोबस्त गर्नको लागि माग गर्नुभएको थियो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सचिव हरिराम सुवालले ज्ञापनपत्र वाचन गर्दै दुईतिहाइको मत लिएर वर्तमान सरकारले जनविरोधी तथा किसानविरोधी कार्य गरेको बताउनुभयो । गुठी सञ्चालक समितिले गुठी जग्गामा बाटो कायम गर्नेसम्बन्धी कार्यविधि, २०७३ को दफा ६ संशोधनले गुठी जग्गाका मोहीहरूको स्वामित्व पूर्णरूपमा उन्मूलन गरी गुठी संस्थानले मोहीहरूलाई जग्गाको स्वामित्वमा बेदखल गरेको छ । यसबाट नेपालको संविधानले प्रदान गरको मौलिक हकसमेत हनन हुन गई मोहीहरूलाई भूमिहीन बनाउने कार्य गरेको छ । यसतर्फ नेपाल क्रान्तिकारी किसान सङ्घको ध्यानाकर्षण भएको छ । मोही किसानहरूलाई भूमिहीन हुने गरी दफा संशोधन गर्ने गुठी संस्थानको कार्यप्रति सङ्घले खेद व्यक्त गरेको छ गुठी जग्गा गरिरहेका मोही किसानको मोही हक आधा कायम गरी आवास योजनाको नियमअनुसार अन्य जग्गा धनीसरह जग्गा कटौती गरी गुठी संस्थानले लालपुर्जा फिर्ताको बन्दोबस्त गर्नको लागि सङ्घले माग गरेको हो ।

ज्ञापनपत्र बुझाउने क्रममा गुठी जग्गा गरिरहेको मोही किसान लक्ष्मीप्रसाद सिमाकले गुठी संस्थानमा तीन तीन वर्ष धाउँदा पनि पुर्जा नदिएकोले बाध्य भई पुर्जाबिना आफूले घर बनाएको हुँदा आफूहरू धेरै पीडित भएको चर्चा गर्दै अब आएर उक्त घर र जग्गाको स्वामित्वबाट समेत बेदखल गर्ने नीति पास गरेर जनविरोधी कार्य गरेको बताउनुभएको थियो । ज्ञापनपत्र बुझाउनेक्रममा अन्य गुठी जग्गा गरिरहेको पीडित किसानहरूले पनि आ-आफ्नो गुनासो व्यक्त गर्नुभएको थियो । सोही माग राखी गुठी संस्थान कार्यालय भक्तपुर शाखामा पनि ज्ञापनपत्र बुझाइएको थियो । ज्ञापनपत्रको व्यहोरा यसप्रकार छ :



मिति : २०८३ जेठ ४ गते

सम्माननीय प्रधानमन्त्रीज्यू,
मन्त्रीपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौँ ।
मार्फत जिल्ला प्रशासन कार्यालय, भक्तपुर ।

**विषय: ज्ञापनपत्र**

नेपाल क्रान्तिकारी किसान सङ्घले नेपालको किसानहरूको समस्याबारे नेपाल सरकारको समय समयमा ध्यानाकर्षण गर्दै आएको छ । विगतमा नेपाल क्रान्तिकारी किसान सङ्घले नेपाली काङ्ग्रेस, नेकपा एमाले र माओवादी पार्टीको सरकारसँग पनि किसानहरूको समस्यालाई लिएर समय समयमा ज्ञापनपत्र दिँदै आएका थियौँ । वर्तमान समयमा पनि निम्न माग राखी ज्ञापनपत्र दिन आएका छौँ :

१. भक्तपुर नगरपालिकाअन्तर्गत व्यवस्थित आवास योजनाको लागि सञ्चालित देको-मिवा-इटापाके आवास योजनाले पूर्वमा देकोचाबाट बौको जाने बाटो, पश्चिममा निकोसेरा जाने सडक, उत्तरमा खासाङ्खुसुङ खोला र दक्षिणमा नगरकोट जाने सडकबिचको चारकिलाभित्रको १६५४ रोपनी जग्गामा व्यवस्थित आवास योजना सञ्चालनमा रहेको छ । देको-मिवा-इटापाके आवास योजनाले जग्गा धनी तथा मोहीहरूको जग्गा फिर्ताको लागि नक्सा प्रकाशित गरेको र हालसम्म ५२ प्रतिशत जग्गा धनीहरूलाई आवास योजनाले पुर्जासमेत फिर्ता भई कतिपय जग्गा धनीहरूले घरसमेत निर्माण गरिसकेको छ । उक्त प्रकाशित नक्सामा गुठीको नाममा रहेको जग्गाका मोही किसानहरूलाई पनि आवास आयोजना नीतिअनुसार नै जग्गा कटौती गरी जग्गा फिर्ता गरिएको छ । यस आवास क्षेत्रका गुठी जग्गा गरिरहने मोही किसानहरूलाई जग्गा फिर्ता नदिई आवास योजनाबाट नीतिअनुसार कटौती गरिएको जग्गा गुठी संस्थानले नव्यहोर्ने र उक्त जग्गाको मूल्य मोही किसानलाई तिर्न वा आवास योजनाले व्यहोर्नको लागि पत्राचार गरिएको छ । यस पत्राचारले मोही किसानहरूलाई गुठी संस्थान, भक्तपुरले मोही किसानहरूलाई जग्गा फिर्ता नदिई आवास योजनाबाट नीतिअनुसार कटौती गरिएको जग्गा गुठी संस्थानले नव्यहोर्ने र उक्त जग्गाको मूल्य मोही किसानलाई तिर्न वा आवास योजनाले व्यहोर्नको लागि भन्दै पुर्जा फिर्ता गर्न सिफारिस नगर्ने अवस्था छ । उक्त कदमले मोही किसानहरूको सम्पत्तिसम्बन्धी अधिकार हनन हुन गएको तर्फ नेपाल क्रान्तिकारी किसान सङ्घको ध्यानाकर्षण भएको छ । जुनसुकै आवास आयोजना भनेको व्यवस्थित बसाइँको लागि गरिने र गुठी जग्गा पनि यसबाट बिमुख हुन नसक्ने हुँदा गुठीको जग्गामा पनि व्यवस्थित आवास योजना सञ्चालन गर्न अनुमति दिई अन्य जग्गा धनीकै साबिकमा गुठी जग्गामा पनि गुठी र मोहीको समानुपातिकरूपमा बराबर आयोजनाको नीतिअनुसार जग्गा कटौती गरी पुर्जा फिर्ता गर्ने व्यवस्था गर्नको लागि आवश्यक पहल गरिदिनुहुन नेपाल क्रान्तिकारी किसान सङ्घ जिल्ला प्रशासन कार्यालय, भक्तपुरमार्फत नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

गुठी संस्थान सञ्चालक समितिको बैठक नं. ४१५ मिति २०८२ फागुन १२ गते बसेको बैठकले गुठी जग्गामा बाटो कायम गर्नेसम्बन्धी कार्यविधि, २०७३ को दफा ६ संशोधन गरी "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति लिई गुठी अधीनस्थ जग्गासमेत पर्ने गरी जग्गा एकीकरण आयोजना सञ्चालन गर्न काठमाडौँ उपत्यका विकास प्राधिकरण, नगर विकास समितिलगायत सरकारी निकायबाट सहमति माग भएमा जग्गा एकीकरण प्रक्रियामा योगदानबापत कट्टा हुने कूल गुठी जग्गाको कम्तीमा छैसट्ठी प्रतिशत क्षेत्रफल सोही आयोजनाभित्र विकसित घडेरीको रूपमा छुट्टै कित्ता कायम गरी गुठी तैनाथीमा दर्ता गर्ने गरी सहमति दिइनेछ । त्यसरी कायम गरिएको गुठी तैनाथीतर्फको दर्ता स्रेस्ता अद्यावधिक गरी सम्बन्धित आयोजनाले गुठी संस्थानलाई जग्गा धनी प्रमाणपुर्जा उपलब्ध गराउनुपर्नेछ ।" कायम गर्ने निर्णय गरेको छ । यस निर्णयले गुठी जग्गाका मोहीहरूको स्वामित्व पूर्णरूपमा उन्मूलन गरी गुठी संस्थानले मोहीलाई जग्गाको स्वामित्वमा बेदखल गरेको छ । यसबाट नेपालको संविधानले प्रदान गरेको मौलिक हकसमेत हनन हुन गई मोहीहरूलाई भूमिहीन बनाउने कार्य गरेको छ । यसतर्फ नेपाल क्रान्तिकारी किसान सङ्घको ध्यानाकर्षण भएको छ । त्यसैले यस्तो मोही किसानहरूलाई भूमिहीन हुने गरी दफा संशोधन गर्ने गुठी संस्थानको कार्यप्रति खेद व्यक्त गर्दछ र गुठी जग्गा गरिरहेका मोही किसानको मोही हक आधा कायम गरी आवास योजनाको नियमअनुसार अन्य जग्गा धनीसरह जग्गा कटौती गरी गुठी संस्थानले लालपुर्जा फिर्ताको बन्दोबस्त गर्नको लागि माग गर्दछ ।

**बोधार्थ,**
**जिल्ला प्रशासन कार्यालय, भक्तपुर ।**
**गुठी संस्थान कार्यालय, भक्तपुर ।**

**उपाध्यक्ष**
नेपाल क्रान्तिकारी किसान सङ्घ
केन्द्रीय समिति

# सहकारीले महिलाको नेतृत्वदायी भूमिका वृद्धि



भक्तपुर । सहकारी क्षेत्रमा महिलाको सहभागिता बढ्दै जाँदा महिला सशक्तीकरणमा समेत सकारात्मक प्रभाव परेको र सहकारीमार्फत महिलाहरू आर्थिक, सामाजिक तथा नेतृत्वदायी भूमिकामा अघि बढ्न सफल भएको विश्लेषण गरिन थालेको छ ।

भिन्तुना बचत तथा ऋण सहकारी संस्था लि. को महिला बचत समूहद्वारा जेठ ९ गते आयोजित भेलामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सहकारी संस्थाले महिलालाई आत्मनिर्भर बनाउने प्रयास गरिरहेको बताउनुभयो । उहाँले सहकारीमार्फत महिलाहरूले बचत, ऋण तथा साना उद्यम सञ्चालन गरी आयआर्जन गरिरहेको उल्लेख गर्दै कतिपय सहकारी संस्थामा ६० प्रतिशतभन्दा बढी महिला सदस्य आबद्ध रहेका र नेतृत्व तहमा पनि महिलाको उपस्थिति बढ्दै गएको बताउनुभयो ।

समस्याग्रस्त सहकारी संस्थाको सम्पत्ति रोक्का गरे पनि रकम उठाउन गाह्रो भइरहेको बताउँदै उहाँले सहकारीले महिलालाई आर्थिक रूपमा मात्रै नभई सामाजिक रूपमा पनि सबल बनाएको बताउनुभयो ।

बाग्मती प्रदेश सदस्य सृजना सैंजुले नेपाली भाषा र संस्कृतिले नै देशको पहिचान कायम राख्ने उल्लेख गर्दै नयाँ पुस्तालाई आफ्नै भाषा, कला र संस्कृतिप्रति आकर्षित गराउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले वर्तमान सरकार सम्भ्रान्तवर्गको पक्षमा रहेको उल्लेख गर्दै व्यापक जनताको हितमा काम गर्ने सरकार आजको आवश्यकता हो भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले सहकारी संस्थाले बचत तथा ऋण मात्र नभई आयमूलक क्षेत्रमा लगानी गरी सदस्यहरूको आर्थिक तथा सामाजिक उत्थानमा ध्यान दिनुपर्ने बताउनुभयो ।

संस्थाका अध्यक्ष कृष्णगोविन्द सुवालले सहकारीको गतिविधि र कार्यक्रमबारे प्रस्ट पार्नुभयो । महिला सदस्य रविना सुवालले पनि बोल्नुभयो ।

# असल नेतृत्वबिना देश विकास नहुने




काठमाडौँ । महालक्ष्मी इङ्गलिस हाईस्कूलबाट माध्यमिक शिक्षा परीक्षा २०८२ मा सहभागी छात्रा समिरा महर्जन ४ जीपीए ल्याउन सफल भएबाट विद्यालयले उनलाई एक कार्यक्रमको आयोजना गरी रु. पचास हजार नगदसहित पुरस्कृत गरेको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले परिवर्तनशील समयको मागअनुसार शिक्षा लिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

परम्परागत पेसा लोप भएर नयाँ नयाँ पेसाको सिर्जना भएको प्रसङ्ग उल्लेख गर्दै उहाँले अहिलेका विद्यार्थीले समयको आवश्यकताअनुसार शिक्षा लिनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "हाम्रा छिमेकीलगायत विकसित देशहरू विज्ञानको चरम उत्कर्षमा पुगिसक्दा पनि नेपाली समाज भने अझै असल नेतृत्वको खोजीमै रहेकोले देश विकास हुन सकेन ।"

विद्यालयका संस्थापक अध्यक्ष सनकमान महर्जनले गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि महालक्ष्मीले विगतदेखि वर्तमानसम्म अनेकौँ आरोह अवरोह पार गर्दै आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको बताउनुभयो ।

प्राध्यापक डा. प्रदीपचन्द्र गौतमले एसईई एउटा सानो परीक्षा मात्र भएको र भविष्यमा यस्ता थुप्रै परीक्षा दिनु बाँकी भएकोले त्यसका लागि तयारी अवस्थामा रहन विद्यार्थीलाई सुझाव दिनुभयो ।

विद्यालयका प्रिन्सिपल विकास डंगोलले कसैको देखासिकी र प्रभावमा नपरी आफ्नो क्षमताअनुसारको विषय छनोट गरी विज्ञता हासिल गर्न सक्ने गरी अध्ययन गर्न सुझाव दिनुभयो । कार्यक्रममा मनमैजु माध्यमिक विद्यालयको प्रधानाध्यापक रविना महर्जन, विद्यालय व्यवस्थापन समितिका सदस्य तथा सल्लाहकार भक्तिनारायण महर्जन, उपप्राध्यापक तथा बाल साहित्यकार डा. छायादत्त न्यौपानेलगायतले बोल्नुभएको थियो ।

# कैलालीमा शिक्षक सङ्घद्वारा हो चि मिन्ह जन्म दिवस



कैलाली । नेपाल क्रान्तिकारी शिक्षक सङ्घ जिल्ला समिति कैलालीको आयोजनामा विश्व सर्वहारावर्गका नेता हो चि मिन्हको १३६ औं जन्म दिवसको अवसरमा जेठ ९ गते प्रशिक्षण कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले हो चि मिन्हको जीवनी र जीवन सङ्घर्षबारे जानकारी दिँदै भियतनामलाई अमेरिकी साम्राज्यवादबाट मुक्त गर्न सक्नुमा उहाँको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो ।

जबसम्म साम्राज्यवाद रहिरहन्छ, तबसम्म समाजमा शोषण रहिरहने भएकोले शोषणमुक्त समाज निर्माणको लागि साम्राज्यवादको अन्त्य र समाजवाद स्थापना जरुरी रहेको उहाँले बताउनुभयो ।

नेमकिपा कैलाली संयोजक रमेशकुमार रावलले नेमकिपाको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद, लेनिनवाद र माओत्सेतुङ विचारधारा रहेकोले जनताको निःस्वार्थ सेवामा कार्यकर्ताहरू खटिनु जरुरी छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय सदस्य जङ्ग तारामीले वाद र विचारको भेदबारे प्रस्ट पार्दै नेमकिपाको मुख्य उद्देश्य भनेको समाजवाद हुँदै वैज्ञानिक साम्यवादसम्म पुग्नु रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घका लक्ष्मी पुन, आयोजक समितिका गुप्त बहादुर शाहीलगायतले बोल्नुभएको थियो ।


---

**क्युवा...**

बनेको छ ।" लगत्तै प्रकाशित विदेश मन्त्रालयको वक्तव्यमा क्युवा सरकार अवैध घुसपैठबाट आफ्नो हवाइ क्षेत्र तथा भौगोलिक अखण्डताको रक्षा गर्न 'कटिबद्ध' रहेको उल्लेख छ ।

दस्तावेज ३ : एफएए । 'उद्धारक दाजुभाइ' संलग्न घटना विवरण । सन् १९९६ जनवरी । स्रोत : राष्ट्रिय सुरक्षा अभिलेखालय ।

एफएए को यो अभिलेखमा सन् १९९५ को आरम्भदेखि १९९६ जनवरीसम्म एफएएका अधिकारीहरू र होजे बसुल्टोबिच भएका कुराकानी र पत्राचारको विवरण छ । यसमा बीटीटीआरलाई 'पटकपटक क्युवाली हवाइ क्षेत्र उल्लङ्घन गर्न बन्द गर' भनी दिइएको सूचना र चेतावनी पाइन्छ । यसबाट कर्मचारीतन्त्रको दस्तावेजमा क्युवा सरकारका उडान नियन्त्रक, बसुल्टो र एफएएका विमानचालकबिच भएको संवादको विवरण (ट्रान्सक्रिप्ट) पाइन्छ । बसुल्टोले 'उद्धारक दाजुभाइ तथा यसका अध्यक्ष होजे बसुल्टोको तर्फबाट हार्दिक अभिवादन' जारी गर्छन् र विमानहरू उत्तरी हवानामाथि उड्ने उद्घोष गर्छन् । त्यसपछि क्युवाली उडान नियन्त्रकले चेतावनी दिन्छन्, "उत्तरी हवाना क्षेत्र सक्रिय छ । नर्थ-२४ क्षेत्रमा घुसे तपाइँ खतरामा पर्नुहुन्छ ।" विवरण अनुसार बसुल्टोले जवाफ दिन्छन्, "२४ भन्दा दक्षिणतिर लागेपछि हामी खतरामा पर्छौं भन्ने हामीलाई हर्दम थाहा हुन्छ । तर, क्युवालीहरूलाई मुक्त गर्न हामी राजीखुसी आउँछौं ।" जवाफमा हवानाका हवाइ निर्देशक लेख्छन्, "यो सूचना नोट गरें ।"



Forward Header
Subject: Cuban unauthorized overflights
Author: Cecilia Capestany at AIA
Date: 1/22/96 8:18 AM

We have received information from State Department that another unauthorized flight occurred Sat. 20 in the morning. The plane, according to State, did not/not overfly Havana nor did it drop propaganda. In light of last week's intrusions, this latest overflight can only be seen as further taunting of the Cuban Government. State is increasingly concerned about Cuban reactions to these flagrant violations. They are also asking from the FAA what is this agency doing to prevent/deter these actions. As a matter of fact, the Undersecretary of State called Secretary Peña last week to check on our case against Basulto. Worst case scenario is that one of these days the Cubans will shoot down one of these planes and the FAA better have all its ducks in a row. CECILIA

अक्षमता पनि उजागर हुन्छ । उनीहरूले बसुल्टोका उक्साहटपूर्ण कार्यलाई सदाका लागि बन्द गर्न नसकेको स्पष्ट हुन्छ । क्युवा सरकारले लगातार आफ्नो हवाइ क्षेत्र उल्लङ्घन गरिएकोमा विरोध जनाएको थियो । कर्मचारीतन्त्रले त्यसलाई सम्बोधन गर्न नसकेको माथिको दस्तावेजबाट छर्लङ्ग हुन्छ ।

दस्तावेज ४ : एफएए । 'बीटीटीआर' गोलीबारीको विवरण । सन् १९९६ फेब्रुअरी २४ । स्रोत : राष्ट्रिय सुरक्षा अभिलेखालय ।

यो दस्तावेजमा सन् १९९६ फेब्रुअरी २४ को घटनाबारे एकएक मिनेटको जानकारी पाइन्छ । त्यो दिन क्युवाका लडाकु विमानले आफ्नो देशको तटबाहिर बीटीटीआरका दुई विमानलाई खसालेका थिए । माथिको

दस्तावेज ५ : एफएए । 'विराम र रोक' को लागि आपतकालीन आदेश र आज्ञापालनको आदेश (खेस्रा) । सन् १९९६ मार्च । स्रोत : राष्ट्रिय सुरक्षा अभिलेखालय ।

विमान खसालेर बीटीटीआरका चार विमानचालक मारिएपछि एफएएले बसुल्टोविरुद्ध 'विराम र रोक' आदेश जारी गऱ्यो । आदेशमा उनलाई 'अरूको जीउधनलाई खतरामा पार्ने असावधान वा लापरबाहीपूर्ण' क्रियाकलाप गरेको आरोप लगायो । एफएएको निर्देशिकामा बसुल्टो र बीटीटीआरलाई 'अहिले र पछि पनि गणतन्त्र क्युवाको भौगोलिक हवाइ क्षेत्रभित्र कुनै पनि नागरिक विमान सञ्चालन गर्न विराम र रोक लगाउने आदेश' दिइएको थियो ।

*(स्रोत : एमआर अनलाइन । सम्यक)*

---

# इतिहास हराएमा सहरले जीवन गुमाउने !

✍ **सुरेन्द्रराज गोसाई**




**इतिहासमा जवानी थप्न आवश्यक छ । इतिहासलाई बुढो भएर मर्न दिनुहुँदैन । इतिहासमा जवानी थप्ने भनेको यहीं किसिमका अभ्यासहरूबाट हो । त्यसकारण, आज हामीले इतिहासलाई, समाजलाई हेर्नलायकको र जीउँदोजाग्दो बनाउने काम गऱ्यौं । जसरी हामी 'त्वा:देवा' मा तेल थप्दै गर्छौं, त्यसरी नै सहरको जीवनमा तेल थप्ने काम गरिरहेका छौं । त्यसलाई निरन्तरता हामी जनतासँग मिलेर दिँदै जानेछौं । अरू कोही कसैसँग हात थापेर होइन ।**

जनतासँग घुलमिल भएर, जनताका सुख-दुःखमा साथ दिँदै आफ्ना सारा स्वार्थलाई त्यागेर, आफ्नो महत्त्वपूर्ण समय जनताको सेवामा लगाउनुहुने जनताका प्रतिनिधि पाउनु अहिलेको सन्दर्भमा सामान्य कुरा होइन । साँचो अर्थमा जनताको सेवाबाहेक अर्को स्वार्थ नभएका बेदाग जनप्रतिनिधिहरू पाउनु गर्विलो विषय हो । यस अर्थमा सारा नगरवासी दाजुभाइ, दिदीबहिनीहरूप्रति म हार्दिक बधाई तथा शुभकामना दिन्छु ।

भक्तपुर नगरपालिकाले हरेक दिनजसो नयाँ-नयाँ सुखद खबरहरू दिँदै आएकोमा हामी अवगत नै छौं । विशेष गरी जनताको पक्षमा र अझ सारा संसारसमक्ष सुन्दर नगर प्रस्तुत गर्नको निम्ति जुन किसिमले भक्तपुर नगरपालिकाले काम गर्दै छ, अत्यन्त उदाहरणीय हो । त्यस अर्थमा पनि भक्तपुर नगरपालिकालाई हामी नगरवासीको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दछौं ।

नेपालको इतिहासमा एउटा अद्भूत र अनुपमखालको एउटा उदाहरण



आज हामीले पाएका छौं । लोप हुन लागेको सुन्दर वास्तुकला, सुन्दर आकृतिलाई जोगाउने उपाय या अभ्यास भक्तपुर नगरपालिकाले सिङ्गो देशसमक्ष प्रस्तुत गर्दै छ । यसरी नै लोप हुन लागेका सुन्दर आकृतिहरू, लोप हुन लागेका मानवनिर्मित सम्पत्तिहरू जोगाउन सकेको खण्डमा हाम्रो नगर र जिल्ला मात्र होइन, हाम्रो देश नै धेरैको आँखामा लोभलाग्दो बन्नेछ । भक्तपुर नगरपालिकाले एउटा उदाहरण प्रस्तुत गरेको छ । जनताको माया प्राप्त गरेर, जनताको अगाध स्नेह प्राप्त गरेर, जनताको साथ, समर्थन र योगदान, श्रमदानसहित कसरी हामी अगाडि बढ्दै छौं र कसरी अगाडि बढ्न मिल्छ भन्ने बेजोड उदाहरण हामीले पाएका छौं । त्यस अर्थमा आज उद्घाटन गरिएको 'हाडा छैं' एउटा प्रतीक या उदाहरणको रूपमा प्रस्तुत गर्न सकेको खण्डमा धेरैका निम्ति प्रेरणादायी बन्ने निश्चित छ ।

हाम्रो भक्तपुरको एउटा सपना छ । हाम्रा अध्यक्षज्यूले देख्नुभएको एउटा सपना छ - 'सय वर्षपछिको भक्तपुर' । त्यतिखेर हाम्रा घरहरू कस्ता हुनेछन् ? हाम्रा टोलहरू कस्ता हुनेछन् ? संस्कृति तथा सम्पदाहरूको स्थिति कस्तो हुनेछ ? विश्वजगतसँग भक्तपुरको अन्तरक्रिया, भक्तपुरको शान, भक्तपुरको महत्ता कस्तो हुनेछ ? भक्तपुरको योगदान कस्तो हुनेछ ? हाम्रा अध्यक्षज्यूले देख्नुभएको सपनाको एउटा अंश, एउटा उदाहरण, एउटा पाइला यो पनि हो । देशको निम्ति गर्व गर्न लायक एउटा वास्तुकला प्रस्तुत गऱ्यौं भन्ने लाग्दछ । यसले 'सय वर्षपछिको भक्तपुर' को सपना एक-एक पाइला गर्दै अगाडि बढ्दै छ भन्ने सङ्केत गर्दछ ।

यो देशको मात्र होइन संसारकै सम्पदा, मौलिक कला–संस्कृति संरक्षित सहर भक्तपुर हो भन्दा हामीलाई गर्वको अनुभूति मिल्छ । यस विषयमा इतिहासका जानकारहरू, विश्व सभ्यताका अध्येताहरूले एकदिन स-प्रमाण विभिन्न लेखहरू, विभिन्न रचनाहरू लेख्नुहुने विश्वास छ ।

भक्तपुर नगरपालिकाले नयाँ पुस्ताका निम्ति निरन्तर बहुमूल्य उपहारहरू हस्तान्तरण गर्दै आइरहेको छ भन्दा अतिशयुक्ति नहोला । नयाँ पुस्ताको निम्ति सुन्दर वास्तुकला, सुन्दर कलाकृतिहरू र विश्वमा अन्यत्र कतै पनि नपाइने सम्पदाहरूको निर्माण, जीर्णोद्धार र हस्तान्तरण गर्ने काम भक्तपुर नगरपालिकाले अथक रूपमा गर्दै छ । यी सबै नयाँ पुस्ताको निम्ति हुन् । नयाँ युगका निम्ति हुन् । नयाँ युगको सेवा भनेको भाषण होइन, त्यो खालि नाराबाजी पनि होइन, व्यवहार र काम हो । त्यस आधारमा भन्नुपर्दा हामी गर्वका साथ भन्छौं, भक्तपुर नगरपालिकाले इमानदारीतापूर्वक निःस्वार्थ रूपमा नयाँ युगको सेवा, नयाँ पुस्ताको सुन्दर भविष्यका निम्ति सुझबुझपूर्ण ढङ्गमा पाइला चाल्दै छ । अरू धेरैले यसरी नै चालेको खण्डमा यो देश अझै पनि जाग्नेछ, उठ्नेछ र यो देश गौरव गर्न लायक अझ पनि बन्नेछ भन्ने हामीलाई लाग्दछ ।

विभिन्न तत्त्वबाट र यता-उताबाट हाम्रा मौलिक कला, सम्पदा र संस्कृतिमाथि हमला हुँदै छ । मौलिक कला, संस्कृति, सम्पदा म्हास्ने र त्यसमाथि हमला गर्ने कामहरू भइरहँदा त्यसको प्रतिकार शब्दमा होइन, हामी व्यवहारमा गर्दै छौं । हाम्रा मौलिक कला, संस्कृति सम्पदाहरू जगेर्ना गर्नु हाम्रो परिचय जोगाउनु हो । हाम्रो सभ्यता जोगाउनु हो । हाम्रो इतिहास जोगाउनु हो । त्यो काममा भक्तपुर नगरपालिका र हामी जनता एकजुट भएर लाग्दै छौं । मौलिक कला, संस्कृति र सम्पदाको संरक्षण आफैमा पनि एउटा गर्व गर्न लायक कार्य हो । आज जनतासँग मिलेर भक्तपुर नगरपालिका गर्दै छ । यो आफैंमा पनि एउटा सुन्दर उदाहरण हो । मौलिक कला, संस्कृति सम्पदाको संरक्षण भनेको सभ्यताको निम्ति एउटा इँटा थप्ने पाइला हो । त्यसको विनाश, सम्पदा जलाउने काम, सम्पदा म्हास्ने काम, सम्पदा नजोगाउने काम भनेको असभ्यता हो । बर्बरता हो । त्यो असभ्यताको प्रमाण हो । सम्पदा जलाउने कार्यको विरुद्धमा हामीले उठायौं 'हाडा छैं' । त्यस आधारमा भक्तपुरका सचेत तथा सहयोगी जनताप्रति हामी बधाई ज्ञापन गर्दछौं ।

वास्तवमा इतिहास नभएको सहर हुँदैन । सहरसँग इतिहास हुन्छ । मुख्य कुरा इतिहास हराउन दिनुहुँदैन । इतिहास हराएको खण्डमा हाम्रो परिचय पनि हराउनेछ । सहरले जीवन पनि गुमाउनेछ । त्यसकारण, आज हामी इतिहास जोगाउने कार्य जनतासँग मिलेर सुझबुझका साथ गर्दै छौं । यस्ता निर्माणहरूमा सहयोग गर्ने हाम्रा डकर्मी, सिकर्मी, मजदुरहरू, दाजुभाइ–दिदीबहिनीहरूलाई पनि हार्दिक-हार्दिक बधाई ज्ञापन गर्द छौं ।

इतिहासमा जवानी थप्न आवश्यक छ । इतिहासलाई बुढो भएर मर्न दिनुहुँदैन । इतिहासमा जवानी थप्ने भनेको यहीं किसिमका अभ्यासहरूबाट हो । त्यसकारण, आज हामीले इतिहासलाई, समाजलाई हेर्नलायकको र जीउँदोजाग्दो बनाउने काम गऱ्यौं । जसरी हामी 'त्वा:देवा' मा तेल थप्दै गर्छौं, त्यसरी नै सहरको जीवनमा तेल थप्ने काम गरिरहेका छौं । त्यसलाई निरन्तरता हामी जनतासँग मिलेर दिँदै जानेछौं । अरू कोही कसैसँग हात थापेर होइन । अथवा भनौं, जसले हाम्रो सम्पदा विनास गर्न खोज्दछ, हाम्रो संस्कृतिमाथि हमला गर्न खोज्दछ, हाम्रो पूर्वीय संस्कृतिमाथि हमला गरेर पश्चिमाकरण जसले गर्न खोज्दछ, ती नै पश्चिमाहरूको समक्ष हात फिजाएर होइन । जनतासँग हातमा हात मिलाएर जसरी हामीले इतिहास, संस्कृति जोगाउने काम गर्दै छौं, यो विरलै मात्र पाइने अभ्यास या उदाहरण हो । त्यस अर्थमा पनि हामी सबैले यो भावनालाई अझ अगाडि बढाउन आवश्यक छ ।

सम्पदाविनाको समृद्धिको कुनै अर्थ हुँदैन । समृद्धि प्राप्त भइसकेपछि पनि सम्पदा जोगाउन नसक्नु, सम्पदातर्फ ध्यान नदिनु भनेको फेरि पनि त्यो असभ्यता नै हो । फेरि पनि त्यस्तो समृद्धिको अर्थ हुँदैन । त्यसकारण समृद्धिसँगै सम्पदाहरू जोगिनुपर्दछ । सम्पदाहरू जोगाइरहँदा समृद्धितर्फको यात्रा पनि तय गर्न आवश्यक हुन्छ । त्यसको निम्ति जनसहभागिता, जनश्रमदान, जनतासँगको एकमनको एकतासहित हाम्रा पाइलाहरू अगाडि बढ्दै छन् । यी पाइलाहरू अनवरत रूपमा अगाडि बढ्दै जाऊन्, त्यसको निम्ति समेत शुभकामना !

*(भक्तपुर नगरपालिकाले गत जेठ ६ गते 'हाडा छैं' पुनः निर्माण सम्पन्न गरी उद्घाटन समारोह सम्पन्न गऱ्यो । मौलिक वास्तुकला तथा परम्परागत प्रविधि एवम् वस्तुहरूको प्रयोग गरी पुनःनिर्माण गरिएको सो भवन नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेंज्यूले उद्घाटन गर्नुभयो । सो अवसरमा नेमकिपाका केन्द्रीय सदस्य तथा बाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले व्यक्त गर्नुभएको विचारको सम्पादित अंश)*

# सरकारले बचत फिर्ता गर्दैगर्दा सहकारी ठगहरूले उन्मुक्ति पाउने त होइन !



रामप्रसाद प्रजापति

**सहकारी अध्यादेश, २०८३**

सरकारले वैशाखको ८ गते बसेको मन्त्रीपरिषदको बैठकबाट वैशाखको १७ गतेदेखि सङ्घीय संसद्को अधिवेशन बोलाउने निर्णय सार्वजनिक गरिसकेको थियो ।

तर अचानक दुई दिनपछि वैशाख १० गते सरकारले वैशाख १७ गतेको बैठक स्थगित गर्ने निर्णय गर्छ लगत्तै करिब आधा दर्जन अध्यादेशहरू जारी गर्छ ।

जारी भएका केही अध्यादेशहरूमध्ये एउटा चर्चित अध्यादेश सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ पनि हो ।

देशभर सहकारी ठगी, सहकारीको रकम अपचलन, बचतकर्ताको रकम फिर्ता नगर्नुजस्ता समस्या चुचुरोमा पुगेका बखत सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधमा मुद्दा चली कारबाहीयुक्त अवस्थामा रहेको रवि लामिछानेविरुद्ध चलिरहेका मुद्दाको अभियोजन पक्ष सरकारी वकिलको कार्यालयबाट अभियोजन संशोधनको नाममा सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधको मुद्दा फिर्ता लिने निर्णय गऱ्यो । जेनजी आन्दोलनपछि गठित सुशीला कार्कीको सरकारको कार्यकालमा महान्यायाधीवक्ताको कार्यालयबाट भएको उक्त अभियोजन संशोधनको व्यापक विरोध भएको थियो ।

जेनजी आन्दोलनपछि जेलबाट भागेका वा भगाइएका भनिएका रवि लामिछानेलाई निर्वाचन लड्न र निर्वाचित भई सांसद् प्रवेश गर्दा रोक नलागोस् वा संसद् पद निलम्बनमा नपरोस् भन्ने उद्देश्यले उक्त निर्णय भएको भन्दै चौतर्फी आलोचना भएको थियो । तर रवि लामिछानेको मात्रै नभई सरकारले रवि लामिछाने सँगसँगै सोही मुद्दामा प्रतिवादी बनाइएका छविलाल जोशी र जीबी राई समेतविरुद्ध दायर भएको अभियोजनपत्रबाट अभियोजन संशोधन र एकरूपता कायम गर्न भन्दै तीनै जनाविरुद्धको सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधको मुद्दा फिर्ता लिने निर्णय गरे ।

देशमा करिब १८ वर्षपहिले नै सहकारीको पैसा हिनामिना, अपचलन गरी सहकारी ठगी गरेको आरोप लागेको ओरियन्टल सहकारी संस्थाका बचतकर्ताहरूले बचत रकम फिर्ता पाएका छैनन् । हालै प्रकाशित सार्वजनिक सूचनाअनुसार ओरियन्टल सहकारी संस्थाका सञ्चालकहरूले सहकारीको रकम हिनामिना गर्दैगर्दा संस्थाबाट ऋण लिई भाखाभित्र ऋण चुक्ता नगर्ने ऋणीहरूका कारण पनि समस्या आएको रहेछ भन्ने देखिएको छ ।

जस्तो उदाहरणका लागि भक्तपुरबाट मात्रै ओरियन्टल सहकारी संस्थाले तत्कालीन अवस्थामा करिब ६२ करोड रुपैयाँ हिनामिना गरी बचत रकम फिर्ता नगरेको भन्ने सुनिन्छ । सामान्य अर्थमा भक्तपुरबाट मात्रै ६२ करोड रुपैयाँ ठगी गरी लगे भन्ने हामी सर्वसाधारणलाई लागेको थियो । तर, अहिले सार्वजनिक भएको ओरियन्टल सहकारी संस्थाका ऋणीहरूको विवरण हेर्दा भक्तपुरकै पनि धेरै ऋणीहरूले ऋण लिई ऋण चुक्ता नगरेको देखियो ।

सरकारले साना बचतकर्ताहरूको बचत रकम फिर्ता दिने नाममा संसद्को अधिवेशन बोलाइसकेको पनि स्थगित गरेर अध्यादेशमार्फत सहकारी ऐन, २०७४ मा केही संशोधन गरेको देखियो ।

सहकारी ऐन, २०७४ को मूल ऐनको दफा १०३ ज मा संशोधन गरी सहकारी संस्थाको ऋण असुलीका लागि आवश्यक सहजीकरण गर्ने वा गराउने उद्देश्य थप गरिएको छ भने उपदफा (२) को खण्ड (घ) पनि निश्चित अवधि तोकी बचतकर्ताहरूको बचत रकम फिर्ता गर्न आदेश दिने व्यवस्था थप गरिएको छ ।

त्यस्तै सोही खण्डमा आवश्यकताअनुसार नेपाल प्रहरीलगायतका निकायको सहयोग लिई प्राधिकरणमा उपस्थित गराई कारबाही अघि बढाउने, प्राधिकरणले दिएको आदेशानुसार बचत रकम फिर्ता नगर्ने वा सो कार्यमा सहयोग नगर्ने बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाका सञ्चालक, कर्मचारी, सम्बन्धित अन्य व्यक्तिको नाममा रहेको चल अचल सम्पत्ति रोक्का गर्ने र विदेश यात्रामा प्रतिबन्ध लगाउने व्यवस्था थप गरिएको छ ।

त्यस्तो प्रक्रिया अबलम्बन गर्दा पनि बचतकर्ताको बचत रकम फिर्ता नगरेमा प्राधिकरणले उक्त बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाका सञ्चालक, कर्मचारी, सम्बन्धित अन्य व्यक्ति वा निजको परिवारका सदस्यलाई प्रचलित कानुनबमोजिम कसूर कायम गरी कारबाही चलाउन सम्बन्धित प्रहरी कार्यलयमा लेखी पठाउने कानुनी व्यवस्था पनि सहकारी अध्यादेश, २०८३ ले गरेको पाईन्छ ।

अध्यादेशले परिवारको परिभाषामा व्यापकता दिँदै 'परिवार' भन्नाले सदस्यको देहायको नाताको व्यक्ति सम्झनुपर्छ भनिएको छ :

१) पति, पत्नी, छोरा, छोरी, बुहारी, छोरी, ज्वाइँ, धर्मपुत्र, धर्मपुत्र बुहारी, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफैले पालन पोषण गर्नुपर्ने दाजु, भाउजू भाइ, भाइ बुहारी, दिदी, बहिनी, ।
२) पुरुष सदस्यको हकमा निजका बाजे, बज्यै, सासू, ससुरा तथा महिला सदस्यको हकमा निजको सासु, ससुरा र
३) दफा ८८ बमोजिम लगातार दुई वर्षसम्म कारोबार नगरी निष्क्रिय रहेको, यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमावली विपरीत कार्य गरेको, लिक्वीडेशन वा खारेजीमा गएको र ऐनको दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भएको सहकारी संस्थाको सदस्यको हकमा अंशवण्डा गरी, मानो छुट्टिई वा सम्बन्ध विच्छेद भई बसेको परिवारको सदस्यसमेतबाट असुर उपर तथा कारबाही गर्न सकिने गरी परिवारको सदस्यको परिभाषालाई व्यापक बनाइएको छ ।

त्यस्तै नातेदार भन्नाले काका, काकी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी बुहारी, मामा, माइजू, भिनाजु, ज्वाइँ, भान्जा, भान्जी, साला, साली, जेठान, जेठानी, फुपू, फुपाजु, नातिनी ज्वाइँ, भिन्न भएका सासु, ससुरा, दाजु, भाइ, भाउजू, भाइ बुहारी र निजका एकाघरका सदस्य सम्झनुपर्छ र सो शब्दले आफू सदस्य रहेको सहकारी संस्थामा काम गर्ने कर्मचारीलाई समेत जनाउँछ भनिएको छ ।

**सरकारले बचत फिर्ता गर्ने !**

बचतकर्ताहरूको बचत फिर्ता गरिने सम्बन्धमा अध्यादेशले सहकारी ऐन, २०७४ को दफा १०८ (ख) थप गरी दफा १०८ (ख) मा चक्रीय राहत कोषको स्थापना गर्न सक्ने व्यवस्था गरेको छ । जसअनुसार दफा ११२ (क) बमोजिम दाबी गरेको समस्याग्रस्त सहकारी संस्थाका सदस्यहरूलाई तत्काल बचत फिर्ता गर्ने प्रयोजनका लागि व्यवस्थापन समितिमा नेपाल सरकारले एक चक्रीय राहत कोषको स्थापना गर्न सक्नेछ भन्दै कोषमा नेपाल सरकारबाट प्राप्त रकम, सम्बन्धित संस्थाबाट सोधभर्ना बापत फिर्ता भएको रकम र अन्य स्रोतबाट प्राप्त रकम रहने भनिएको छ ।

व्यवस्थापन समितिले कोषमा नेपाल सरकारबाट प्राप्त रकम क्रमश: समस्याग्रस्त संस्थाको अधिकार क्षेत्रमा रहेका ऋणीको चल अचल सम्पत्ति र अन्य स्रोतबाट असुली भई आएको रकमबाट क्रमश: शोधभर्ना गर्दै जाने व्यवस्था गरिएको छ ।

बचत फिर्ताका नाममा सरकारले बचतकर्ताको रकम फिर्ता गर्दै जाने कार्यले सरकारलाई आर्थिक व्यवस्थापनको भार पर्ने तर सहकारी ठगहरूले उन्मुक्ति पाउँदै जाने हो कि भन्ने आशङ्का पनि गरिएको छ ।

अध्यादेशले सहकारीहरूले नियम विपरीत काम गरेमा वा प्राधिकरणको निर्देशन पालना नगरेमा अनुमतिपत्र निलम्बन गर्न सकिने व्यवस्था गरेको पाइन्छ ।

निश्चित अवधि तोकेर बचतकर्ताको बचत रकम फिर्ता दिन प्राधिकरणले आदेश दिन सक्ने, आवश्यकताअनुसार प्रहरीलगायतका निकायको सहयोगबाट कारबाही प्रक्रिया अगाडि बढाउन, प्राधिकरणले दिएको आदेश नमाने बचत रकम फिर्ता नगर्ने वा सहयोग नगर्ने सहकारी संस्थाका सञ्चालक कर्मचारी र सम्बन्धित अन्य व्यक्तिको नाममा रहेको चलअचल सम्पत्ति रोक्का र विदेश यात्रामा प्रतिबन्ध लगाउने अधिकार सहकारी प्राधिकरणलाई दिइएको छ ।

बचत फिर्ता नभए सञ्चालक, कर्मचारी अन्य व्यक्ति र परिवारका सदस्यलाई कानुनअनुसार कसुर कायम गरेर कारबाही गर्न प्रहरी कार्यालयमा लेखी पठाउने र समस्यग्रस्त घोषणा गर्नु अगाडि नै जिम्मेवार पदाधिकारीसहितका व्यक्तिको सबै सम्पत्ति रोक्का राखेर विदेश भ्रमणमा समेत रोक लगाएपछि मात्रै सङ्कटग्रस्त घोषणा गर्ने व्यवस्था अध्यादेशले गरेको पाइन्छ ।

यसरी अब बचतकर्ताको रकम फिर्ता नगर्ने सहकारी संस्थाहरूविरुद्ध प्राधिकरणमा उजुरी गर्न सकिने, प्राधिकरणले सम्बन्धित सहकारी संस्था र सञ्चालकहरूलाई बोलाई बचत रकम फिर्ता गर्न आदेश दिँदा समेत फिर्ता नदिने सहकारी संस्थाका सञ्चालकविरुद्ध प्रहरी कार्यालयमा लेखी पठाएअनुसार कानुनबमोजिम कारबाही हुने व्यवस्था लागु गरिएको छ ।

अध्यादेशमा सहकारी संस्थाको रकम हिनामिना, अपचलन गर्नुका साथै विदेशमा लाने सहकारी सञ्चालक तथा सहकारी सञ्चालकहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित बनाई वा दबाबमा पारी वा लोभलालच, प्रलोभनमा पारी नाममात्रको सञ्चालक बनाई पर्दा पछाडिबाट सहकारी तथा सहकारीको रकम हिनामिना गर्ने मानिसहरू समेतको पहिचान गरी कडा कारबाही गर्नुका साथै सर्वसाधारण बचतकर्ताहरूको बचत रकम तत्काल फिर्ता हुने व्यवस्था समेत मिलाई अध्यादेशमा अझै आवश्यक सुधार गरी सहकारी ऐन, २०७४ सम्बन्धी कानुन संसद्बाट यथाशीघ्र पारित गरिनु जरुरी छ ।

ताकि सहकारी ठगी, बचतकर्ताको रकम हिनामिना/अपचलनसम्बन्धी मुद्दा अदालतमा विचाराधीन रहेका मुद्दाका प्रतिवादीहरू र मुद्दा चल्न बाँकी कसुरदारहरू कोही कसैले उम्किन, भाग्न र उन्मुक्ति नपाऊन् ।

*२०८३ जेठ १०*

# श्रमको सम्मान गर्न सुवालको सुझाव




भक्तपुर । प्रभात इङ्गलिस सेकेन्डरी स्कूलको आयोजनामा एसईई उत्तीर्ण विद्यार्थीलाई बधाई कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले भन्नुभयो, "मानिसले पहिलो श्रम गरेको जङ्गली अवस्थामा शिकार खेलेको भनिन्छ । त्यसयता पशुपालन, कृषि हुँदै उद्योग र व्यापारसम्म मानिस पुगेको हो ।"

डाक्टर, इन्जिनियर, पत्रकार, कवि, कलाकार, वकिल, शिक्षक-प्राध्यापक सबै बौद्धिक मजदुर भएकोले सबैले श्रमलाई सम्मान गर्नु जरुरी भएको उहाँले बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "विज्ञानले संसारमा पत्ता लगाउन नसक्ने केही नभएको बताउँछ भने अन्धविश्वासले संसार रहस्यको विषय बताउँछ । एउटा खास अवस्थामा पदार्थको गुण बदलिएजस्तै मात्र समाज पनि पुरानोबाट नयाँतर्फ विकास हुन्छ ।"

निर्वाचन प्रजातन्त्रको एउटा प्रक्रियामात्र भएको धारणा राख्दै सचिव सुवालले भन्नुभयो, "निर्वाचनले मानिसको समस्या समाधान गर्न सक्दैन । प्रजातन्त्रले आर्थिक र सामाजिक समानता दिनु जरुरी हुन्छ । नेपालको निर्वाचनमा पनि विद्युतीय मेसिनबाट मतदान र अनलाइन मतदानसम्बन्धी कानुनी मस्यौदा भइरहेको छ । भारत र संरा अमेरिकामा विद्युतीय मेसिनबाट मतदान र अनलाइन मतदान पनि धाँधली भइरहेको सार्वजनिक भयो । यसबारे नेपाली जनता सचेत हुनु आवश्यक छ ।"

"विदेश अध्ययनबाट फर्केर नेपालको सेवा गर्ने भावना सबैसँग हुनु आवश्यक छ । उत्पादनका साधनहरू सामाजिकीकरण नभएसम्म श्रम गर्नेहरूको पारिश्रमिक पुग्दो व्यवस्था सम्भव हुँदैन", उहाँले थप्नुभयो ।

भक्तपुर नगरपालिकालाई नर्सिङ विषय अध्यापनको अनुमति प्राप्त गर्न बीस वर्षअघिका विद्यार्थीहरूले सीटीईभीटीमा धर्ना बसेर आन्दोलन गर्नुपरेको उहाँले स्मरण गर्नुभयो ।

विद्यार्थीहरूलाई ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठ, ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक, ख्वप बहुप्राविधिक अध्ययन संस्थानका नर्सिङ विभागीय प्रमुख ईश्वरी डंगोललगायतले मार्गनिर्देशन गर्नुभएको थियो । विद्यालयका प्राचार्य बदनकेशरी प्रजापतिले पनि बोल्नुभएको उक्त कार्यक्रममा विद्यार्थीहरूले विद्यालयमा अध्ययन गर्दाको अनुभव राख्नुभएको थियो ।

शिक्षक पुरुषोत्तम सुवाल, मनिता थापा र अन्जना कुम्पाखले कार्यक्रममा गीत प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा विद्यार्थीहरूलाई हरिबहादुर श्रेष्ठद्वारा लिखित 'मार्गनिर्देशनबारे भाइबहिनीलाई चिट्ठी' पुस्तिका वितरण गरिएको थियो ।

# तलब बढाउने कि महँगी घटाउने ?

✍ स्नेह

तलब बढाएर के गर्नु ?
दुईगुणा महँगी बढ्ने भए
यतिबेला ११८० अर्ब राजस्व छ
तलब १३३० अर्ब चाहिन्छ
वर्षको साढे ३५० अर्ब त
ऋणको सावाँ ब्याज तिर्नु छ ।
ऋण नलिए देश ठप्प हुने भए
नयाँ शीशीमा पुरानो लेभल किन होइन ?
पुरानै बाटोमा हिँड्ने भए
नयाँ विकल्प कसरी होला ?
तलब बढाउने किन ?
तागत भए महँगी घटाउनु ।
सहकारी ठगलाई कारबाही खोइ ?
जनताको कर किन बाँडेको ?
के राज्यकोष बपौती हो ?
टाइम्स पत्रिकामा
जेलेन्स्कीसँग तस्वीर
विध्वंसको सङ्केत किन होइन ?
नेपालको मानचित्र नष्ट पार्न
सिंहदरबारमा दुई दुई पटक
आगजनी गरिएको किन होइन ?

*(२०८३ जेठ १०)*

# समाजवादउन्मुख राज्य व्यवस्थाको आधारमा बजेट ल्याउनुपर्छ

सरकारले आर्थिक वर्ष ०८३/०८४ को जेठ १५ गते बजेट प्रस्तुत गर्नुपर्ने संवैधानिक बन्दोबस्त छ । उक्त बजेट सरकारी नीति तथा कार्यक्रमको आधारमा सार्वजनिक गरिनेछ । सरकारी नीति तथा कार्यक्रम सरकारको एक कार्ययोजना हो; सरकारले गर्ने कार्यदिशा हो । नीति तथा कार्यक्रममा सरकारले एक वर्षमा गर्ने कार्य योजना रहेको हुन्छ । सरकार कुन वर्गप्रति लक्षित छ भन्ने चिन्ने बाटो पनि नीति तथा कार्यक्रम हो । सरकारले बजेट तयारी गर्न पूर्वाभ्यास गर्दै छ । नीति तथा कार्यक्रमको आधारमा बजेट तयार गर्ने हुँदा बजेट श्रमजीवीवर्ग लक्षित हुने आशा गर्ने ठाउँ देखिँदैन ।

नेपालको संविधान समाजवादउन्मुख राज्य व्यवस्था लक्षित छ । संविधान मान्ने सरकारले कमसेकम समाजवादउन्मुख राज्य व्यवस्थाको आधारमा नीति तथा कार्यक्रम र बजेट ल्याउनुपर्छ । समाजवादउन्मुख राज्य व्यवस्था र माध्यमिक तहसम्मको नि:शुल्क शिक्षा कसैलाई देखाउनको निम्ति संविधानमा उल्लेख गरिएको होइन । यसलाई कार्यान्वयन गर्न सरकार प्रतिबद्ध हुनुपर्छ । यसअघिका कुनै पनि सरकारले उपर्युक्त संवैधानिक व्यवस्थालाई लागू गर्ने प्रयासै गरेनन् । केही गर्ने आशाले उदाएको रास्वपाको सरकारले समाजवादउन्मुख राज्य व्यवस्थाको भावनाबमोजिम बजेट ल्याउने र मावि तहसम्म नि:शुल्क शिक्षाको बन्दोबस्त गर्ने आशा छ । समाजवादउन्मुख राज्य व्यवस्थालाई कार्यरूप दिन सरकारले समाजवादी कार्यक्रमको थालनी गर्नुपर्छ । तर, अर्थमन्त्री स्वर्णिम वाग्लेले संसद्मा रास्वपा कम्युनिस्ट पार्टी होइन; नवउदारवादको अन्ध समर्थन पनि गर्दैन भनेका थिए । रास्वपाको आर्थिक, राजनीतिक विचार उदार लोकतन्त्र र सामाजिक बजार अर्थतन्त्रमा आधारित रहेको रास्वपा आमूल परिवर्तनको पक्षमा नभएको थाहा हुन्छ । के रास्वपा सरकारले सबै जनतामा समान सुविधा तथा स्वतन्त्रताको अधिकार हुनुपर्छ भन्ने सिद्धान्तअनुसार काम गर्ला ? के यो सरकारले सङ्कुचित विचार र स्वार्थदेखि टाढा रहेर काम गर्छ ? के सबैलाई समानरूपले व्यवहार गर्छ ? के उच्च तथा उत्तम विचार अघि ल्याएर श्रमजीवीवर्गको हित हेर्छ ?

**देशको मुख्य समस्या आर्थिक असमानता होत्र गरिबीको समस्या होत्र रोजीरोटीको समस्या हो । यहाँ धेरै किसानसँग कम जग्गा छ, थोरै सामन्त र जमिनदारसँग धेरै जग्गा छ । कति खेतीयोग्य जग्गा बाँझो राखिएको छ । कति किसानहरू जग्गा नभएर अरूको जग्गा जोतेर कमाउँदै छन् भने सामन्त जमिनदारहरू जग्गा बाँझो राखेर देशको उत्पादनमा समस्या परेको छ ।**

समाजवादउन्मुख राज्यको अवधारणाअनुसार सरकारले सबैले व्यक्तित्व विकासमा समान अवसर पाउने ढङ्गले काम गर्नुपर्छ; बस्तीबस्तीमा शिशुस्याहार केन्द्रदेखि आदर निकेतन खोल्नुपर्छ । सबै जनतामा स्रोतसाधन, अवसर र सेवामा समानुपातिक पहुँच पुऱ्याउनुपर्छ । देशका लाखौँ भूमिहीन, बेरोजगार, असङ्गठित श्रमिक, सुकुमवासी र सीमान्तकृत समुदायको आर्थिक स्तर परिवर्तन गर्ने खाका सरकारले तयार गर्नुपर्छ । गरिबीको रेखामुनि रहेका जनतालाई गरिबीबाट मुक्त गर्न पूर्वाधार र योजना बुन्नुपर्छ । देशलाई आत्मनिर्भर बनाउन या जनताका आधारभूत आवश्यकता पूर्ति गर्न सरकार लाग्नुपर्छ । देशको आयस्रोत बढाएर देशको विकास गरी जनताको जीवनस्तर उठाउनेतर्फ सरकार दत्तचित्त हुनुपर्छ । तर, जनताका जीवनस्तर उठाएर सुख सविधा दिनेभन्दा विदेशीको भरमा बस्ने, विदेशी शक्ति राष्ट्रको इसारामा नाच्ने र विदेशी ऋणमा डुब्ने सरकारी नीतिले देश सधैँ परनिर्भर भइरहनेछ ।

अहिले पनि सबै स्थानमा शिक्षाको ज्योति पुगेको छैन । स्वास्थ्य सेवा सबै ठाउँमा पुऱ्याउन सकेको छैन । शिक्षा आर्जनको निम्ति देशका सबै स्थानमा आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधार पुऱ्याउन सकेको छैन । स्वास्थ्य केन्द्र पुगेको छैन । औषधि उपचार गर्न सकेको छैन । समयमा औषधि उपचार गर्न नपाएर कतिको ज्यान गएको हुन्छ । गाउँ-बस्तीसम्म बिजुली बत्ती पुगेको छैन । रोजीरोटीको बन्दोबस्त गर्न सकिएको छैन । गाउँ-बस्तीसम्म बाटो पुगेको छैन । एउटा फलामे तारको आधारमा खोला पार गर्नुपर्ने बाध्यता छ । कति उद्योगहरू खोलेका छैनन् । हो, बन्द भएका उद्योग सञ्चालन गरेर रोजीरोटीको व्यवस्था गर्न सकिन्छ । विकास गाउँ-गाउँमा पुऱ्याएर सन्तुलित विकास गर्न सकिन्छ । गाउँ-गाउँमा विकास पुगेको भए स्थानीयले काम पाउँथे र युवाहरू कामको निम्ति विदेसिन बाध्य हुँदैनथे । नवउदारवादले राज्यको भूमिका गौण बनाउँछ । निजीकरणको बाटो समाएर देशलाई धनी बनाउन सकिँदैन । सरकारले व्यक्तिको आम्दानी बढाउनेभन्दा, व्यक्तिलाई विदेशी बैङ्कमा पैसा थुपार्न दिनुभन्दा देशकै आम्दानी बढाएर जनताको जीवनस्तर उठाउने र गाँस बासको व्यवस्था हुने वातावरण तयार गर्नुपर्छ ।

देशको मुख्य समस्या आर्थिक असमानता हो; गरिबीको समस्या हो; रोजीरोटीको समस्या हो । यहाँ धेरै किसानसँग कम जग्गा छ, थोरै सामन्त र जमिनदारसँग धेरै जग्गा छ । कति खेतीयोग्य जग्गा बाँझो राखिएको छ । कति किसानहरू जग्गा नभएर अरूको जग्गा जोतेर कमाउँदै छन् भने सामन्त जमिनदारहरू जग्गा बाँझो राखेर देशको उत्पादनमा समस्या परेको छ । यही कारण सरकारले क्रान्तिकारी भूमिसुधार लागू गर्नुपर्ने हो; कमैयाहरूलाई आफूले जोत्दै आएको मोही भाग दिएर जीवन जोहो गर्ने अवसर दिनुपर्ने हो । संवैधानिक व्यवस्थाअनुसार सरकार उत्पादनमूलकतर्फ उन्मुख हुनुपर्नेमा बजारमुखी विकासतर्फ लागेको देखिन्छ । सरकारले प्रगतिशील कर प्रणाली लागू गर्नुपर्ने हो । गरिब वर्गमाथि कर थोपरेर धनी वर्गमाथिको कर छुट दिने व्यवस्थाले आर्थिक समानता खोक्रो नारामात्र हुनेछ । यी विभिन्न दृष्टिकोणले हेर्दा सरकारको नीति तथा कार्यक्रम समाजवादउन्मुख देखिँदैन । नीति तथा कार्यक्रमको आधारमा अब प्रस्तुत हुने बजेट पनि समाजवादउन्मुख हुनेछैन ।

मुख्य सवाल कुन सरकारले कति खर्ब र अर्बको बजेट प्रस्तुत गऱ्यो भन्ने होइन । सार्वजनिक हुने बजेट कुन वर्गप्रति लक्षित छ भन्ने मुख्य हो । सामन्त, पुँजीपति, जमिनदार, जालीफटाहा, बिचौलिया, ठग, भ्रष्टाचारी, कमिसनखोर, ठुलठुला व्यापारी र उद्योगपतिहरू पोस्ने बजेट ल्याइयो भने यो शक्तिशाली सरकार पनि बहुमत जनताको पक्षमा नभएको स्पष्ट हुन्छ । समाजलाई अगाडि बढाउने हो, समाजमा परिवर्तनको अनुभूति दिने हो भने समाजवादउन्मुख राज्य व्यवस्थामा टेकेर अझ प्रगति गर्न समाजवादी व्यवस्थातर्फ नै देशलाई अघि बढाउनुपर्छ ।

# राउल क्यास्ट्रो एक नायक हुनुहुन्छ वास्तविक अपराधी त अमेरिकी साम्राज्यवादीहरू हुन्

✍ निकोस मोटोस

*राउल क्यास्ट्रो त्यो ऐतिहासिक पुस्ताका प्रतिनिधि हुनुहुन्छ जसले बाटिस्टा तानाशाहीलाई उखेलेर फ्याँक्नुभएको थियो । एउटा यस्तो शासन जो दमन, भ्रष्टाचार र अमेरिकी आर्थिक स्वार्थको पूर्ण अधीनमा थियो । फिडेल क्यास्ट्रो, चे ग्वेभारा र हजारौँ क्युवाली क्रान्तिकारीहरूसँग मिलेर त्यो पुस्ताले क्युवालाई अमेरिकी निगम र माफिया स्वार्थहरूको खेलमैदानबाट एक स्वतन्त्र राष्ट्रमा रूपान्तरण गऱ्यो, जसले लाखौँ सर्वसाधारण जनताका लागि स्वास्थ्य सेवा, शिक्षा, साक्षरता र आत्मसम्मानको सुनिश्चितता गऱ्यो ।*



ट्रम्प प्रशासनले राउल क्यास्ट्रोलाई अपराधी देखाउन जतिसुकै हताश प्रयास गरे पनि उहाँ पक्कै पनि अपराधी हुनुहुन्न । उहाँ एक यस्ता क्रान्तिकारी हुनुहुन्छ जसले क्युवामा तानाशाही, वैदेशिक प्रभुत्व र पुँजीवादी शोषणका विरुद्धको सङ्घर्षमा आफ्नो जीवन समर्पित गर्नुभयो ।

राउलविरुद्ध सम्भावित अमेरिकी पक्राउ पुर्जीको नवीकरण गरिएको धम्की अरू केही नभएर एक साम्राज्यवादी अहङ्कारको पराकाष्ठा हो । यो त्यस्तो राज्यको अहङ्कार हो जसले विगत ६० वर्षभन्दा बढी समयदेखि नाकाबन्दी, तोडफोड, आर्थिक युद्ध र निरन्तरको राजनीतिक आक्रामकतामार्फत क्युवाली क्रान्तिलाई निसास्याउने प्रयास गरिरहेको छ ।

*वासिङटनको पाखण्डलाई शब्दमा बयान गर्न गाऱ्हो छ । त्यही संयुक्त राज्य अमेरिका, जसले आफ्नो भू-राजनीतिक स्वार्थको रक्षाका लागि देशहरूमाथि आक्रमण गऱ्यो, सैन्य कू (विद्रोह) हरू गरायो, प्रतिक्रियावादी शक्तिहरूलाई हतियार दियो र पूरै समाजहरू ध्वस्त पाऱ्यो आज आफूलाई ‘न्याय’ र ‘लोकतन्त्र’ को रक्षकका रूपमा प्रस्तुत गर्ने प्रयास गर्दै छ । त्यही राजनीतिक संयन्त्र - जसले युद्धहरूमा लगानी गर्छ, सामूहिक दण्डलाई समर्थन गर्छ र विश्वभरका अपराधी शासनहरूलाई खुला रूपमा साथ दिन्छ; क्रान्तिकारी क्युवाको सन्दर्भमा अचानक नैतिक अधिकारको दाबी गर्छ ।*

वासिङटनको पाखण्डलाई शब्दमा बयान गर्न गाऱ्हो छ । त्यही संयुक्त राज्य अमेरिका, जसले आफ्नो भू-राजनीतिक स्वार्थको रक्षाका लागि देशहरूमाथि आक्रमण गऱ्यो, सैन्य कू ( विद्रोह) हरू गरायो, प्रतिक्रियावादी शक्तिहरूलाई हतियार दियो र पूरै समाजहरू ध्वस्त पाऱ्यो आज आफूलाई ‘न्याय’ र ‘लोकतन्त्र’ को रक्षकका रूपमा प्रस्तुत गर्ने प्रयास गर्दै छ । त्यही राजनीतिक संयन्त्र - जसले युद्धहरूमा लगानी गर्छ, सामूहिक दण्डलाई समर्थन गर्छ र विश्वभरका अपराधी शासनहरूलाई खुला रूपमा साथ दिन्छ; क्रान्तिकारी क्युवाको सन्दर्भमा अचानक नैतिक अधिकारको दाबी गर्छ ।

संयुक्त राज्य अमेरिकाको मियामीबाट सञ्चालित हिंसात्मक ‘एन्टी-क्यास्ट्रो’ (क्यास्ट्रोविरोधी) चरमपन्थीहरूलाई संरक्षण दिने र वैध बनाउने लामो इतिहास पनि छ । यी त्यस्ता व्यक्ति र सञ्जाल हुन् जो क्युवाविरुद्ध दशकौँसम्म भएका तोडफोड, बम विस्फोट र आतङ्कवादी हमलाहरूमा संलग्न थिए । त्यही राजनीतिक संयन्त्र आज विश्वलाई ‘न्याय’ र ‘लोकतन्त्र’ का बारेमा उपदेश दिने प्रयास गरिरहेको छ ।

राउल क्यास्ट्रो त्यो ऐतिहासिक पुस्ताका प्रतिनिधि हुनुहुन्छ जसले बाटिस्टा तानाशाहीलाई उखेलेर फ्याँक्नुभएको थियो । एउटा यस्तो शासन जो दमन, भ्रष्टाचार र अमेरिकी आर्थिक स्वार्थको पूर्ण अधीनमा थियो । फिडेल क्यास्ट्रो, चे ग्वेभारा र हजारौँ क्युवाली क्रान्तिकारीहरूसँग मिलेर त्यो पुस्ताले क्युवालाई अमेरिकी निगम र माफिया स्वार्थहरूको खेलमैदानबाट एक स्वतन्त्र राष्ट्रमा रूपान्तरण गऱ्यो, जसले लाखौँ सर्वसाधारण जनताका लागि स्वास्थ्य सेवा, शिक्षा, साक्षरता र आत्मसम्मानको सुनिश्चितता गऱ्यो ।

क्युवालाई दशकौँदेखि तारो बनाइनुको वास्तविक कारण यही हो । फिडेल क्यास्ट्रोको एउटा चर्चित भनाइ थियो -

“संयुक्त राज्य अमेरिकाकै नाकैमुनि समाजवादी क्रान्ति गरेकोमा उनीहरूले हामीलाई कहिल्यै क्षमा गर्न सक्दैनन् ।”

साठी वर्षभन्दा बढी समयदेखि संयुक्त राज्य अमेरिकाले क्युवाली क्रान्तिलाई हरेक सम्भावित माध्यमबाट तोड्ने प्रयास गरेको छ । आर्थिक घाँटी निमोठ्ने काम, कूटनीतिक एक्लोपन, हत्याका षड्यन्त्र, अस्थिरताका अभियान र अनन्त प्रतिबन्धहरू यी सबैको उद्देश्य क्युवालाई पुन: परनिर्भरता र दासतामा फर्काउनु थियो । तैपनि, क्युवा अडिग रह्यो । ठुला कठिनाइहरूका बाबजुद, समाजवादी क्युवाले यस्ता सामाजिक उपलब्धिहरू हासिल गऱ्यो जुन धनी पुँजीवादी देशहरूका ठुलो जनसङ्ख्याका लागि अझै पनि पहुँच बाहिर छन् ।

डोनाल्ड ट्रम्प र उनी वरपरका बढ्दो प्रतिक्रियावादी शक्तिहरू समकालीन अमेरिकी साम्राज्यवादको सबैभन्दा आक्रामक अनुहार हुन् । क्युवाप्रति उनीहरूको आसक्तिको ‘मानव अधिकार’ सँग कुनै सम्बन्ध छैन । क्युवा अझै पनि तारो बनिरहेको छ किनभने यसले अवज्ञाको एक ऐतिहासिक साहसलाई प्रतिनिधित्व गर्दछ । एउटा सानो देश जसले संयुक्त राज्य अमेरिकाको शक्तिको प्रतिरोध गऱ्यो र जीवित रह्यो । त्यो यथार्थले वासिङटनका साम्राज्यवादी संयन्त्रलाई अझै पनि क्रोधित बनाउँछ ।

त्यसैले, राउल क्यास्ट्रोविरुद्धको यो अभियान एउटा व्यक्तिका विरुद्ध मात्र लक्षित छैन । यो क्युवाली क्रान्तिको समग्र ऐतिहासिक वैधतामाथिको प्रहार हो । यसले साम्राज्यवादविरोधी सङ्घर्षलाई नै अपराधीकरण गर्न खोज्छ भने अर्कोतर्फ ल्याटिन अमेरिका र बाँकी विश्वमा संयुक्त राज्य अमेरिकाले गरेको हिंसा, हस्तक्षेप र प्रभुत्वको लामो रेकर्डलाई मेटाउन खोज्छ ।

तर, त्यहाँ एउटा यस्तो ऐतिहासिक स्मृति छ जसलाई साम्राज्यवादले सजिलै मेटाउन सक्दैन ।

विश्वभरका लाखौँ मानिसहरू अझै क्युवाली क्रान्तिलाई सार्वभौमसत्ता, प्रतिरोध र अन्तर्राष्ट्रिय ऐक्यबद्धताको प्रतीकको रूपमा हेर्छन् । क्युवाको बाटोका बारेमा जस्तोसुकै बहसहरू भए तापनि एउटा तथ्य निर्विवाद छ : यो क्रान्तिले विदेशी प्रभुत्वको साङ्लो तोड्यो र यो प्रमाणित गरिदियो कि एउटा सानो राष्ट्रले पनि आत्मसमर्पण नगरी साम्राज्यवादी शक्तिविरुद्ध उभिन सक्छ ।

जेसुकै भए पनि, राउल क्यास्ट्रो त्यो गौरवशाली इतिहासको हिस्सा रहिरहनेछन् । अर्कोतर्फ, प्रतिबन्ध, आक्रामकता र साम्राज्यवादी प्रभुत्वका योजनाकारहरू साम्राज्यवाद, दमन र हिंसाको लामो ऐतिहासिक रेकर्डको हिस्सा मात्र रहनेछन् ।

***स्रोत :***
*https://www .idcommunism .com*

**सिद्धान्त...**

कारण सरकार अस्थिर रहेको थियो । संसद् सञ्चालन भएदेखि सरकारको कार्यशैलीको विषयमा संसद्भित्र हङ्गामा भयो । विपक्षी दलका सांसदहरूले उठेर विरोध जनाए । कतिले बैठक बहिष्कार गरे । प्रधानमन्त्रीको संसद्मा उपस्थितिबिना नै संसद्को बैठक भयो । संसद्भित्र ‘समय’ को विषयमा विवाद भयो ।

रास्वपाबाट निर्वाचित सांसदहरू सिद्धान्त र विचारबाट भिजेका छैनन् । सिद्धान्त र विचारबाट नभिजेका मन्त्री र सांसदहरूको विचार ‘कुण्ड कुण्ड पानी मुण्ड मुण्ड बुद्धि’ भनेझैँ हुन्छ ; भइरहेको छ । उनीहरू आफूलाई लागेको कुरा बोल्छन् । उनीहरूको विचारभित्र न मार्गनिर्देश हुन्छ न त कुनै दृष्टिकोण नै हुन्छ । शासक दलका नेता, मन्त्री र सांसदहरूले आफूलाई ठुलो ठाने । त्यस्तो सोचले देश र जनताको सेवा गर्दैन । त्यस्तो सोच सामन्ती सोच हो । सामन्ती सोचले श्रमजीवी वर्गको सेवा गर्दैन । शासकहरूले गणतान्त्रिक व्यवस्थालाई संस्थागत गर्दै जनताका लागि आवश्यक हक अधिकार पाउन र ऐनकानुन बनाउन लाग्नुपर्ने हो । तर त्यस्तो कुनै सङ्केत देखिएको छैन ।

सिद्धान्त र विचारले नभिजेका र देश र जनताप्रति समर्पित नभएका सांसदहरू व्यक्तिगत स्वार्थमा केन्द्रित हुन्छन् । उनीहरू जनतालाई राजनीतिक रूपले सचेत र सुसूचित पार्ने काम गर्दैनन्, गर्न चाहँदैनन् । सरकारी र अन्य प्रचारसाधनले कहिले पनि राजनीतिक शिक्षा दिने काम गरेन; देश र जनताको सेवालाई आफ्नो कर्तव्य सम्झेर काम गरेन । सरकारको नेतृत्व गरेको दुई महिना नपुग्दै रास्वपा र वर्तमान सरकारको जनताले विरोध गर्न थाले; आफ्नो मत फिर्ता लिने बखान गरे । सारमा, यो सरकारप्रति पनि जनताको विरोध बढ्न थाल्यो । जनताले रास्वपालाई मत हालेको खेर गयो भनी प्रायश्चित गर्न थाले ।

समाजवादी गणतन्त्रमा कामदारवर्गको निम्ति राजनीतिक, आर्थिक, सांस्कृतिक र मानव अधिकार हुन्छ । सिद्धान्तत: राजतन्त्रभन्दा गणतन्त्र प्रगतिशील हुन्छ । सरकारको नेतृत्व गर्ने दल कुन वर्गको पक्षमा रहेको छ भन्ने कुरा उसको कार्यशैलीबाट थाहा हुन्छ । रास्वपाका जिम्मेवार नेताहरूले आफूहरू कम्युनिस्ट नभएको स्वीकारे । यस अर्थमा कम्युनिस्टहरूले रास्वपालाई मतदान गर्नु गलत हो; अबका दिनमा कम्युनिस्टहरूले रास्वपालाई मतदान गर्ने छैनन्; मतदान गर्नु विश्वासघातसरि हुनेछ । जनताका अमूल्य मत कहिले पनि जित्नेलाई होइन बहुमत जनताको सेवा गर्ने दललाई दिने हो । पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने दललाई श्रमजीवीवर्गका जनताले भोट हाल्नु हुँदैन । यसकारण, प्रजातन्त्रको नाउँमा पुँजीपतिवर्गको सेवा गर्ने, कम्युनिस्टको नाउँमा अवसर खोज्ने अवसरवादी, व्यक्तिवादी, संशोधनवादीहरूदेखि जहिल्यै सचेत हुनुपर्छ । अबदेखि जनता भोट बैङ्क बन्नु हुँदैन; जनतालाई भऱ्याङ बनाउने हरेक सरकारप्रति चनाखो हुनुपर्छ ।




**मौलिक...**

गठित छानबिन आयोगमा प्रहरी अधिकारीहरूले दिएको बयानमा भदौ २३ र २४ गतेको उपद्रवमा मादक र लागूपदार्थ सेवन गरेका, जेलबाट भागेका, प्रहरी सेवाबाट भागेका, गुण्डागर्दीमा लागेकाहरूले डण्डी, फ्रम्पल, खुकुरी, गुलेलीलगायत हतियार बोकेको समेत भएको उल्लेख छ ।"

ट्रम्प र नेतन्याहुको इरानमा सैन्य आक्रमणसँगै इन्धनको अभाव बढ्ने र अबको ६ महिनामा १२० प्रतिशतसम्म मूल्य बढ्ने आँकलन गरिएबाट संसारका ८० प्रतिशत गरिब जनताको जीवन थप कठिन हुने देखिएकोले खेलाडीहरूले युद्धको विरोध गर्नु जरुरी भएको सचिव सुवालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "निर्वाचन आयोगले विद्युतीय मतदान र अनलाइन मतदानको व्यवस्था हुने ऐनको मस्यौदा गरेको छ । भारत र संरा अमेरिकामा यसरी भएको मतदानमा पनि सरकार पक्षले धाँधली गरेको यस अगाडि नै सार्वजनिक भएको हो । नेपाली मतदाता सबै विद्युतीय मतदान र अनलाइन मतदान गर्न सक्ने गरी शिक्षित भएका छैनन् । सरकारले नेपालका इन्जिनियरिङ कलेजहरूलाई आवश्यक सहयोग गरी विद्युतीय मतदान उपकरण र अनलाइन मतदानको सफ्टवेयरको निर्माण गराउनु आवश्यक छ । विदेशीको भरमा विद्युतीय मतदान र अनलाइन मतदानतर्फ सरकार लाग्नु उपयुक्त होइन ।"

सचिव सुवालले भन्नुभयो, "वरिष्ठ पत्रकार प्रतीक प्रधानले केही दिनअगाडि एक सञ्चारमाध्यममा ४० वर्षयता काठमाडौँ उपत्यकामा बनेका ९० प्रतिशत घरहरू भ्रष्टाचारबाट बनेको र आजका जेनजी भनिएकाहरू कतिपय तिनका छोराछोरी भएको संवेदनशील विषय राखेकोबारे सबै सचेत हुनु आवश्यक छ ।"

सरकारले देशको सन्तुलित विकास नगरेको हुँदा मुख्य मुख्य सहरमा बसोबास बढेकोले ती सहरका मानिसको फोक्सो रातो हुनुपर्नेमा कालो भएको विज्ञहरूले बताएको उहाँले उल्लेख गर्नुभयो ।

सचिव सुवालले नेमकिपाको घोषणापत्रअनुसार भक्तपुर नगरपालिकाले खेलाडी सम्मान, सांस्कृतिक परिचयसहितको घर निर्माणमा सहयोग, आवास योजना तथा कलेज र अस्पताल सञ्चालन गर्दै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जनताको इमानदारीपूर्वक सेवा गर्ने बाहेक जनप्रतिनिधिहरूको अरू कुनै छुट्टै स्वार्थ नभएको चर्चा गर्दै भक्तपुर नपाले जनताको आलोचना र सुझावहरूलाई आत्मसात गर्दै निरन्तर सेवामा समर्पित भएर काम गरिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, भौतिक पूर्वाधार निर्माणलगायत संविधान र कानुनले दिएको अधिकारभित्र रहेर विभिन्न विकास निर्माणका कार्यहरू गर्दै आएको उल्लेख गर्दै उहाँले भक्तपुर नपाले खेलाडी र सांस्कृतिक गुरुहरूको सम्मान कार्यक्रमलाई निरन्तरता दिँदै जाने बताउनुभयो ।

उहाँले भन्नुभयो, "स्थानीय तहको स्वायत्तताको लागि हामीले लामो समयदेखि आवाज उठाउँदै आएका छौं । हरेक सरकारले स्थानीय तहलाई केन्द्रको मातहतको एउटा निकाय वा आदेश पालकको रूपमा व्यवहार गर्दै आएको छ ।"

वाग्मती प्रदेशसभा सदस्य सुजना सैंजुले भक्तपुर नगरपालिकाले गर्दै आइरहेको उदाहरणीय कार्यमध्ये खेलाडी सम्मान कार्यक्रम पनि एक हो भन्दै विद्यालयहरूको खेलमैदान नै खेलाडीको पहिलो कभर्ड हो भन्नुभयो ।

उहाँले खेलाडीको विकासमा राज्य जिम्मेवार नभएसम्म खेलकुद क्षेत्रलाई अपेक्षित रूपमा अगाडि बढाउन नसकिने धारणा राख्दै देशका प्रतिभाशाली खेलाडीहरू देश छोडेर विदेशको प्रतिनिधित्व गरी खेल्नु खेलाडीको निम्ति राज्यले प्राथमिकता नदिनु हो भन्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नपाको मापदण्डअनुसार मौलिक शैलीमा भवन निर्माण गर्नेलाई अनुदानको व्यवस्था गर्दै आएजस्तै खेलकुद क्षेत्रलाई अझ अगाडि बढाउन उद्देश्यअनुसार खेल क्षेत्रमा लाग्नेहरूलाई सम्मान गर्दै आएको बताउनुभयो ।

भक्तपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष विनोदचरण रायले वर्ष उत्कृष्ट खेलाडीहरू घोषणा गर्दै सबैलाई बधाई ज्ञापन गर्नुभयो ।

कार्यक्रममा युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले भक्तपुर नपाको खेलकुद समितिलाई सक्रिय बनाउँदै खेलाडीको मनोबल बढाउन यस किसिमका गतिविधि आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले पनि बोल्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि सुवालले भक्तपुर नगरभित्र नगरपालिकाको मापदण्डअनुसार मौलिक शैलीमा भवन निर्माण गरी निर्माण सम्पन्न प्रमाणपत्र लिएका वडा नं. १ का सन्दिपकुमार जोन्छेलाई रु. १ लाख ४१ हजार, वडा नं. ३ का सर्जुमैया अमात्य हाडा /शिवसुन्दर हाडालाई रू. १ लाख ९६ हजार, वडा नं. ५ का बुद्धलक्ष्मी मचामसीलाई रु. २ लाख ३१ हजार, वडा नं. ४ का प्रविनसिंह राठौर/सुधिरसिंह राठौर/पुरन्द राठौरलाई रु. २ लाख ९१ हजार, वडा नं. ३ का गिरीगोविन्द सिलाकारलाई रु. ३ लाख, वडा नं. ४ का इन्द्र सिंख्वाललाई रु. २ लाख ७७ हजार, वडा नं. ५ का सुनमाया खाइतुलाई रु. १ लाख ६८ हजार, वडा नं. ७ का गीतामैया न्हिसुतु प्रधानलाई रु. २ लाख ४ हजार गरी जम्मा रु. २१ लाख ११ हजार १३४ रुपैयाँ बराबर मोहडातर्फ प्रयोग हुने काठ, इँटा र फिँगटी खरिदको लागि अनुदान रकम प्रदान गर्नुभएको थियो । उत्कृष्ट खेलाडीहरूलाई सम्मान पनि प्रमुख अतिथि सुवालले नै गर्नुभएको थियो ।

**बिजुक्छेँद्वारा...**

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले भक्तपुर आफ्नो कला, संस्कृति र सम्पदाका कारण विश्वभर परिचित नगर भएको बताउँदै उहाँले नयाँ पुस्तालाई हाम्रो इतिहास र सभ्यतालाई नजिकबाट अनुभूति गराउन यस्ता संरचनाहरूको संरक्षण अति आवश्यक भएको बताउनुभयो ।

भक्तपुरका जनप्रतिनिधिहरूले नि:स्वार्थपूर्वक गरिरहेको जनताको सेवा गौरव गर्नलायक भएको बताउँदै भक्तपुर नपाले भक्तपुरको इतिहास जोगाउन व्यवस्थितरूपले काम गर्दै आएको बताउनुभयो । नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँले परिकल्पना गर्नुभएको 'सय वर्षपछिको भक्तपुर' ले साकार रूप लिँदै गइरहेको बताउँदै उहाँले सम्पदाबिनाको विकास र समृद्धि अर्थहीन हुने बताउनुभयो ।

उपप्रमुख रजनी जोशीले हाडा छेँ पुन:निर्माण कार्यलाई सम्पन्न गर्न योगदान पुऱ्याउने सबै जनप्रतिनिधि, प्राविधिक टोली, जनसमुदाय तथा सहयोगी सबैमा हार्दिक धन्यवादज्ञापन गर्दै सम्पदाले भक्तपुरको सांस्कृतिक गरिमालाई अझ उँचो बनाउने काम भएको बताउनुभयो ।

दरबार हेरचाह तथा स्मारक संरक्षण कार्यालय भक्तपुरका पुरातत्त्व अधिकृत रज्जु हाडाले ऐतिहासिक र सांस्कृतिक महत्त्व बोकेका सम्पदाहरूको संरक्षण र संवर्द्धनमा पुरातत्त्व विभागले महत्त्वपूर्ण भूमिका खेल्दै आएको बताउँदै हाडा छेँमा रहेको भित्तेचित्रलाई जोगाउन आवश्यक भएको बताउनुभयो ।

हाडा छेँ पुन:निर्माण उपभोक्ता समितिका अध्यक्ष कृष्णगोविन्द दुवालले हाडा छेँ पुन:निर्माण कार्यसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभयो । उहाँले पुन:निर्माण कार्यलाई सम्पन्न गर्न सबैको सक्रिय सहभागिता र सहकार्य महत्त्वपूर्ण भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले धन्यवादज्ञापन र वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालले स्वागत मन्तव्य राख्नुभएको थियो ।

सोही क्रममा प्रमुख अतिथि बिजुक्छेँले हाडा छेँ पुन:निर्माण गर्न योगदान गरेका उपभोक्ता समितिका पदाधिकारी, सिकर्मी र डकर्मीहरूलगायतलाई कदरपत्र वितरण गर्नुभयो । कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले भक्तपुर नगरपालिकालाई हाडा छेँ प्रदान गरेको योगदानको कदरस्वरूप मदनकृष्ण हाडालाई मायाको चिनो प्रदान गर्नुभयो ।

भक्तपुर नगरपालिकाले २०५८ सालमा मदनकृष्ण हाडासँग हाडा छेँ खरिद गरी नगरको सम्पदाको रूपमा यसको संरक्षण गर्ने उद्देश्यले हाडा छेँको पुन:निर्माण भएको हो । हाडा छेँ पुनर्निर्माण कार्यको लागि २ करोड ३५ लाख रुपैयाँको लागत इस्टिमेट गरिएकोमा १ करोड ७१ लाख रुपैयाँ मात्र खर्च भएको उपभोक्ता समितिले कार्यक्रममा जानकारी दियो ।

**एसईई...**

उहाँले विज्ञान, शिक्षा, कानुन, मानविकी, म्यानेजमेन्ट जे पढे पनि भक्तपुरमै सबै उपलब्ध भएको बताउनुभयो ।

वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले विद्यार्थीहरूलाई बधाई दिँदै शिक्षकहरूको योगदान भुल्न नहुने बताउनुभयो । उहाँले भन्नुभयो, "अब चौबाटोमा पुगेको अवस्था छ । कुन विषय पढ्ने, कता जाने भन्ने कुराको निर्णय विद्यार्थीहरूले विचार पुऱ्याएर गर्नुपर्छ । आफ्नो क्षमताअनुसार विषय छान्नुपर्छ ।"

कार्यक्रमका सभापति तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र ज्याख्वले विद्यार्थीहरूले प्राप्त गरेको उपलब्धिका पछाडि शिक्षक, कर्मचारी, अभिभावक सबैको उत्तिकै हात रहेको जनाउँदै उहाँहरूप्रति कृतज्ञता ज्ञापन गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "सफलता पाउन अरूबाट साथ लिएपछि अरूलाई पनि सफलता दिलाउन साथ दिने संस्कारको विकास गर्नुपर्छ । समाजप्रति सदा उत्तरदायी बन्नुपर्छ र हामी नम्र र कर्तव्यनिष्ठ बन्नुपर्छ । घर बलियो बन्न जग बलियो हुनुपर्छ भनेझैं आफ्नो लक्ष्य प्राप्त गर्न प्रवेश गरिने गेट सही हुनुपर्छ ।"

विद्यालयका प्रअ कृष्णप्रसाद कर्माचार्यले कुनै पनि विषय नराम्रो नहुने र यहीं पढेर विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शुल्कमा छुट दिइने र अन्य विद्यार्थीलाई नियमानुसार दिइने छात्रवृत्तिको बारेमा जानकारी गराउनुभयो ।

कार्यक्रममा, 4 GPA ल्याउन सफल सुविना श्रेष्ठ र 3.95 GPA ल्याउने अभिनव प्रजापतिले आफू विद्यालयमा पढ्दाका अनुभव र उच्च GPA ल्याउनको लागि गर्नुपर्ने अध्ययनबारे बताउनुभयो ।

विद्यालयको मा. वि. इन्चार्ज विश्वेश्वर मानन्धरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रमको अन्त्यमा विद्यार्थीलाई मायाको चिनो वितरण गरिएको थियो । औपचारिक कार्यक्रमपछि कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको समूहले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको थियो । २०८२ सालको एसईईमा वागीश्वरी माविबाट २९१ जना उत्तीर्ण भएका थिए ।

**एकक्षण** **प्रधान**

# विध्वंश होइन विश्व शान्ति आवश्यक छ !

'समाजवाद' 'गरिबी हटाऊ' 'गाँस, बास र कपास' जस्ता निर्वाचनको नाराबाट जनता वाक्क दिक्क भए- पहिले पहिले पसल पसलमा सानो कालोपाटीमा लेखिएको 'आज नगद, भोलि उधारो !' जस्तै । जनतालाई छल्ने र सिधा-सादा जनतालाई मूर्ख बनाएर भोलि 'आफ्नै घुँडामा बञ्चरो' मा पर्नेछ । 'बहुदलीय नयाँ समाजवाद' को नाम दिएर घुमाइफिराइ 'पुँजीवादी प्रजातन्त्र' लाई जनताको टाउकोमा बजार्ने काम गर्ने नारा हरेक नेपाली बुद्धिजीवीहरूले अनुभव गरेका होलान् ।

जनतालाई ढाँट्ने कार्यकर्ता, नेता र राजनैतिक दलले पछि थाहा पाउनेछन्- तिनीहरूले आफैमाथि विश्वासघात हुँदै छ । हिजो मतदाता, जनता र बुद्धिजीवीहरूलाई छकाउने नारा दिने दलहरूमा भित्री नेतृत्वको झगडा र हानथाप देखाए सैद्धान्तिक विश्वासघातलाई लुकाउँदै छन् । यसको पनि केही दिनपछि उदाङ्गिनेछ । जात, क्षेत्र, भाषा र भेदभावको विषय प्रचारलाई आजका जनताले पत्याउन छोडेको प्रस्ट भयो ।

विदेशी रकम र सरकारका विभिन्न प्रशासनिक संस्था र व्यक्तिलाई घर घरमा पठाएर अन्य दलहरूको जे जस्ता गैरसैद्धान्तिक राजनैतिक प्रचार गरेकाहरूलाई आज त्यस्तै जालझेललाई 'मोबाइल' बाटै प्रहार गरेको वाणबाट हिजोका 'मै हुँ' भन्ने दलहरू घाइते भएर भर्खर भर्खर उठ्दै छन् ।

सबै दलहरूले झूट र फट्याइँको बाटो छोडी सफा र सैद्धान्तिक राजनीति (जनताको सेवा) मा समर्पित भएमा देश र जनतालाई कुनै घात हुनेछैन भन्ने पक्का छ !

देशको राजनीतिलाई फोहर पार्ने काम निर्वाचनबाट भइ आएको हो भन्नेबारे अब कुनै भ्रम रहेन । झूटो प्रशंसा, तारिफ र खुसामदी छल गर्नेहरूबारे आ-आफ्नै दलका कति उम्मेदवारहरू झस्केका छन् भने कति पार्टी नेताहरू आफ्नै कार्यकर्ताहरूको बचनवाणबाट थला परेका छन् । प्रजातन्त्रमा सङ्कट आउँदा जनतासँग माफी माग्ने र सल्लाह गर्नुलाई तुच्छ सम्झने दम्भीहरूले भर्खर आफ्ना अपराधहरूको पश्चताप गर्दै छन् । अचम्म त के हो भने संसारका सबै दम्भी शासकहरू नेपालका राणाहरूदेखि बेलायती, अमेरिकी, फ्रान्सेली, नेपोलियन, हिटलर र मुसोलिनी पनि समयमा जनताका आवाज अस्वीकार गर्दा शत्रुकै सामुन्ने घुँडा टेक्नुपऱ्यो, दुखान्त भोग्न बाध्य भए । आज पनि जतिसुकै शक्तिशाली भए पनि युगसँग सामीप्य राख्न अस्वीकार गर्नेहरूको भविष्य इतिहासकै फोहर फाल्ने भाँडोमा फालिनेछन् ।

आज स-साना देश, जाति, भाषाभाषी राष्ट्र र राज्यहरूलाई समेत कठपुतलीको संज्ञा दिएर मानिसलाई घाँस सम्झने अहङ्कारी र अतिराष्ट्रवादी र वडाराष्ट्रवादी अहङ्कारवादीहरू भोलि तिनीहरू पनि पुराना अपराधीहरू जस्तै इतिहासको फोहर फाल्ने ठाउँमा पुग्नेछन् ।

भन्ने गरिन्थ्यो, - मानिसले सभ्यताका अनेक चरणहरू पार गरे, "विश्वशान्तिको भावनाले संसारलाई पुन: नयाँ सभ्यताको चरणमा पुऱ्याउनेछ । आशा र इच्छा अत्यन्त सकारात्मक विषय हो । तर, गाजामा भएको नरसंहार, बालबालिकाको हत्या र हिंसा, महिलाहरूलाई छानी छानी हत्या गर्नु भने कहाँको कुन युगाको सभ्यता हो भनी मानिसहरू विचार मग्न छन् । तर संरा अमेरिकी राष्ट्रपति ट्रम्पको सहयोग र सङ्केत नपाई इजरायली प्रम न्यातन्याहुको त्यो आँट र फूर्ति कहाँबाट आउँथ्यो ।

साँचो अर्थमा धर्म र सभ्यताको अध्ययनलाई थप कक्षाकोठादेखि जनतासम्म फेरि घर घरमा पुऱ्याउनुपर्ने देखिन्छ । निश्चय पनि मानिसको विवेकमाथि विर्को लाग्यो भने सभ्य मानिसको केही नलाग्दो रहेछ !

नेपालको राजहंस र उल्लुको बारे नयाँ पुस्तालाई सरस्वती र लक्ष्मीका बहानहरूबारे बताउनु आवश्यकताको आज अनुभव हुन्छ । राजहंसले पानी र दूधलाई छुट्याउँछ । अर्थात् विवेकको प्रतिनिधित्व गर्छ भने उल्लु लक्ष्मीको वाहन सम्पत्ति, वैभव, अपार धन र शक्तिको प्रतीक हो ।

त्यसको व्यावहारिक परिणाम हो- युद्ध, विश्वास, विवेकहीनता र असभ्यता ! यसकारण, हामी 'उल्लु' भन्दा राजहंस अर्थात् विवेक र शक्तिलाई रोज्नु आजको माग हो ।

सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं

❖ सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं,
❖ आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं,
❖ घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं,
❖ पर्व-उत्सवहरू मिलेर मनाऔं,
❖ अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
❖ संवाद र सहकार्यबाट विवाद समाधान गरौं,
❖ शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं ।

विविधतामा एकता भन्ने भावना विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३